# प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम: TVET प्रोफाइल
# कोशी प्रदेश

**प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**कोशी प्रदेश, विराटनगर**
**२०८२, मंसिर**

# कृतज्ञता

प्रादेशिक TVET प्रोफाइलको तयारी प्राविधिक रूपमा "युवाहरुकालागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (क्वालिटी)" परियोजनाद्वारा सहयोग रहेको थियो । QualiTY परियोजना नेपाल सरकार र स्विट्जरल्याण्ड सरकारबीचको द्विपक्षीय परियोजना हो। संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (MoEST) र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) ले परियोजनाका कार्यक्रमहरु कार्यान्वयन गर्दछ । त्यसैगरी, प्रदेशहरुमा सामाजिक विकास/शिक्षा मन्त्रालय (MoSD/E) ले परियोजनाका कार्यक्रमहरु कार्यान्वयन गर्दछ । स्वीस विकास तथा सहयोग संस्था (SDC) को तर्फबाट, स्वीस कन्ट्याक्ट- स्वीस फाउण्डेसन फर टेक्निकल कोअपरेशनले QualiTY परियोजनालाई प्राविधिक सहयोग प्रदान गर्दछ । QualiTY परियोजनाको अनुरोधमा, National Institute for Research and Training (NIRT) -राष्ट्रिय अनुसन्धान एजेन्सीले-TVET प्रोफाइलको तथ्याङ्क सङ्कलन, विश्लेषण, प्रतिवेदन लेखन र लेआउट डिजाइन र निर्माण गर्नलाई सहयोग प्रदान गरेको थियो। यस कार्यमा सहयोग गर्ने माथि उल्लेखित सबै संघसंस्था तथा यो प्रादेशिक TVET प्रोफाइल निर्माण कार्य समितिका सम्पूर्ण सदस्यहरु, सम्पूर्ण उद्योग संघ, संगठन र प्रतिष्ठानका प्रमुख तथा प्रतिनिधिहरु, उद्योगी/व्यवसायीहरु, शिक्षालय/विद्यालयका प्रधानाध्यापक तथा प्राचार्यहरु, प्राथमिक तथ्याङ्क संकलन कार्यका लागि फिल्डमा खटिनुभएका गणकहरु तथा यस कार्यमा संलग्न सम्पूर्ण व्यक्तित्वहरुमा सामाजिक विकास मन्त्रालय कोशी प्रदेश हार्दिक कृतज्ञता प्रकट गर्दै यहाँहरुका अमूल्य सुझावको अपेक्षा गर्दछ। समयको गतिसँगै परिवर्तन हनु सक्ने तथ्य तथ्याङ्कहरुलाई नियमित रुपमा संशोधन गर्दै जाने प्रतिवद्धता सहित प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमको क्षेत्रमा यो प्रोफाइले महत्वपूर्ण योगदान पुर्याउने विश्वास मन्त्रालयले लिएको छ।

# प्रादेशिक TVET प्रोफाईल- कार्यकारी सारांश

## कोशी प्रदेश

कोशी प्रदेश नेपालको सबैभन्दा पूर्वी प्रदेश हो, जसको सीमाना पूर्व र दक्षिणमा भारत, उत्तरमा चीन, पश्चिममा मधेश र बागमती प्रदेशसँग जोडिएको छ। यो प्रदेश हिमाल, पहाड, र तराई क्षेत्र समेट्ने भौगोलिक विविधतायुक्त क्षेत्र हो। २५,९०५ वर्ग कि.मी. क्षेत्रफल ओगट्ने यस प्रदेशले देशको कुल क्षेत्रफलको १७.५५% हिस्सा ओगट्छ। भूगोलको हिसाबले यस प्रदेशको सबै भन्दा ठुलो र सानो जिल्ला क्रमशः ताप्लेजुंङ र तेह्रथुम रहेका छन्। सगरमाथा लगायत आठ हजार मिटरभन्दा माथिका ६ हिमालहरू यहीँ रहेका छन्, जसले पर्यटकीय महत्व बढाएको छ। धार्मिक स्थलहरू जस्तै पाथीभरा, बराहक्षेत्र, हलेसी महादेवस्थान क्षेत्र र बुढासुब्बा लगायत थुप्रैले यस प्रदेशको धार्मिक पर्यटनलाई प्रवर्द्धन गरेका छन्। कृषिमा सम्भावनायुक्त कोशी प्रदेशले नेपालको ९९.२% चिया र २९.३% मकै उत्पादन गर्दछ। साथै यस प्रदेशको ४३.३% भू-भाग वनले ढाकेको छ भने १९३.२ मेगावाट विद्युत् उत्पादन हुँदै आएको छ। मुलुकको कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान १५.७% छ। यस प्रदेशमा १४ जिल्ला अन्तर्गत १३७ स्थानीय तहहरू रहेका छन् भने यस प्रदेशको राजधानी विराटनगर हो ।

२०७८ को जनगणना अनुसार यहाँ ४९.७२ लाख मानिस बसोबास गर्छन्। यस प्रदेशमा १२२ जातीय समुदाय र ९३ मातृभाषा छन्, जसमा नेपाली, मैथिली, लिम्बु, थारू, र बान्तवा प्रमुख रहेका छन्। कोशी प्रदेशमा ४४० प्राविधिक शिक्षालयहरु रहेका छन्, जसले सीपमूलक प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी अन्तरिक तथा बाह्य वजारको माग अनुसारका विभिन्न कार्यक्रम सञ्चालन गर्दछन् ।

## राष्ट्रिय र प्रादेशिक विकास सूचकहरू

यो प्रोफाइल कोशी प्रदेशको सामाजिक विकास मन्त्रालय (MoSD) द्वारा सम्बन्धित प्राविधिक शिक्षालय /विद्यालय र उद्योगहरूवाट सङ्कलित प्राथमिक तथ्याङ्क, दोस्रो स्रोतका तथ्याङ्क र सम्बन्धित सरोकारवालासँगको विस्तृत परामर्शको संयोजनबाट तयार गरिएको हो। प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम (TVET) सम्बन्धी प्रमुख विकास सूचकहरू, जस्तै जीडीपी वृद्धिदर, पूर्ण गरिबी दर, रोजगारी दर, साक्षरता दर, र TVET उत्तीर्ण दर, राष्ट्रिय औसतको तुलनामा कोशी प्रदेशमा राम्रो देखिएको छ। साथै, प्रतिव्यक्ति आय, मानव विकास सूचकांक (HDI), र स्थानीय तहमा संस्थागत पहुँचजस्ता सूचकहरू राष्ट्रिय मापदण्डभन्दा केही अगाडि नै रहेका छन् तथापी बेरोजगारी दर भने राष्ट्रिय औसतभन्दा केही बढी रहेको छ। साथै, सम्बन्धित तथ्याङ्कको समीक्षा गर्दा TVET कार्यक्रम सञ्चालन गर्ने संस्थाहरूको असमान वितरणले TVET अवसरहरूमा समान पहुँचलाई केही सीमित गरेको देखिन्छ।

यस प्रदेशले हालसम्म आफ्नै समग्र TVET नीति, रणनीति, नियम, र कानुनहरू तयार गरेको छैन। साथै, TVET सम्बन्धी नीतिहरू र कार्यक्रमहरू प्रभावकारी रूपमा व्यवस्थापन गर्न आवश्यक संस्थागत संरचनाहरू पूर्ण रूपमा स्थापना भइसकेका छैनन्। यद्यपि, प्राविधिक संस्थाहरूको पूर्वाधार स्तरोन्नति, प्रशिक्षक तालिम, छात्रवृत्ति कार्यक्रम, र जनचेतना अभिवृद्धि जस्ता गतिविधिहरू नियमित रूपमा मन्त्रालयको तर्फवाट र TVET क्षेत्रमा काम गर्ने SDC तथा अन्य विकास साझेदार संस्थाहरुको सहयोगमा कार्यान्वियन भइरहेका छन्। यी प्रयासहरूलाई सशक्त पार्दै एक व्यवस्थित TVET संरचना विकास गर्नु र प्रदेशमा प्राविधिक शिक्षा र व्यावसायिक तालिमको पहुँच, समानता, र समग्र प्रभावकारिता बढाउन अत्यावश्यक हुनेछ।

## जनसाङ्खिकीय तथा TVET विवरण

- **जनसाङ्ख्यिकीय संरचना:** कोशी प्रदेशको जनसङ्ख्या ४,९६१,४१२ छ, जुन नेपालको कुल जनसङ्ख्या को १७% हो। औसत परिवारको आकार ४.२ छ भने महिलाहरूको जनसङ्ख्या ५१.३% रहेको छ।
- **उमेर र लिंग वितरण:** ०-१९ वर्ष समूहमा पुरुषको संख्या बढी छ, जसमा वृद्धावस्थामा महिलाहरूको संख्या उल्लेख्य छ।

- **जातीय संरचना:** कोशी प्रदेशमा प्रमुख जातीय समूहहरूमा क्षेत्री (१५%), ब्राह्मण- पहाडी (११.६%), राई (१०.२%), र याक्थुङ/लिम्बू (७.८%) रहेका छन् । राजबंशी, धिमाल, झाँगड, सतार, हायु र लेप्चा लगायतका आदिवासी जनजातिहरुको बसोबास यो प्रदेशमा रहेको छ ।
- **आर्थिक गतिविधि:** १४ वर्षभन्दा माथिको जनसंख्याको करिब ७१% आर्थिक रूपमा सक्रिय छन्, जसमा महिलाहरूको सहभागिता ४८.२% छ ।
- **रोजगारी अवस्था:** आर्थिक रूपमा सक्रिय जनसंख्यामा ४९% रोजगारीमा छन्, २.७% बेरोजगार छन्, र १९.३% निष्क्रिय छन् । महिलाहरूको रोजगारी दर पुरुषहरूको तुलनामा कम छ ।
- **रोजगारीको क्षेत्रगत वितरण**: रोजगारी नियमित ज्याला, स्वरोजगार र अनौपचारिक श्रममा विभाजित छ, जहाँ महिलाहरूको सहभागिता अनौपचारिक र अवैतनिक श्रममा बढी छ ।
- **शैक्षिक अवस्था:** साक्षरता दर बढ्दै गएको भए, महिलाहरू उच्च शिक्षामा, विशेष गरी प्राविधिक र व्यावसायिक क्षेत्रमा, पुरुषहरूभन्दा पछि छन् ।
- **आर्थिक निष्क्रियता:** करिब २८.९% जनसंख्या आर्थिक रूपमा निष्क्रिय छन्, जसमा महिलाहरूको अनुपात बढी छ, मुख्यतः घरायसी जिम्मेवारीका कारण हो ।
- **उमेर समूह र आर्थिक सहभागिता:** २५-४९ वर्ष उमेर समूहमा आर्थिक गतिविधि उच्च छ, जबकि युवा (१५-२४ वर्ष) समूहमा बेरोजगारी दर बढी छ ।
- **वैदेशिक रोजगारी:** कोशी प्रदेशका धेरै युवा वैदेशिक रोजगारीमा निर्भर छन्, विशेष गरी खाडी मुलुक र मलेसियामा रहेका छन जसमा महिलाको दाँजोमा पुरुषहरूको संख्या बाहिरी देशको रोजगारमा बढी संलग्नता रहेको छ ।
- **गरिबी र जीविकोपार्जन:** प्रदेशको कृषि मुख्य जीविकोपार्जनको माध्यम भएता पनि ग्रामीण क्षेत्रहरूमा गरिबी दर उच्च रहेको छ । साथै, सीमित औद्योगीकरण र रोजगारीका अवसरको अभावले गरिबी न्यूनीकरणमा चुनौती सिर्जना गरेको छ ।
- **महिला उद्यमशीलता र स्वायत्तता:** महिलाहरू घरेलु तथा साना उद्यमहरूमा संलग्न भए पनि उनीहरूको वित्तीय पहुँच सीमित छ । बैंकिङ प्रणालीमा पहुँच अभाव, स्वामित्व तथा सम्पत्तिमा सीमित अधिकारका कारण महिलाहरूको आर्थिक स्वायत्तता सीमित देखिन्छ ।

**TVET कार्यक्रमको अवस्था**

- **संस्थागत पहुँच:** कोशी प्रदेशमा लामो अवधिका TVET कार्यक्रम संचालन गर्ने प्राविधिक शिक्षालय कुल २२५ वटा छन्, जुन नेपालभरका १६६५ मध्ये १३.५% हो । यी शिक्षालयहरूको कुल १६,१५४ जना प्रशिक्षार्थीहरूको भर्ना क्षमता रहेको छ ।
- **पालिकागत पहुँच:** कोशी प्रदेशका १२३ पालिकामा कुनै न कुनै प्रारूपमा TVET शिक्षालयहरू सञ्चालनमा छन्, तर १४ पालिकामा TVET को संस्थागत पहुँच छैन । ताप्लेजुङ जिल्लाका सबैभन्दा धेरै पालिकाहरूमा पहुँच छैन ।
- **भर्ना दरको अवस्था:** कोशी प्रदेशका शिक्षालयहरूमा वार्षिक भर्ना क्षमता १६,१५४ भए पनि हालसम्म पूर्ण रूपमा उपयोग हुन सकेको छैन । आर्थिक वर्ष २०८०-८१ मा जम्मा ४८८५ जना मात्र भर्ना भएका छन् ।
- **निजी र सरकारी संस्थाहरू:** प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) द्वारा चार प्रकारका शिक्षालय सञ्चालनमा छन्-आङ्गिक शिक्षालय, साझेदारी शिक्षालय, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम र सम्बन्धन प्राप्त नीजि शिक्षालयहरू । त्यस्तै, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (CHERD) अन्तर्गत विद्यालयहरुमा प्राविधिक धार (९-१२) सन्चालनमा रहेका छन् ।

- **अनौपचारिक तालिम:** CTEVT ले १४० घण्टा देखि १६९६ घण्टासम्मका तालिमहरू सञ्चालन गरेको छ। हाल कोशी प्रदेशमा २१५ वटा छोटो अवधिका तालिम सन्चालन गर्ने सस्थाहरू CTEVT बाट सम्बन्धन प्राप्त छन् ।
- **सीप परीक्षणको अवस्था:** हालसम्म NSTB बाट ३१४ वटा सीप प्रमाणीकरण पाठ्यक्रम निर्माण गरिएका छन्, र ७०३,८५३ व्यक्तिहरूको सीप परीक्षण गरिएको छ जसमध्ये कोशी प्रदेशमा १९.९% सीपयुक्त व्यक्तिहरू पछिल्लो ५ वर्षमा सीप परीक्षणमा सहभागी भएका छन्।
- **लैङ्गिक सहभागिता:** सीप परीक्षणमा सहभागीमध्ये महिलाको सङ्ख्या (५३.९%) पुरुष (४६.१%) भन्दा बढी रहेको छ, जसले महिलाहरूको बढ्दो संलग्नतालाई देखाउँछ।

**TVET, रोजगारी र सीपको माग**

- **कोशी प्रदेशमा आर्थिक प्रतिष्ठानहरू**: राष्ट्रिय आर्थिक गणना २०७५ का अनुसार प्रदेशमा १,६८,४१८ आर्थिक प्रतिष्ठान सञ्चालनमा छन्, जसमा ५४४,०७९ जनशक्ति संलग्न छन्, पुरुषको सहभागिता ५९.६% र महिलाको ४०.४% रहेको छ।
- **उद्योगहरूको संख्या र प्रकार:** उद्योग विभागमा दर्ता भएका ८९८ उद्योगमध्ये ८३.२% उत्पादनमूलक, ७.१% सेवामूलक, ४.४% कृषि तथा वनजन्य र अन्य ऊर्जामूलक, पूर्वाधार तथा पर्यटन क्षेत्रका उद्योगहरू छन्।
- **रोजगारी सृजना गर्ने उद्योगहरू:** कोशी प्रदेशका उद्योगहरूले कुल ८२,६९० जना रोजगारी सिर्जना गरेका छन्, जसमा मझौला उद्योगहरूले सबैभन्दा बढी रोजगारी दिएका छन्।
- **प्राविधिक शिक्षा तथा तालिम (TVET) स्नातकहरू:** TVET स्नातकहरू विभिन्न क्षेत्रका रोजगारीमा संलग्न छन्, तर रोजगारी दर विषयअनुसार फरक छ। स्वास्थ्य (६७.८%), होटल व्यवस्थापन (६६.७%), र इन्जिनियरिङ (५९.५%) क्षेत्रमा रोजगारी दर उच्च छ भने - कृषिमा रोजगारी दर ४०.३% र खाद्य प्रबिधिमा ४३.२% रहेको छ।
- **रोजगारीको अवस्था र प्रभावकारिता:** करिब ६०% TVET स्नातकहरू अध्ययनसँग सम्बन्धित रोजगारीमा संलग्न छन्, तर सबै विषयका स्नातकहरूलाई पूर्ण रोजगारी प्राप्त गर्न चुनौती रहेको छ।
- **बजारमा उच्च माग भएका सीपहरू:** निर्माण, वाइरिङ, होटल व्यवस्थापन, सूचना प्रविधि, र अटोमोबाइल क्षेत्रमा TVET स्नातकहरूको रोजगारी दर उच्च रहेको छ।
- **छोटो अवधिको तालिमका प्रभावहरू**: Arc Welder, Building Electrician, Agriculture Technician, र Refrigeration Mechanic जस्ता सीपहरूको रोजगारी दर ८०% भन्दा माथि रहेको छ।
- **सीप परीक्षण उत्तीर्ण स्नातकहरूको रोजगार दर:** राष्ट्रिय सीप परीक्षण समितिको अध्ययन अनुसार इ.स.२०२१/२२ मा उत्तीर्ण स्नातकहरूको रोजगारी दर उच्च रहेको छ, विशेषगरी अतिथि सत्कार (Hospitality), इलेक्ट्रीसियन, सूचना प्रविधि, र अटोमोबाइल क्षेत्र प्रमुख हुन्।
- **सीप र बजार मागको असन्तुलन**: रोजगारीको अवसर भएतापनि TVET स्नातकहरूको सीप र उद्योगको मागबीच असमानता रहेको छ। यसले श्रम बजारलाई प्रभावित गरेको छ।

**प्रमुख सूचकहरू**

कोशी प्रदेशका हालको सूचकहरुको तथ्याङ्कहरूलाई निम्न तालिका अनुसार तयार गरिएको छ।

| सूचकहरू | कोशी प्रदेश | नेपाल |
|---|---|---|
| कुल घरेलु उत्पादन (GDP) वृद्धिदर (%) | ३.५% | ३.५% |
| निरपेक्ष गरिबी दर (%) | १७.१९% | २०.२७% |
| बहुआयामिक गरिबी दर (%) | १५.९०% | २०.३% |
| जिनी गुणांक (Gini Coefficient) | | ०.३% |

| | | |
|---|---|---|
| **प्रति व्यक्ति आय (USD)** | १३३६% | १४३४% |
| **मानव विकास सूचकांक (HDI)** | ०.६२% | ०.६०१% |
| **बेरोजगारी दर (%)** | १०.०% | ७.०% |
| **साक्षरता दर (%)** | ७९.७% | ७६.२% |

*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली काठमाण्डौ*

यसका साथै यस प्रतिवेदनमा कोशी प्रदेशका प्राविधिक तथा व्यावसायिक शिक्षालय (TVET) र उद्योगहरूबाट संकलित प्राथमिक तथ्याङ्कको विश्लेषण गरिएको छ। यस अध्ययनले प्रदेशभरका १४ जिल्लाहरूमा ११८ TVET संस्था र १८९ उद्योगहरूको सर्वेक्षणमा आधारित विस्तृत डेटा प्रस्तुत गर्दछ। प्राथमिक तथ्याङ्क संकलनको लागि KOBO Toolbox जस्ता डिजिटल उपकरणहरू प्रयोग गरिएको छ भने डेटाको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परीक्षण (QC) पनि गरिएको छ। उद्योग सर्वेक्षणका अनुसार, कोशी प्रदेशमा मझौला उद्योग (३०.७%) र ठूला उद्योग (२६.५%) को प्रतिनिधित्व बढी देखिएको छ। मोरङ, झापा, र सुनसरी जस्ता जिल्लाहरूमा औद्योगिक गतिविधि धेरै भएतापनि तेह्रथुम, भोजपुर, र धनकुटा जस्ता जिल्लाहरूमा यसको सीमितता देखिन्छ। उद्योगहरूमा स्वामित्वको हिसाबले प्राइभेट लिमिटेड (४४%) र एकल स्वामित्व (३१%) को बाहुल्यता रहेको छ भने सरकारी स्वामित्वका उद्योग ४ वटा मात्र रहेका छन्।

कर्मचारीहरूमा लैङ्गिक असमानता पनि प्रमुख चुनौती हो, जहाँ महिला कर्मचारीको प्रतिशत २६% मात्र रहेको छ। यसबाहेक, ५१% कर्मचारी अदक्ष (शारीरिक श्रम) छन् भने ३४% मात्र व्यावसायिक सीपयुक्त छन्। उद्योगहरूले सीपयुक्त जनशक्तिको अभाव (५३%) महसुस गरेका छन् जसमा विशेष गरी इलेक्ट्रिकल प्राविधिक, मसिन अपरेटर, र केमिस्ट जस्ता पेशामा यो अभाव बढी देखिएको छ। यसको प्रमुख कारण वैदेशिक रोजगारीमा पलायन, शिक्षा र सीपको कमी, र न्यून तलब रहेको पाइएको छ।

तथ्याङ्क प्राप्त भएका TVET संस्थाहरूको विश्लेषण गर्दा प्राविधिक धार(९-१२) अन्तर्गतका शिक्षालयहरू सबैभन्दा बढी (४५%) छन् भने टेक्स (TECS) विद्यालयहरू (२६%) छन्। जिल्लागत रूपमा मोरङ र झापा जिल्लामा TVET संस्थाहरूको सङ्ख्या तुलनात्मक रूपमा बढी छ तर ती जिल्लामा पनि सरकारी शिक्षालयहरू केवल ६% र निजी शिक्षालयहरू १३% मात्र रहेको पाइन्छ। यो तथ्याङ्कले सरकारी क्षेत्रको पहुँच सीमित रहेको सङ्केत गर्छ। अधिकांश शिक्षालयहरूमा भवन र अन्य पूर्वाधारको अवस्था सन्तोषजनक भए पनि ५०% भन्दा बढी संस्थामा पुस्तक, उपकरण र तालिमका सामग्रीको अभाव एक गम्भीर चुनौतीको रूपमा देखिएको छ।

प्रशिक्षकको सङ्ख्या विश्लेषणले ८०% पुरुष प्रशिक्षक रहँदा २०% मात्र महिला प्रशिक्षक हुनुले लैङ्गिक असन्तुलन प्रस्टै देखिन्छ। प्रशिक्षकहरूको औद्योगिक अनुभवसम्बन्धी विश्लेषण गर्दा ४९% प्रशिक्षकहरूसँग दुई वर्षभन्दा बढीको व्यावसायिक अनुभव छ भने २२% प्रशिक्षकहरूमा एक वर्षभन्दा कम अनुभव रहेको पाइएको छ। शिक्षालयहरूमा कार्यक्रम सञ्चालनको अवस्था पनि सीमित देखिन्छ। ६०% शिक्षालयहरूले केवल एक कार्यक्रम मात्र सञ्चालन गरिरहेका छन्। यद्यपि, कार्यस्थलमा आधारित सिकाइ (Apprenticeship/OJT) जस्ता असल अभ्यासहरू ८१% शिक्षालयहरूले अपनाएका छन् जुन सिकाइको गुणस्तर अभिवृद्धिमा सकारात्मक पक्ष हो।

यस अध्ययनले कोशी प्रदेशमा TVET र उद्योग क्षेत्रबीच सीप खाडल (skill gap) रहेको, लैङ्गिक असमानता, पूर्वाधारको अभाव र उद्योगसँगको समन्वयको कमी जस्ता चुनौतीहरू उजागर गरेको छ। यसका समाधानका लागि निम्न कदमहरू आवश्यक छन्: उद्योगको माग अनुसारका तालिम कार्यक्रमहरू विकास गर्ने, महिला सहभागिता बढाउने, पूर्वाधार र सामग्रीको विकास गर्ने, र उद्योग तथा TVET संस्थाहरूबीच समन्वय तथा सहकार्य बढाउने। यसले प्रदेशको आर्थिक विकासमा TVET को भूमिका बलियो बनाउन मद्दत गर्नेछ।

# विषयसूची


कृतज्ञता........................................................................................ ii

Error! Bookmark not defined. प्रादेशिक TVET प्रोफाईल- कार्यकारी

सारांश................................................................ iii संक्षिप्त रुपहरू

(Acronyms)...................................................................... xii

परिच्छेद १.........................................................................................................१

परिचय (Introduction)............................................................................................१

१.१ प्रदेशको परिचय (Introduction of Province).............................................................१

१.२ नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम (Technical Educational and Vocation Training in Nepal)...........................................................................................................२

१.२.१ अनौपचारिक विकासक्रम (Informal Development Phase).............................................२

१.२.२ औपचारिक विकासक्रम (Formal Development Phase)................................................३

१.३ कोशी प्रदेशमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम (TVET) प्रोफाइलको आवश्यकता (Need of the TVET Profile)..............................................................................................................४

१.४ प्रादेशिक TVET प्रोफाइल निर्माणको उद्देश्य (Objectives of the Profile)..................................५

१.५ TVET प्रोफाइल निर्माणको विधि (Profile Development Methodology)...............................५

१.६ अध्ययनको सीमा (Limitations of the Study)...............................................................७

परिच्छेद-२.......................................................................................................८

श्रम सम्बन्धी जनसङ्ख्या (Labor Force)........................................................................८

२.१ जनसांख्यिकीय विवरण (Characteristics of the Population)..............................................८

२.२ उमेर र लिङ्गका आधारमा जनसङ्ख्या विवरण (Population by Age and Sex)..............................८

२.३ जतियताको आधारमा प्रदेशको जनसङ्ख्या विवरण (Population by Ethnicity)...............................९

२.४ साक्षर जनसंख्याले उत्तीर्ण गरेको तह अनुसारको विवरण (Population by their Education Level)..................१०

२.५ आर्थिक सक्रियताका आधारमा जनसङ्ख्याको वर्गिकरण (Economically Active Population)....................१०

परिच्छेद ३.......................................................................................................१८

प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम (Technical and Vocational Education and Training)............१८

३.१ पृष्ठभूमि (Background)........................................................................................१८

३.२ औपचारीक प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम (Formal Training and Education)....................१८

३.२.१ औपचारीक प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँचको अवस्था (Access to Formal Programs).............१८

३.१.२ स्थानीय तहहरूमा शिक्षालयहरूको संस्थागत पहुँच (TVET Access in Local Levels)..............................२०

३.२ अनौपचारिक प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम (Non-formal TVET).................................२२

३.२.१ सीप परीक्षण सम्वन्धी अवस्था (Status of the Skill Test)......................................................२३

परिच्छेद ४.......................................................................................................२५

उद्योग र रोजागारदाता (Industry and Employer)..............................................................२५

४.१ उद्योग र रोजागारदाता (Industry and Employer) ........ २५
४.१.१ आर्थिक प्रतिष्ठानहरूको सङ्ख्या (Number of Financial Institutions)........ २५
४.१.१ उद्योग विभाग अन्तर्गत दर्ता भएका उद्योगको विवरण (Information of industries registered in the Department of Industry)........ २६
४.२ उत्पादनको रोजगारीको अवस्था (Condition of graduates Employment)........ २८
४.३ बजारमा उच्च माग भएका सिपयुक्त जनशक्तिको विवरण (Information of highly demanded Skilled human resources in the market)........ २९
४.४ औद्योगिक माग सर्वेक्षणबाट उच्च माग देखिएका प्रमुख पेशाहरू (Highly demanded occupations found from Industrial need Survey)........ ३१
प्राथमिक तथ्याङ्कको विश्लेषणबाट प्राप्त नतिजा (Findings from Primary Data)........ ३५
औद्योगिक प्रतिष्ठान सर्वेक्षण (Industrial Survey)........ ३६
५.१ नमुना छनौटमा परेका उद्योग (Selected Sample Industries) ........ ३६
५.२ उद्योगमा कार्यरत जनशक्ति (Human Resources Working in the Industry)........ ३८
५.३ उद्योगमा सीपको माग र आपूर्ति (Demand and Supply of skill in the Industry)........ ४०
५.४ नमुना छनौटमा परेका शिक्षालयहरू (Selected sample institutes) ........ ४२
५.५ शैक्षिक तथा तालिम पूर्वाधार (Educational and Training infrastructure)........ ४३
५.६ प्रशिक्षक (Instructors) ........ ४३
५.७ कार्यक्रम सङ्ख्या (Number of Programs)........ ४५
५.८ असल अभ्यासहरू (Good Practices) ........ ४६
परिच्छेद ६........ ४८
निश्कर्ष र सुझाव (Conclusion and Suggestion) ........ ४८
६.१ निष्कर्ष (Conclusion)........ ४८
६.२ सुझावहरू (Suggestions) ........ ४८

# तालिका सूची


तालिका १  नेपाल र कोशी प्रदेशको जनसङ्ख्याको तुलना ........ 8
तालिका २  पाँच वर्ष उमेर समूह र लिङ्गका आधारमा जनसङ्ख्या विवरण ........ 8
तालिका ३  जात तथा लिङ्गका आधारमा कोशी प्रदेशको जनसङ्ख्या विवरण ........ 9
तालिका ४ कोशी प्रदेशमा साक्षर जनसंख्याले उर्त्तिण गरेको तह अनुसारको विवरण ........ 10
तालिका ५  आर्थिक सक्रियताको आधारमा १० वर्ष वा सो भन्दा माथि उमेर समूहमा कोशी प्रदेशका जनसङ्ख्या विवरण ........ 10
तालिका ६  आर्थिक क्रियाकलापमा संलग्नताको स्थिति ........ 11
तालिका ७  जनसङ्ख्याको प्रकृति (सक्रिय, निष्क्रिय, रोजगार, बेरोजगार आदि) अनुसार जनसङ्ख्या विवरण ........ 11२
तालिका ८  लिङ्ग र उमेरको आधारमा आर्थिक रूपले सक्रिय जनसङ्ख्या विवरण वर्ष माथि उमेर समूह १०)) ........ 12
तालिका ९  औद्योगिक वर्गीकरण अनुसार आर्थिक कार्यमा संलग्न जनसंख्या ........ 13
तालिका १०  आर्थिक काममा संलग्न व्यक्तिहरूको पेशागत वर्गीकरण ........ 14
तालिका ११  औपचारिक तथा अनौपचारिक रोजगारीका क्षेत्रमा संलग्न जनसङ्ख्या विवरण ........ 14
तालिका १२  परिवारमा अनुपस्थित(बिदेशमा रहेको) व्यक्ति गएको मुलुकअनुसारको विवरण ........ 15
तालिका १३  परिवारमा अनुपस्थित व्यक्ति(विदेशमा रहेको जनसङ्ख्या) विदेश जानुको कारण अनुसारको जनसंख्या ........ 15
तालिका १४  परिवारमा अनुपस्थित व्यक्ति(विदेशमा रहेको जनसङ्ख्या) विदेश गएको देश र विदेश जानुको कारण अनुसारको जनसंख्या ........ 16
तालिका १५  परिवारमा अनुपस्थित (विदेशमा अक्सर बसोबास गर्ने) उमेर समूह अनुसारको जनसंख्या ........ 16
तालिका १६  लिङ्गका आधारमा विदेशमा रहेकाजनसङ्ख्या र देश छाड्ने बेलाको शिक्षाको स्तर ........ 17
तालिका १७  विगत ५ वर्षमा विभिन्न शिक्षालयहरूमा भर्नाको प्रवृत्ति ........ २२
तालिका १८  छोटो अवधिका व्यावसायिक तालिमकालागि सम्वन्धन प्राप्त संस्थाहरू ........ २४
तालिका १९  क्षेत्रगत रुपमा सीप परीक्षण सहभागीको विवरण ........ २५
तालिका २०  सीप परीक्षणमा सहभागीको लैङ्गिक विवरण ........ २६
तालिका २१  सीप परीक्षणमा सहभागीको तहगत विवरण ........ २६
तालिका २२  विभिन्न तहमा सीप परीक्षणको नतिजा ........ २६
तालिका २३  आर्थिक प्रतिष्ठानहरूको जिल्लागत सङ्ख्या र संलग्न जनशक्तिको विवरण ........ २७
तालिका २४  प्रदेशका उद्योगहरूको क्षेत्रगत वितरण ........ २८
तालिका २५  उद्योगहरूको जिल्लागत विवरण ........ २८
तालिका २६  उद्योगहरूको स्तरगत सङ्ख्या एवं औसत र कुल रोजगारी ........ 28
तालिका २७  सीप परीक्षणका प्रमुख रोजगार उन्मुख पेसाहरू ........ 28
तालिका २८  उच्च रोजगारी दर भएका कार्यक्रमहरू ........ 29
तालिका २९  सीप परिक्षणको क्षेत्रगत रोजगारीको दर ........ 30
*तालिका ३० औद्योगिक माग सर्वेक्षणबाट उच्च माग देखिएका प्रमुख पेशाहरू* ........ 31
तालिका ३१  नीजि क्षेत्रबाट पहिचान भएका  पेशाहरू तथा  आगामी मागको  प्रक्षेपण निर्माण क्षेत्र ........ 33
तालिका ३२  नीजि क्षेत्रबाट पहिचान भएका  पेशाहरू तथा  आगामी मागको  प्रक्षेपण कृषि क्षेत्र ........ 33
तालिका ३३  नीजि क्षेत्रबाट पहिचान भएका  पेशाहरू तथा  आगामी मागको  प्रक्षेपण कृषि क्षेत्र ........ 34
तालिका ३४  नमुना छनौटमा परेका उद्योगको तह ........ 36
तालिका ३५  नमुना छनौटमा परेका उद्योगको स्वामित्वको आधारमा प्रकार ........ 37
तालिका ३६  नमुना छनौटमा परेका उद्योगमा कार्यरत कर्मचारी विवरण (लिङ्गको आधारमा) ........ 38

तालिका ३७ नमुना छनौटमा परेका उद्योगमा कार्यरत कर्मचारी विवरण (सीपको तहको आधारमा)......................... 39
तालिका ३८ नमुना छनौटमा परेका उद्योगमा कार्यरत कर्मचारी विवरण (स्वयं लगानी कर्ता भए नभएको आधारमा) ... 39
तालिका ३९ व्यवसाय सञ्चालन तथा विस्तार गर्दा यहाँले सीपयुक्त जनशक्तिको अभाव कत्तिको महशुस गर्नुहुन्छ? ४२
तालिका ४० पेशा छ तर आवश्यक सीपयुक्त जनशक्ति बजारमा उपलव्ध हुन गाह्रो हुने विशिष्ट सीपहरू .............. ४२
तालिका ४१ उद्योगमा प्राविधिक जनशक्तिको कमि हुनुको मुख्य कारण के के हुन् सक्छ ? (N=७६( ...................... 41
तालिका ४२ नमुना छनौट गरिएका शिक्षालय ........................................................................................... 42
तालिका ४३ विभिन्न शैक्षिक तथा तालिम पूर्वाधारका अवस्था ..................................................................... 43
तालिका ४४ प्रशिक्षक सङ्ख्या ..................................................................................................................... 43
तालिका ४५ प्रशिक्षकको लैङ्गिक स्थिति ........................................................................................................ 44
तालिका ४६ प्रशिक्षकको शैक्षिक योग्यता ........................................................................................................ 44
तालिका ४७ प्रशिक्षकको औद्योगिक अनुभव .................................................................................................. 45
तालिका ४८ कार्यक्रम सङ्ख्या ....................................................................................................................... 45
तालिका ४९ असल अभ्यासहरू ........................................................................................................................ 46

## रेखचित्र सुचि

रेखाचित्र १ कोशी प्रदेशमा सञ्चालित लामो अवधिका प्राविधिक शिक्षालयहरूको विवरण ................................ २०
रेखाचित्र २  प्राविधिक कार्यक्रमको तहगत भर्ना क्षमता ................................ २०
रेखाचित्र ३ प्राविधिक शिक्षालयको प्रकृति अनुसारको भर्ना क्षमता ................................ २१
रेखाचित्र ४ स्थानीय तहमा  संस्थागत पहुँचको अवस्था ................................ २१
रेखाचित्र ५ कार्यक्रमको तहअनुसार प्राविधिक कार्यक्रमको औसत भर्ना सङ्ख्या ................................ २३
रेखाचित्र ६ प्राविधिक धारका कार्यक्रममा भर्ना अवस्था ................................ २४
रेखाचित्र ७ उद्योगको स्तर अनुसारको वर्गीकरण ................................ २९
रेखाचित्र ८ उद्योगको क्षेत्रगत वर्गीकरण ................................ २९

# संक्षिप्त रुपहरू (Acronyms)

| | |
|---|---|
| ADB | Asian Development Bank |
| CEHRD | Center for Education and Human Resource Development |
| CTEVT | Council for Technical Education and Vocational Training |
| CPD | Continued Professional Development |
| DAGs | Disadvantaged Groups |
| DPs | Development Partners |
| ENSSURE | Enhanced Skills for Sustainable and Rewarding Employment |
| FGDs | Focused Group Discussion |
| FNCCI | Federation of Nepalese Chambers of Commerce and Industry |
| GoN | Government of Nepal |
| ILO | International Labour Organization |
| KII | Key Informant Interview |
| MoEST | Ministry of Education, Science and Technology |
| MoSD | Ministry of Social Development |
| NSO | National Statistical Office |
| NSTB | National Skill Testing Board |
| NVQS | National Vocational Qualification System |
| OJT | On-the-Job Training |
| PPP | Public–Private Partnerships |
| RPL | Recognition of Prior Learning |
| SDC | Swiss Agency for Development and Cooperation |
| TVET | Technical and Vocational Education and Training |

# परिच्छेद १
# परिचय (Introduction)

## १.१ प्रदेशको परिचय (Introduction of Province)

कोशी प्रदेश नेपालको मानचित्रमा सबैभन्दा पूर्वी भागमा अवस्थित छ। यसको पूर्वी र दक्षिणी सिमाना भारत, पश्चिमी सिमाना मधेश र बागमती प्रदेश तथा उत्तरी सिमाना चीनसंग रहेको छ। कोशी प्रदेशले हिमाल, पहाड र तराई तीनवटै भौगोलिक क्षेत्र समेटेको छ। नेपालको संविधानले स्वायत्त प्रदेशको रुपमा स्थापित गरेको यस प्रदेश प्राकृतिक स्रोत, पर्यटकीय आकर्षण, मनोरञ्जनात्मक गतिविधि र प्राकृतिक सौन्दर्यमा धनी छ। यस प्रदेशले २५,९०५ वर्ग कि.मी. (१०,००२ वर्ग माइल) को क्षेत्रफल ओगटेको छ, जुन देशको कुल क्षेत्रफलको लगभग १७.५५ प्रतिशत छ।

यस प्रदेशको भु-भाग समुन्द्र सतहबाट न्यून उचाइ विन्दुमा कचनकवल, झापामा रहेको तथा उच्चतम् विन्दुमा सगरमाथा, सोलुखुम्बुमा रहेको छ भने आठ हजार मिटरभन्दा माथिको ६ वटा हिमालहरू यसै प्रदेशमा रहेका छन्। हरेक वर्ष यस क्षेत्रमा रहेका हिमाल आरोहण गर्न पर्यटकको घुइँचो लाग्ने गर्दछ। धार्मिक पर्यटनको लागि पाथीभरा देवीको मन्दिर, बराहक्षेत्र, हलेसी महादेवस्थान, बुढासुब्बा, विष्णुपादुका पनि यही प्रदेशमा रहेको छ। हरेक वर्ष समग्र पर्यटन क्षेत्रको ५२.४ प्रतिशत राजस्व यसै प्रदेशले जम्मा गर्दछ, अतः पर्यटन पनि यस प्रदेशको महत्वपूर्ण आर्थिक क्षेत्र हो। कृषि उत्पादनमा यो प्रदेश अत्यन्त सम्भावनायुक्त छ जसअन्तर्गत चिया, धान, मकै, गहुं, दलहन तथा अलैंचि यस प्रदेशको मुख्य कृषि उत्पादन हुन्। नेपालको कुल उत्पादनको ९९.२ प्रतिशत चिया, कुल उत्पादनको २९.३ प्रतिशत मकै यसै प्रदेशमा उत्पादन तथा प्रशोधन हुने गर्दछ। यस प्रदेशको ४३.३ प्रतिशत भू-भाग वनले ढाकेको छ। यस प्रदेशमा विद्युत उत्पादनको प्रचुर सम्भावना भएपनि हाल सम्म १९३.२ मेघावाट मात्र उत्पादन भएको पाईन्छ। मुलुकको कुल ग्राहस्थ्य उत्पादनमा यस प्रदेशको योगदान १५.७ प्रतिशत रहेको छ।

प्रशासनिक तथा राजनैतिक रुपमा यस प्रदेशको वर्गीकरण प्रत्यक्ष निर्वाचनका लागि २८ वटा प्रतिनिधि सभा निर्वाचन क्षेत्र र ५६ वटा प्रदेश सभा निर्वाचन क्षेत्र रहेको छ। पुरानो औद्योगिक नगर विराटनगर यस प्रदेशको प्रादेशिक राजधानी हो। प्रशासनिक संरचना अनुसार यस प्रदेशमा १४ जिल्लाहरू क्रमशः झापा, इलाम, पाँचथर, ताप्लेजुङ, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, खोटाङ, सुनसरी, मोरङ, सोलुखुम्बु, ओखलढुङ्गा र उदयपुर पदर्छन् र १३७ वटा स्थानीय तहहरू (अनुसूची १) छन्। जसमा महानगरपालिका १, उपमहानगरपालिका २, नगरपालिका ४६ र गाउँपालिका ८८ वटा छन्। यस प्रदेशको नाम वि.सं.२०७९ साल फागुन १७ गते बसेको प्रदेश सभाको बैठकको बहुमत सदस्यद्वारा "कोशी प्रदेश" पारित गरेको हो। वि.सं. २०७८ को जनगणना अनुसार यस प्रदेशमा ४९ लाख ७२ हजार ०२१ मानिसहरू वसोवास गर्दछन भने जनघनत्व १९२ प्रतिवर्ग किमी रहेको छ। जनसङ्ख्या वृद्धिका हिसाबले हिमाली जिल्ला संखुवासभा, पहाडी जिल्ला उदयपुर र तराईका झापा, मोरङ र सुनसरीमा जनसङ्ख्या वृद्धिदर रहेको छ भने बाँकी नौ जिल्लाको जनसङ्ख्या वृद्धिदर घट्दो अवस्थामा रहेको छ।

जातीय आधारमा नेपालका १२५ जातिहरूमध्ये यस प्रदेशमा १२२ जातजातिको बसोबास छ। यस प्रदेशमा ९३ वटा मातृभाषा बोलिन्छन्। २०७८ सालको जनगणनाको तथ्याङ्क अनुसार यस प्रदेशमा बोलिने प्रमुख पाँच मातृभाषाहरूमा नेपाली, मैथिली, लिम्बु, थारू र बान्तवा रहेका छन्। यस प्रदेशको मानिसहरूको औषत आयु ७०.७ वर्ष र साक्षरता प्रतिशत ७९.७ रहेको छ *(स्रोत: २०७८ सालको जनगणनाको तथ्याङ्क)*।

शिक्षामा विज्ञान तथा प्राविधिक विषय अध्ययन गदै आर्थिक क्षेत्र र सम्बन्धित पेशाहरूमा व्यावहारिक ज्ञान, सीप र दृष्टिकोणको प्राप्तीका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम अपरीहार्य रहेको छ। कोशी प्रदेशका १४ वटा

जिल्ला अन्तर्गत रहेका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) अन्तर्गत आंगिक शिक्षालय-७, साझेदारी शिक्षालय-१४, सम्बन्धन प्राप्त निजी शिक्षालय-५७, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा(TECS)-४५, र छोटो अवधिको तालिम संचालन गर्ने सम्बन्धन प्राप्त नीजि शिक्षालयहरु-२१५ वटा रहेका छन भने CEHRD अन्तर्गत प्राविधिक धार (९-१२) संचालन गर्ने विद्यालयहरू १०२ गरी कुल जम्मा ४४० शिक्षालय विभिन्न प्राविधिक विषय अध्ययनका लागि संचालनमा छन्।

## १.२ नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम (Technical Educational and Vocation Training in Nepal)

नेपालमा रहेका विभिन्न मठ, मन्दिर र पुरातात्विक सम्पदामा अवस्थित कलाकृति आदिको अध्ययनबाट नेपालमा परापूर्वकालदेखि माटोका भाँडाहरू, ईँटा, टायल, काष्ठ तथा धातुकलामा अब्बल रहेको देखिन्छ विशेषत तिब्बत तथा चीनमा नेपाली कलाकार अरनिकोद्वारा विस्तार भएको कलाकृतिले पनि यसलाई पुष्टि गर्दछ। नेपालको जातीय व्यवस्थाले पनि व्यावसायिक कलाकारिता विभिन्न पिंढीहरूमा हस्तान्तरण हुदै गएको देखादउँछ साथै जाति व्यवस्थाको रुपमा सुरुवात भएको भन्ने विभिन्न लेखहरूमा पाइन्छ। प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमले आत्मविश्वास जगाउँछ र व्यक्तिलाई समाजको सक्रिय योगदानकर्ता हुन उत्प्रेरित गर्दै सामाजिक एकीकरण गर्न मदत गर्दछ।

प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम (TVET) लाई समग्रमा देश र विशेष गरी कोशी प्रदेशका लागि प्रमुख रणनीतिक कार्यक्रमका रूपमा लिइन्छ। TVET भन्नाले रोजगारी, स्वरोजगार वा उद्यमशीलताका लागि आवश्यक सीप, ज्ञान र दक्षताहरू विकास गर्नमा केन्द्रित हुने शैक्षिक र तालिम कार्यक्रमहरूलाई जनाउँछ। यसले व्यक्तिहरूलाई धेरै क्षेत्रहरूमा विभिन्न पेशाहरूको लागि आवश्यक व्यावहारिक सीपहरू प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेल्छ।

नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम(TVET) इतिहासको अघिल्लो शताब्दीमै विकसित भई देशको सामाजिक–आर्थिक अवस्था र श्रम बजारको आवश्यकता अनुसार ठूलो आकार लिइसकोको थियो। नेपालमा TVET ले औपचारिकीकरणमा महत्त्वपूर्ण चरणहरू पार गरेको छ। जसमा विशेष गरी नीतिहरू, संस्थाहरूको विकास र रोजगारी / स्व–रोजगारका लागि आवश्यक सीपहरूले जनसङ्ख्यालाई सुसज्जित गर्न तयार गरिएका सुधारका दायरा र प्रकारका आधारमा नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्रहरूको विकासलाई पाँच अवधिमा वर्गीकरण गरी व्याख्या गर्न सकिन्छ।

### १.२.१ अनौपचारिक विकासक्रम (Informal Development Phase)

सन् १९५० भन्दा पहिले, विशेष गरी प्राचीन र पूर्व-आधुनिक कालमा, नेपालमा सीप विकास मुख्यतया परम्परागत प्रशिक्षण प्रणालीमा निर्भर थियो जुन सीपहरू परिवार वा आफन्तमा पुस्तान्तरण भई अगाडि बढेको देखिन्छ। धातुकर्मी, दर्जी र सिकर्मी जस्ता शिल्पकारहरूले आफ्ना छोराछोरी र उत्तराधिकारीहरूलाई अनौपचारिक रूपमा, विशेष गरी जातीय र जातीयतामा आधारित पेशाहरूमा तालिम दिई सीपलाई पछिल्लो पुस्तामा हस्तातरण गरेको देखिन्छ। यद्यपि अर्थतन्त्र धेरै हदसम्म कृषि प्रधान भएकोले, अधिकांश सीपहरू कृषि, पशुपालन र कारीगर काममा जोडिएका थिए।

लिच्छवी काललाई नेपाली इतिहासमा विशेषगरी कला र शिल्पको विकासका लागि स्वर्ण युग मानिन्छ। यस युगका प्रख्यात शिल्पकार अरनिको आफ्नो सुन्दर कला र प्रतिष्ठित प्यागोडा शैलीको वास्तुकलाका कारण नेपालमा मात्र नभई छिमेकी राष्ट्र तिब्बत र चीनमा पनि चर्चित भए। लिच्छवीकालमा वास्तुकलाको अलावा काँस, तामा लगायत धातुको काम पनि फस्टाएको थियो। हिन्दू र बौद्ध मन्दिरहरूमा पाइने देवताहरूको जटिल रूपमा डिजाइन गरिएको मूर्तिहरू र अन्य अनुष्ठानहरू यस अवधिको सिर्जना हुन्। त्यसैगरी जीवन्त रंग र धार्मिक विषयवस्तुका लागि चिनिने पौभा(वा) ले पनि महत्व पाए।

लिच्छवी शासन पछि मल्ल राजाहरूले यस विरासतलाई जारी राखे, विशेष गरी कला र शिल्प काठमाडौं उपत्यकामा नयाँ उचाइमा पुग्यो । लिच्छवी कालमा सुरु भएको प्यागोडा शैलीको वास्तुकलालाई अझ परिष्कृत गरियो र यसको प्रभाव एशियाका अन्य भू-भागहरू सम्म विस्तार हुन पुग्यो । कला र शिल्पको यो अनौपचारिक विकास प्रारम्भिक राणा कालसम्म जारी रह्यो ।

### १.२.२ औपचारिक विकासक्रम (Formal Development Phase)

देशको एकीकरणपछि राणा शासनको उत्तरार्धमा नेपालको सम्पर्क अन्य देशहरूसँग समेत हुन थाल्यो । सरकारवाट शिक्षा क्षेत्रको आधुनिकीकरणसँगै अनौपचारिक प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रणालीलाई समेत औपचारिकता दिने प्रयास हुदै गयो । राणा शासनकालमा वि. सं. १९१० मा दरबार हाईस्कूलको स्थापना शिक्षा क्षेत्रमा एउटा महत्वपूर्ण कोसेढुङ्गाका रुपमा साबित हुन पुग्यो भने प्राविधिक तथा व्यावसायिक शिक्षा वि.सं. १९८६ मा आयुर्वेद स्कूल र वि.सं. १९८७ मा इन्जिनियरिङ स्कूलको स्थापनालाई यस क्षेत्रको विकासका लागि कोषे ढुङ्गाका रुपमा लिन सकिन्छ ।

राणाशासनको पतनपछि नेपाल प्रजातान्त्रिक युगमा प्रवेश गऱ्यो र शिक्षा र स्वास्थ्य क्षेत्रको विस्तारलाई प्राथमिकतामा राख्यो । पहिलो पञ्चवर्षीय योजना (१९५६-१९६१) ले नेपालमा उच्च शिक्षाको सुरुवात भएको र वि. सं. २०१६ मा त्रिभुवन विश्वविद्यालयको स्थापनाले उच्च शिक्षामा पहुँच बढाउन जोड दिएको थियो । पछि, पाँचौं पञ्चवर्षीय योजना (१९७५-१९८०) ले प्राथमिक शिक्षालाई ग्रामीण र अल्पसंख्यक क्षेत्रहरूमा केन्द्रित गर्दै जोड दियो । २०४७ मा प्रजातन्त्रको पुनरागमनले निजी क्षेत्रको बढ्दो संलग्नतासँगै शैक्षिक विकासलाई थप गति दियो ।

नेपाल सरकार प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमको थप विकासका लागि शृङ्खलाबद्ध रुपमा अगाडि बढेको देखिन्छ । मुख्य उपलब्धिहरूमा आधारभूत विद्यालयहरू (वि.सं. २००४–२००९), बहुउद्देश्यीय विद्यालयहरू (वि.सं. २०१५–२०२४), व्यावसायिक माध्यमिक विद्यालयहरू (वि.सं. २०३०–२०३६), र प्राविधिक विद्यालयहरू र व्यावसायिक शिक्षालयहरू (वि.सं. २०३७ पछि) को स्थापना थियो । नेपालमा व्यावसायिक शिक्षाको विकासका लागि यी कार्यक्रमहरू अग्रगामी कदमको रुपमा लिने गरिन्छ । यी पहलहरूले विभिन्न चुनौतीहरूको सामना गर्नुपरे तापनि तिनीहरूले देशको विकास प्रयासमा सहयोग पुऱ्याउदै प्राविधिक जनशक्ति तयार गर्ने सन्दर्भमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

### १.२.३ विशिष्टीकरणको चरण (Specialization Phase)

औपचारिक प्रणाली अन्तर्गत प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम कार्यक्रम लागू भएको लामो समयसम्म यी कार्यक्रमहरू सार्वजनिक माध्यमिक विद्यालयहरूमा सामान्य शिक्षाको समानान्तर रूपमा सञ्चालन भएका थिए। प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमलाई समग्र शिक्षा क्षेत्रको अभिन्न अङ्गको रुपमा लिइएको भएतापनि यो एक विशिष्ट प्रकृतिको शिक्षा हो । यसको सञ्चालनको लागि विशिष्ट पूर्वाधार र सोही अनुकुलको प्राविधिक तथा मानवीय स्रोत तथा व्यावहारिक सिकाइकालागि अनुकूल वातावरणको आवश्यकता पर्दछ । यस अघिसम्म सञ्चालित समानान्तर प्रणालीबाट अपेक्षित परिणाम प्राप्त हुन नसकोको कारण यसको सञ्चालनको लागि पूर्वाधार सहित विशिष्ट कार्यान्वयन संरचनाको आवश्यकता महशुस गरी वि.सं. २०४५ सालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) ऐन मार्फत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) को स्थापना भयो र यस अघि शिक्षा मन्त्रालयमा रहेको प्राविधिक शिक्षा निर्देशनालय अन्तर्गत स्थापना भएका प्राविधिक शिक्षालयहरु परिषद अन्तर्गत रहने व्यवस्था भयो ।
परिषदको स्थापनाले प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम क्षेत्रको विकासको यस चरणमा पहुँच र समानताका मुद्दाहरूलाई सम्बोधन गर्न महत्वपूर्ण भूमिका खेलेको छ । वि.सं. २०४५ सम्ममा ६ वटा प्राविधिक शिक्षालयले (सबै आंगिक विद्यालय) ले मात्र लामो अवधिका प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमका कार्यक्रम सञ्चालन गरेकोमा वि.सं. २०८० को अन्त्यसम्ममा यो सङ्ख्या बढेर १६६५ पुगेको छ । संस्थागत पहुँचका हिसाबले ७५३ स्थानीय तहमध्ये ७१५ स्थानीय तहले आफ्नो क्षेत्रभित्र लामो अवधिका प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमका कार्यक्रममा सहभागी

हुने अवसर प्राप्त गरेका छन् । हाल डिप्लोमा कार्यक्रमका लागि ४९, प्रि-डिप्लोमा कार्यक्रमका लागि ३३ र प्राविधिक धारका कार्यक्रमहरूकालागि ५ वटा पाठ्यक्रम उपलब्ध छन् । यसका अतिरिक्त, छोटो अविधिका व्यावसायिक तालिमका लागि २७४ वटा पाठ्यक्रम विकास गरिएको छ, र १,६२१ छोटो अवधिका तालिम सन्चालन गर्ने सम्बन्धन प्राप्त निजी संस्थाहरूबाट छोटो अवधिका तालिम कार्यक्रमहरू पनि सञ्चालन हुने गरेको छ । यी प्रगतिहरूको बावजुद पनि एकातर्फ प्राविधिक शिक्षालयहरू सबै प्रदेशहरूमा समानुपातिक रूपमा स्थापना भएका छैनन् भने सवै प्रदेशहरूमा आवश्यकताको आधारमा विपन्न समूहहरूको उचित रुपमा संवोधन हुन अझ पनि सकेको पनि पाइदैन ।

नेपाल संघीय प्रणालीमा गए पश्चात प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमका क्षेत्रमा पनि संघीयता अनुकुलको संरचना तथा प्रणालीको आवश्यकता महशुस भएको छ । कोशी प्रदेशले TVET को थप विकास तथा विस्तारका लागि लक्षित समूहमा यसको पहुँच तथा विस्तारकालागि पहल गरिरहेको छ ।

### १.२.४ संघात्मक विकासको चरण (Federalization Phase)

कोशी प्रदेशले आफ्नै पहलमा र विकासका साझेदार निकायहरूको प्राविधिक तथा आर्थिक सहयोगबाट TVET कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनतर्फ प्रारम्भिक कदमहरू अघि बढाएको छ । SDC, ADB, ILO लगायतका विकास साझेदारहरू (DPs) ले TVET कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश सरकारलाई सहयोग गरिरहेका छन् ।

संघीय सरकारका निकायहरूले तर्जुमा गरी अवलम्वन गर्दै आएका कार्यक्रमगत संरचनागत तथा नीतिगत दस्तावेजहरूका आधारमा यस क्षेत्रको विकास र विस्तार गर्दै आएको कोशी प्रदेश सरकार आगामी दिनमा स्पष्ट नीति र रणनीति तर्जुमा गर्नुका साथै संस्थागत संयन्त्र स्थापना तर्फ अग्रसर रहेको छ ।

## १.३ कोशी प्रदेशमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम (TVET) प्रोफाइलको आवश्यकता (Need of the TVET Profile)

प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम (TVET) दीगो विकास लक्ष्य हासिलका लागि एक प्रमुख स्तम्भ हो । TVET मा दीगो र सम्भावित आर्थिक विकास निहित छ । यस किसिमको शिक्षा र तालिमले दीगो विकास लक्ष्य (SDGs) का १७ वटा विभिन्न लक्ष्यलाई हासिल गर्न प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्छ ।  यसको प्रवर्धनले आर्थिक, सामाजिक र व्यवहारिक जीवनशैली प्रवर्दन गर्न सहयोग गर्दछ । दीगो विकास लक्ष्यहरू ४, ५ र ८ ले विकासका लागि TVET र रोजगारीको भूमिका औंल्याएको छ SDG को लक्ष्य ४ ले समावेशी र समतामूलक शिक्षामा सबैलाई समान अधिकार हुनेछ भनी बताउँछ । विशेष गरी, यसले TVET मा पहुँच र युवा र वयस्कहरूको रोजगारीलाई अझ राम्रो प्रवर्द्धन गर्न आह्वान गर्दछ । SDG को लक्ष्य ५ ले महिला र पुरुष दुवैलाई उनीहरूको लैङ्गिक समानताको सन्दर्भमा प्रशिक्षणका साथै अन्य प्राविधिक कार्यका लागि समान अधिकार र पहुँच पुर्याउने बताउँछ भने SDG को  लक्ष्य ८ ले सन् २०३० सम्ममा National Eligibility Entrance Test (NEET)अर्थात् रोजगारी, शिक्षा वा तालिममा नपरेका युवाहरूको दरलाई उल्लेख्य रूपमा घटाउने लक्ष्य समावेश गर्दछ ।

TVET ले नेपालजस्तो विकासोन्मुख देशको विकासमा दोहोरो भूमिका निभाएको हुन्छ । पहिलो भूमिका भनेको विद्यालय छोड्नेहरूका लागि सीप विकास प्रशिक्षणका अवसरहरू र जीवनवृत्ति अवसरहरू प्रदान गर्दछ । दोस्रो भूमिका भनेको अर्थतन्त्रका सबै तहमा आवश्यक पर्ने दक्ष जनशक्ति उपलब्ध गराउँदछ । यसरी विकसित भएका सीपहरूले तलब भत्ता, रोजगारीको अभावमा आत्मनिर्भर बन्न र औद्योगिकीकरण प्रक्रियालाई अभिवृद्धि गर्न सक्षम वनाउदछन् ।

राम्रोसँग प्रशिक्षित व्यक्तिहरूले सम्मानजनक जागिर पाउने वा आफ्नै व्यवसाय गर्ने सम्भावनाहरू हुन्छन । यस्ता जागिर तथा व्यवसायले उनीहरूलाई आर्थिक रूपमा सबल बन्न सिकाउँछ । दक्ष व्यक्तिहरूको उपस्थितिले कुनै पनि देश वा क्षेत्रको

व्यवसाय र लगानीको लागि प्रतिस्पर्धात्मकता बढाउनका साथै व्यक्तिगत स्तरमा पनि विकास गर्दछ । TVET लाई प्रभावकारी बनाउनका लागि सामाजिक र श्रम बजारको आवश्यकतालाई सम्बोधन गर्नुपर्दछ साथै SDG २०३० को एजेन्डामा 'Leave no one Behind" को सिद्धान्त अनुसार सबैको सहभागिता सुनिश्चित गर्नुपर्दछ ।

सीपको खाडललाई कम गर्न र देशको श्रम बजारको आवश्यकता पूरा गर्न TVET को ठूलो महत्व छ । तथापी TVET प्रणाली अभिवृद्धिका लागि धेरै प्रयासहरूको बावजुद यस्ता कार्यक्रमहरूबाट उत्पादित जनशक्ति र बजारको आवश्यकता बीचको समन्वय हुनु जरुरी छ । दक्ष जनशक्तिको उत्पादन, माग, र आपूर्तिमा गुणात्मक सुधार ल्याउन, TVET पाठ्यक्रम विकासमा निजी क्षेत्रको सक्रिय र अर्थपूर्ण सहभागिताको आवश्यकता छ । निजी क्षेत्रको सक्रिय र अर्थपूर्ण संलग्नताले पेशा, भौगोलिक क्षेत्र, र पाठ्यक्रमको निर्धारणका साथै पाठ्यक्रमको रूपरेखा, मूल्याङ्कन, नीति निर्माण, र स्नातकहरूको रोजगारी सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्छ ।

त्रिभुवन विश्वविद्यालयको आर्थिक विकास तथा प्रशासन अनुसन्धान कोन्द्र (CEDA) ले कोशी प्रदेशमा गरेको एक अध्ययनमा ("सीपयुक्त जनशक्तिको माग र आपूर्तिका सम्बन्धमा प्रदेश स्तरीय सर्वेक्षण" २०८१) श्रम बजारमा सीपयुक्त प्राविधिक जनशक्तिको आवश्यकता दिनदिनै बढ्दै गएको देखाएको छ तर तालिम कार्यक्रमहरू श्रम बजारको माग अनुसार परिमार्जन नभएको देखाएको छ । उक्त अध्ययनले गत पाँच वर्षमा कोशी प्रदेशको श्रम बजारमा सीपयुक्त जनशक्तिको माग उल्लेख्य रूपमा वृद्धि भएको देखाएको छ । जस अनुसार २०७९/८० मा यो वृद्धि ४५% थियो भने २०८५ सम्म ७५% सम्मको माग वृद्धि हुने प्रक्षेपण गरेको छ । विशेषगरी, निर्माण/ इन्जिनियरिङ क्षेत्रमा कम गर्ने जस्तै मिस्त्री, प्लम्बर, इलेक्ट्रिसियन, हस्पिटालिटीमा काम गर्ने र स्वास्थ्यकर्मीको आवश्यकता उच्च देखिएको छ । कोशी प्रदेशमा हाल CTEVT अन्तर्गत सञ्चालनमा रहेका ७ आंगिक, १४ साझेदार, ४५ सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, र ५७ निजी प्राविधिक शिक्षालयहरूले सीपयुक्त जनशक्तिको आपूर्ति गरिरहेको पनि अध्ययनले देखाएको छ साथै CEHRD अन्तर्गत प्राविधिक धार(९-१२) का १०२ वटा विद्यालयहरुले पनि कृषि र इन्जिनियरिङ क्षेत्रमा प्राविधिक जनशक्तिको विकासमा सहयोग पुर्याइरहेका छन् । अतः समग्र प्रदेशको सीपयुक्त प्राविधिक जनशक्तिको उत्पादन, माग, आपुर्तिको अवस्था उत्पादन गर्ने TVET संस्थाहरूको विस्तृत विवरणहरू तथा आवश्यक तथ्याङ्कहरू रहेको पाठ्य सामग्रीको निर्माणको आवश्यकता महशुस गरी प्रादेशिक TVET प्रोफाइल निर्माण गर्न लागिएको हो ।

## १.४ प्रादेशिक TVET प्रोफाइल निर्माणको उद्देश्य (Objectives of the Profile)

यस TVET प्रोफाइल तयार पार्नुको उद्देश्य कोशी प्रदेशमा प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम कार्यक्रम क्षेत्रको नतिजाउन्मुख र व्यवस्थित विकासको लागि आवश्यक नीति, रणनीति, नीति, नियम, विनियमहरू निर्माणमा सहजता प्रदान गर्ने एवम् तथ्यमा आधारित योजना तथा नीति निर्माणका लागि आवश्यक वातावरण तयार पार्ने हो ।

यसका विशिष्ट उदेश्यहरू निम्नानुसार रहेका छन् ।

१. प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम सञ्चालन तथा नियमनका लागि प्रदेशमा उपलब्ध संस्था, कार्यक्रम र अन्य पूर्वाधारहरूको अवस्थालाई एकिन गर्नु ।
२. प्राविधिक जनशक्तिको उपलब्धता र आवश्यकता बीचको अन्तर विश्लेषण गर्नु ।
३. प्रदेशमा प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमको क्षेत्रमा भइरहेको लगानी, सुशासनको अवस्था र औद्योगिक समन्वय सहितको अवस्थालाई उजागर गर्दै यसका आवश्यकता तथा चुनौतीहरूलाई विश्लेषण गर्नु ।
४. प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमको समग्र विकासको सन्दर्भमा लिइनुपर्ने नीति, योजना, कार्यक्रम र रणनीतिक योजना तर्जुमा तथा कार्यान्वयनका लागि मार्ग निर्देश गर्नु ।

## १.५ TVET प्रोफाइल निर्माणको विधि (Profile Development Methodology)

### १.५.१ प्रारम्भिक कार्यहरू (Initial Phase)

यस TVET प्रोफाइल तयार पार्न तथ्याङ्क सङ्कलन र विश्लेषण पूर्व केही प्रारम्भिक छलफलहरू सञ्चालन गरिएको थियो । यस क्रममा मिति २०८१ माघमा कोशी प्रदेशमा प्रदेश स्तरीय सरोकारवालाहरू बीच सामुहिक छलफल भएको थियो । उक्त छलफलको क्रममा प्राप्त सुझावहरूको आधारमा TVET प्रोफाइलको ढाँचालाई अन्तिम रुप दिने कार्य भयो । यस कार्यसँगै TVET प्रोफाइल तयारीको समग्र विधि, तथ्याङ्कहरूको स्रोत तथा उपलब्धताको अनुमान सहितको योजना प्रतिवेदन (Inception Report) तयार पार्ने तथा सम्वन्धित निकायबाट अनुमोदन गर्ने कार्य समेत सम्पन्न भयो । यसरी परिवर्तित खाका सहितको विवरण तयारी विधिमा छलफल भई पूर्ण मार्गचित्र तयारी तथा अनुमोदन गएको थियो ।

### १.५.२ विवरण तयारीको विधि (Design Phase)

TVET प्रोफाइल तयार गर्न यस कार्यमा सङ्ख्यात्मक तथा गुणात्मक दुवै प्रकारका तथ्याङ्क तथा सूचनाहरूको उपयोग गरी मिश्रित पद्धतिको आधारमा विश्लेषण गरिएको थियो । सङ्ख्यात्मक तथ्याङ्क अन्तर्गत राष्ट्रिय जनगणना २०७८ र नेपाल श्रम शक्ति सर्वेक्षण २०७४/७५ मा प्रकाशित तथ्याङ्कहरू मध्ये कतिपयलाई यथा अवस्थामा प्रस्तुत गरिएको छ भने कतिपय अवस्थामा उक्त तथ्याङ्कलाई थप विश्लेषण गरेर समेत प्रस्तुत गरिएको छ ।

गुणात्मक तथ्याङ्क वा सूचनाका लागि विभिन्न प्रकाशित सामग्रीको अध्ययन तथा विश्लेषण गर्नुका साथै विभिन्न विज्ञ तथा सरोकारवालाहरूसँग पनि छलफल गरिएको थियो । अध्ययन तथा विश्लेषणका लागि उपयोग गरिएका विधिहरूको बारेमा तल बुँदागत रुपमा उल्लेख गरिएको छ ।

### १.५.३ सन्दर्भ सामग्री अध्ययन र विश्लेषण (Review and Analysis of the Literature)

आवश्यकता अनुसार सरोकारवालाहरूसँगको छलफललाई निरन्तरता दिंदै सम्वन्धित विज्ञहरूको सहयोगमा प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमसँग सम्वन्धित विषयमा संविधान, ऐन, नियम, विनियम, निर्देशिका, कार्यविधि, कार्य प्रकृया, मापदण्ड, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन-२०७५, प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको नीति, रणनीति तथा कार्यनीतिहरू र संस्थागत संरचना सम्बन्धी प्रतिवेदन, राष्ट्रिय तथा अन्तराष्ट्रिय अनुसन्धानात्मक प्रतिवेदन, विभिन्न संघ, संस्थाहरूबाट विभिन्न समयमा सम्पन्न अध्ययन, अनुसन्धानका प्रकाशित तथा अप्रकाशित प्रतिवेदन आदिको अध्ययन तथा विश्लेषण गरिएको थियो ।

### १.५.४ द्वितीय तथ्याङ्क सङ्कलन तथा विश्लेषण (Secondary Data Collection and Analysis)

विशेष गरी राष्ट्रिय तथ्याङ्क कार्यालयबाट फरक फरक समयमा सम्पन्न गरिएका सर्वेक्षणका प्रतिवेदनहरुः नेपाल श्रमशक्ति सर्वेक्षण २०७४/७५, राष्ट्रिय जनगणना २०७८, आर्थिक गणना २०७६, अर्थ मन्त्रालयबाट प्रकाशित आर्थिक सर्वेक्षणका प्रतिवेदनहरू, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्(CTEVT) सूचना तथा अनुसन्धान महाशाखाबाट प्रकाशित वार्षिक प्रतिवेदन तथा अन्य अनुसन्धानका प्रतिवेदनहरू, वैदेशिक रोजगार विभागबाट प्रकाशित वार्षिक प्रतिवेदनहरू, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रतिवेदनहरूमा प्रकाशित सान्दर्भिक तथ्याङ्कहरूको अध्ययन तथा विश्लेषण गरिएको छ । यस कार्यमा उपयोग गरिएका सन्दर्भ सामग्रीहरूको सूची प्रतिवेदनको अन्तमा राखिएको छ ।

### १.५.५ प्राथमिक तथ्याङ्कहरूको विश्लेषण् (Primary Data Collection and Analysis)

राष्ट्रिय तथ्याङ्क विभागबाट सञ्चालन गरिएको राष्ट्रिय जनगणना २०७८ को प्रकाशित तथ्याङ्क र सुक्ष्म तथ्याङ्कको प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमका सन्दर्भमा यथोचित विश्लेषण गरिएको छ । यसैगरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT), शिक्षा तथा मानव स्रोत विकास केन्द्र (CEHRD) तथा राष्ट्रिय सीप परीक्षण समिति (NSTB) बाट प्राप्त भएका प्रशासनिक तथ्याङ्कहरूको विश्लेषण समेत गरिएको छ ।

### १.५.६ समूहगत छलफल तथा अन्तरक्रिया (Group Discussion)

गुणात्मक विधि अन्तर्गत प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम विज्ञ, अनुसन्धानकर्ता, नीति निर्माता, व्यावसायिक संघ संगठनका प्रतिनिधिहरू, परिषद्का पदाधिकारी तथा निर्देशकहरूसँग छलफल तथा अन्तर्क्रियाहरू सञ्चालन गरिएका थिए । प्राविधिक समितिले सम्बन्धित विषयमा प्रदेश सरकार, स्थानीय सरकारका प्रतिनिधिहरू, उद्योगी व्यवसायी, रोजगारदाता, शिक्षा र तालिमसंग सरोकार राख्ने व्यक्तिहरू, प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम कार्यक्रमका संचालक तथा व्यवस्थापक, अभिभावक तथा प्रवुद्धवर्गसंग अन्तर्क्रियाहरू गरी सो को आधारमा सुझावहरू समेत सङ्कलन गरिएको छ ।

## १.६ अध्ययनको सीमा (Limitations of the Study)

सीप नक्साङ्कनका लागि श्रम बजारको माग व्यक्तिहरूसँग तथा आपूर्तिसँग सम्वन्धित प्राथमिक तथ्याङ्कलाई पनि आधार बनाउन आवश्यक हुन्छ । तर स्रोत तथा समयको अभाव लगायतका विविध कारणहरूले प्राथमिक तथ्याङ्क सङ्कलन नगरी द्वितीय तथ्याङ्कमा आधारित भई प्रतिवेदन तयार पार्नुपर्ने विषयलाई प्रतिवेदनको प्रमुख सीमाको रुपमा लिइएको छ ।

प्रतिवेदनका लागि प्रमुख सन्दर्भ सामाग्रीका रुपमा लिइएका स्रोतहरूबाट अद्यावधिक तथ्याङ्क उपलव्ध हुन नसकेको कारण केही बर्ष पहिलेका तथ्याङ्कहरूमा निर्भर गर्नुपर्ने विषय विवरण तयार पार्ने क्रममा अर्को महत्वपूर्ण सीमाको रुपमा रहेको छ ।

यस प्रतिवेदनमा प्रस्तुत गरिएका द्वितीय तथ्याङ्कहरूको स्रोत खुलाईएको भएतापनि प्राप्त प्रशासनिक तथ्याङ्कहरूको विश्लेषण आन्तरिक रुपमा विज्ञहरूबाट नै भएको हुँदा यसको आधिकारिकताको पुष्टि सम्वन्धित निकायबाट हुन नसक्नु प्रतिवेदनको लागि अर्को सिमा रहेको छ ।

# परिच्छेद-२
# श्रम सम्बन्धी जनसङ्ख्या (Labor Force)

## २.१ जनसांख्यिकीय विवरण (Characteristics of the Population)

यस परिच्छेदमा कोशी प्रदेशको जनसांख्यिक संरचनालाई समेटिएको छ। जस अन्तर्गत जनसंख्याको लिङ्ग, जाति, उमेर समूह, आर्थिक क्रियाकलापमा संलग्नताको स्थिति, शैक्षिक अवस्था, अनुपस्थित (विदेशमा रहेका) व्यक्तिहरुको विवरण रहेको छ। यसले जनसङ्ख्याको श्रम शक्तिको सहभागिताको स्थिति, श्रम शक्तिको रोजगारीको स्थिति, प्रमुख पेशा र आर्थिक क्षेत्रहरूद्वारा रोजगारीमा संलग्न जनसङ्ख्याको स्थिति सम्बन्धी तथ्याङ्क प्रदान गर्दछ। यी तथ्याङ्कहरूको विश्लेषणले श्रमशक्तिको उत्पादकत्व र TVET को लक्षित जनसङ्ख्यामा महत्त्वपूर्ण अन्तर्दृष्टि प्रदान गर्दछ।

## २.२ उमेर र लिङ्गका आधारमा जनसङ्ख्या विवरण (Population by Age and Sex)

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसंख्याको १७ प्रतिशत कोशी प्रदेशमा रहेको देखिन्छ। औसत परिवार सदस्य संख्या, महिला जनसंख्याको प्रतिशत जस्ता सुचकहरु कोशी प्रदेशको नेपालकै हाराहारीमा क्रमश: ४.२, ५१.३ रहेको देखिन्छ। विस्तृत विवरण तालिका १ मा देखाइएको छ।

**तालिका 1: नेपाल र कोशी प्रदेशको जनसङ्ख्याको तुलना**

| जनसङ्ख्या र घर परिवार | नेपाल | कोशी |
|---|---|---|
| जनसङ्ख्या | २९१६४५७८ | ४९६१४१२ |
| राष्ट्रिय अवस्थासँग तुलना % | | १७.० |
| पुरुष | १४२५३५५१ | २४१७३२८ |
| महिला | १४९११०२७ | २५४४०८४ |
| महिला प्रतिशत | ५१.१ | ५१.३ |
| घर सङ्ख्या | ६६६६९३७ | ११९०७५५ |
| औसत परिवार सङ्ख्या | ४.४ | ४.२ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली काठमाण्डौ*

राष्ट्रिय जनगणना २०७८ को जनसंख्यालाई ५ वर्षको उमेर समूहमा अध्ययन गर्दा कोशी प्रदेशमा १५ देखि १९ वर्ष उमेर समूहमा सबै भन्दा धेरै ९.७ प्रतिशत जनसंख्या रहेको छ भने ९० वर्ष भन्दा माथीको जनसंख्या ०.२ प्रतिशत मात्र रहेको छ। लिङ्ग अनुसार हेर्दा ० देखि १९ वर्षसम्म महिलाको तुलनामा पुरुषको संख्या बढी रहेको छ भने २० वर्ष देखि माथी महिलाको संख्या धेरै रहेको छ जसको कारण विदेशमा अक्सर बसोबास गर्ने जनसंख्यामा पुरुष बढी भएकोले हुन सक्छ। उमेर समूहका आधारमा जनसङ्ख्याको विवरण तालिका २ मा देखाईएको छ।

**तालिका 2: पाँच वर्ष उमेर समूह र लिङ्गका आधारमा जनसङ्ख्या विवरण**

| उमेर समूह | जनसङ्ख्या | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत % | पुरुष | महिला | महिला % |
| सम्पूर्ण उमेर समूह | ४९६१४१२ | ४८.७ | २४१७३२८ | २५४४०८४ | ५१.३ |
| ०-०४ वर्ष | ३८२९७२ | ७.७ | १९८६१९ | १८४३५३ | ४८.१ |
| ५-०९ वर्ष | ४५१३४६ | ९.१ | २३१५७४ | २१९७७२ | ४८.७ |
| १०-१४ वर्ष | ४५५०५८ | ९.२ | २३१५४५ | २२३५१३ | ४९.१ |
| १५-१९ वर्ष | ४८१८८० | ९.७ | २४२७१५ | २३९१६५ | ४९.६ |
| २०-२४ वर्ष | ४५१२३४ | ९.१ | २१०७६० | २४०४७४ | ५३.३ |

| उमेर समूह | जनसङ्ख्या | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत % | पुरुष | महिला | महिला % |
| २५-२९ वर्ष | ४१४४४६ | ८.४ | १८८६५१ | २२५७९५ | ५४.५ |
| ३०-३४ वर्ष | ३६८६५० | ७.४ | १६८८५२ | १९९७९८ | ५४.२ |
| ३५-३९ वर्ष | ३५५२०१ | ७.२ | १६४२१६ | १९०९८५ | ५३.८ |
| ४०-४४ वर्ष | ३१३७६९ | ६.३ | १४९८२७ | १६३९४२ | ५२.२ |
| ४५-४९ वर्ष | २५८२१६ | ५.२ | १२४८८७ | १३३३२९ | ५१.६ |
| ५०-५४ वर्ष | २६५६४८ | ५.४ | १३०४२९ | १३५२१९ | ५०.९ |
| ५५-५९ वर्ष | २०६५२८ | ४.२ | १०२४५८ | १०४०७० | ५०.४ |
| ६०-६४ वर्ष | १८३५९३ | ३.७ | ९०२१५ | ९३३७८ | ५०.९ |
| ६५-६९ वर्ष | १४४०७० | २.९ | ७१०११ | ७३०५९ | ५०.७ |
| ७०-७४ वर्ष | १०७२२८ | २.२ | ५२५०९ | ५४७१९ | ५१.० |
| ७५-७९ वर्ष | ६४५०६ | १.३ | ३१४८० | ३३०२६ | ५१.२ |
| ८०-८४ वर्ष | ३१९३९ | ०.६ | १६०८३ | १५८५६ | ४९.६ |
| ८५-८९ वर्ष | १६७२६ | ०.३ | ७९०८ | ८८१८ | ५२.७ |
| ९०-९४ वर्ष | ५७५६ | ०.१ | २५८७ | ३१६९ | ५५.१ |
| ९५+ वर्ष | २६४६ | ०.१ | १००२ | १६४४ | ६२.१ |

स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली काठमाण्डौ https://censusnepal.cbs.gov.np/results/downloads/provincial/५)

### २.३ जतियताको आधारमा प्रदेशको जनसङ्ख्या विवरण (Population by Ethnicity)

नेपालको जनगणना २०७८ अनुसार नेपालमा १४२ जातजाति रहेका छन् भने कोशी प्रदेशमा १३० जातजाति रहेका छन् । जस अनुसार प्रमूख १० जातजातिमा क्षेत्री १५%, ब्राह्मण पहाड ११.६%, राई १०.२%, याक्थुङ/लिम्बु ७.८ %, तामाङ ४.६%, थारु ४.२%, मुसलमान ४.१%, मगर ४.०% ,नेवार ३.६% र विश्वकर्मा ३.४% रहेका छन् । विस्तृत विवरण तालिका ३ मा रहेको छ ।

**तालिका 3: जात तथा लिङ्गका आधारमा कोशी प्रदेशको जनसङ्ख्या विवरण**

| | जात/जातियता | जनसङ्ख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | जम्मा | प्रतिशत % | पुरुष | महिला | महिला % |
| १ | क्षेत्री | ७४४०७६ | १५.० | ३५९२८३ | ३८४७९३ | ५१.७ |
| २ | ब्राह्मण –पहाड | ५७३१६७ | ११.६ | २७८२५६ | २९४९११ | ५१.५ |
| ३ | राई | ५०६४२२ | १०.२ | २४४५७४ | २६१८४८ | ५१.७ |
| ४ | याक्थुङ/ लिम्बु | ३८७५१५ | ७.८ | १८६९३८ | २००५७७ | ५१.८ |
| ५ | तामाङ | २२८८३८ | ४.६ | ११०४२२ | ११८४१६ | ५१.७ |
| ६ | थारू | २०९५१९ | ४.२ | १०१२५६ | १०८२६३ | ५१.७ |
| ७ | मुसलमान | २०२३८६ | ४.१ | ९८९८८ | १०३३९८ | ५१.१ |
| ८ | मगर | १९६६१८ | ४.० | ९४७५४ | १०१८६४ | ५१.८ |
| ९ | नेवा: (नेवार) | १७८४०५ | ३.६ | ८६१७१ | ९२२३४ | ५१.७ |
| १० | विश्वकर्मा | १६७०३८ | ३.४ | ७९५८८ | ८७४५० | ५२.४ |
| | **सबै जात** | ४९६१४१२ | १००.० | २४१७३२८ | २५४४०८४ | ५१.३ |

स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली काठमाण्डौ

## २.४ साक्षर जनसंख्याले उत्तीर्ण गरेको तह अनुसारको विवरण (Population by their Education Level)

राष्ट्रिय जनगणना २०७८ अनुसार ५ वर्ष भन्दा माथिका लेख पढ गर्न जान्ने व्यक्तिलाई मात्र साक्षर मानिएको छ। कोशी प्रदेशको कुल साक्षरता दर ७९.७ प्रतिशत रहेको छ। कुल साक्षर जनसंख्याको सबैभन्दा बढी २८.१९ प्रतिशत व्यक्तिहरुले प्राथमिक तह (कक्षा १ देखि ५ सम्म) उत्तीर्ण गरेका छन्। त्यसैगरी क्रमश: निम्न माध्यामिक तह ( कक्षा ६ देखि ८ सम्म) उर्त्तिण गर्ने २०.१० प्रतिशित, माध्यामिक तह(कक्षा ९ र १०) उर्त्तिण गर्ने १७.६५, प्रमाणपत्र वा सो सरह उत्तीर्ण गर्ने ११.८७ प्रतिशत र एस्.एल्.सी. वा सो सरह उत्तीर्ण गर्ने ११.३० प्रतिशत रहेका छन् भने स्नातक वा सो सरह र स्नातकोत्तर वा सो सरह उत्तीर्ण गर्ने क्रमश: ३.४५ र १.४३ प्रतिशत रहेको छ। विस्तृत विवरण तालिका ४ मा रहेको छ।

यस समूहले प्राविधिक र व्यावसायिक शिक्षा र तालिम (TVET) कार्यक्रमहरूको लागि अत्यधिक उपयुक्त जनसाङ्ख्यिकीय प्रतिनिधित्व गर्दछ। उक्त व्यक्तिहरूलाई केन्द्रित गर्नाले रोजगारी र सीप विकासमा वृद्धि गर्न सकिन्छ साथै उनीहरूलाई श्रम बजारमा प्रभावकारी रूपमा योगदान गर्न सक्षम बनाउन सकिन्छ। यस परिप्रेक्ष्यमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको दायरा प्रदेशका लागि आशाजनक देखिन्छ।

**तालिका 4: कोशी प्रदेशमा साक्षर जनसंख्याले उर्त्तिण गरेको तह अनुसारको विवरण**

| क्र.सं | स्तर | पुरुष | महिला | महिला % | जम्मा | % |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक वाल विकास | ७७५३१ | ६९२२३ | ४७.१७ | १४६७५४ | ४.०३ |
| २ | प्राथमिक | ५४८०९७ | ४७८०२५ | ४६.५९ | १०२६१२२ | २८.१९ |
| ३ | निम्न माध्यमिक | ३९०८९५ | ३४०५२८ | ४६.५६ | ७३१४२३ | २०.१० |
| ४ | उच्च माध्यमिक | ३३१३३७ | ३१०८७५ | ४८.४१ | ६४२२१२ | १७.६५ |
| ५ | S.L.C./ SEE र समकक्ष | २१२८३८ | १९८५०५ | ४८.२६ | ४११३४३ | ११.३० |
| ६ | प्रमाणपत्र तह र समकक्ष | २१२२०९ | २१९८२० | ५०.८८ | ४३२०२९ | ११.८७ |
| ७ | स्नातक र समकक्ष | ६९७६१ | ५५७२१ | ४४.४१ | १२५४८२ | ३.४५ |
| ८ | स्नातकोत्तर बराबर र सो भन्दा माथि | ३४२३८ | १७८३२ | ३४.२५ | ५२०७० | १.४३ |
| ९ | अन्य | ११९६ | १३८७ | ५३.७० | २५८३ | ०.०७ |
| १० | तह विहीन | २१०१७ | ३०८८८ | ५९.५१ | ५१९०५ | १.४३ |
| ११ | तह उल्लेख नगरेको | ८४९५ | ९१२९ | ५१.८० | १७६२४ | ०.४८ |
| | **जम्मा** | १९०७६१४ | १७३१९३३ | ४७.५९ | ३६३९५४७ | १००.० |

स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली काठमाण्डौ

## २.५ आर्थिक सक्रियताका आधारमा जनसङ्ख्याको वर्गीकरण (Economically Active Population)

राष्ट्रिय जनगणना २०७८ अनुसार १० वर्ष वा सो भन्दा माथिका व्यक्तिहरु जो सन्दर्भ अवधिमा जुनसुकै आर्थिक काम जतिसुकै अवधिको लागि गरेका वा कुनै पनि आर्थिक कामको खोजी गरेका छन भने आर्थिक रुपले सक्रिय जनसंख्या अन्तर्गत पर्दछन् र कुनै आर्थिक काम नगरेका र आर्थिक कामको खोजी पनि नगरेका व्यक्तिहरु आर्थिक रुपले निष्क्रिय जनसंख्या अन्तर्गत पर्दछन्। कोशी प्रदेशमा ७१ प्रतिशत जनसंख्या आर्थिक रुपले सक्रिय, २८.९ प्रतिशत आर्थिक रुपले निष्क्रिय र ०.१ प्रतिशतको आर्थिक स्थिति उल्लेख नभएको देखिन्छ। विस्तृत विवरण तालिका ५ मा रहेको छ।

**तालिका 5 : आर्थिक सक्रियताको आधारमा १० वर्ष वा सो भन्दा माथि उमेर समूहमा कोशी प्रदेशका जनसङ्ख्या विवरण**

| क्र.सं. | जनसङ्ख्या | जम्मा | % | पुरुष | महिला | % |
|---|---|---|---|---|---|---|
| १ | जम्मा जनसङ्ख्या १० वर्ष र सो भन्दा माथि | ४१२७०९४ | १००.० | १९८७१३५ | २१३९९५९ | ५१.९ |
| २ | आर्थिक रूपले सक्रिय | २९३२२०९ | ७१.० | १५१८९७८ | १४१३२३१ | ४८.२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | आर्थिक रूपले निष्क्रिय | ११९१५०९ | २८.९ | ४६६६८३ | ७२४८२६ | ६०.८ |
| ४ | आर्थिक सक्रियता उल्लेख नगरेको | ३३७६ | ०.१ | १४७४ | १९०२ | ५६.३ |

स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली काठमाण्डौ

राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेशको ७१ प्रतिशत जनसङ्ख्या आर्थिकरुपमा सक्रिय रहेको छ भने २८.९ प्रतिशत निष्क्रिय र ०.१ प्रतिशतको आर्थिक स्थिति उल्लेख नभएको पाईएको छ ।आर्थिक रुपले सक्रिय जनसंख्या मध्ये सन्दर्भ अवधिमा कुनै आर्थिक काम गरेको वा काम खोजेको समयको जोड ६ महिना वा सो भन्दा बढी भएका व्यक्तिहरु आर्थिक रुपले अक्सर सक्रीय र ६ महिना भन्दा कम भएका व्यक्तिहरु आर्थिक रुपले अक्सर सक्रीय नभएका गरी बाँडीएको थियो जस अनुसार कोशी प्रदेशमा १० वर्ष वा सो भन्दा माथिको जनसंख्याको ५१.७२प्रतिशत आर्थिक रुपले अक्सर सक्रिय, १९.३२ प्रतिशत आर्थिक रुपले अक्सर सक्रिय नभएका रहेका छन् । त्यसै गरी सन्दर्भ अवधिमा ६ महिना वा सो भन्दा बढी अवधि आर्थिक काम गरेको वा काम खोजेको आर्थिक रुपले अक्सर सक्रीय जनसंख्यालाई अक्सर रोजगार र अक्सर बेरोजगार गरी दुई भागमा विभाजन गरिएको छ । सन्दर्भ अवधिमा काम गरेको समय काम नगरेको भन्दा बढी भएमा अक्सर रोजगार र कम भएमा अक्सर बेरोजगार मानिन्छ जस अनुसार १० वर्ष वा सो भन्दा माथिको जनसंख्याको ४९.०४ प्रतिशत अक्सर रोजगार रहेका छन् भने २.६९ प्रतिशत अक्सर बेरोजगार रहेका छन् । विस्तृत विवरण तालिका ६ मा रहेको छ ।

**तालिका 6 : आर्थिक क्रियाकलापमा संलग्नताको स्थिति**

| विवरण | | | | लिङ्ग | जनसंख्या कोशी प्रदेश | महिला % |
|---|---|---|---|---|---|---|
| **१० वर्ष वा माथीको जम्मा जनसंख्या** | | | | पुरुष | १९८७१३५ | **५१.९** |
| | | | | महिला | २१३९९५९ | |
| **आर्थिकक्रियाकलापको स्थिति** | आर्थिक रूपले सक्रिय | अक्सर सक्रिय | अक्सर रोजगार | पुरुष | ११६०६६४ | **४२.७** |
| | | | | महिला | ८६३३४० | |
| | | | अक्सर बेरोजगार | पुरुष | ५७६४९ | **४८** |
| | | | | महिला | ५३२३८ | |
| | | अक्सरसक्रिय नभएका | | पुरुष | ३००६६५ | **६२.३** |
| | | | | महिला | ४९६६५३ | |
| | आर्थिक रूपले निस्क्रिय | | | पुरुष | ४६६६८३ | **६०.८** |
| | | | | महिला | ७२४८२६ | |
| | आर्थिक स्थिति उल्लेख नभएको | | | पुरुष | १४७४ | **५६.३** |
| | | | | महिला | १९०२ | |

स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली काठमाण्डौ

कोशी प्रदेशमा १० देखी १९ वर्ष उमेर समूहमा महिला भन्दा पुरुषको सङ्ख्या बढी रहेको छ भने बाँकी उमेर समूहमा महिलाको सङ्ख्या ५० प्रतिशत भन्दा बढी रहेकोले महिलाको आर्थिक सक्रियता बढी रहेको छ । समग्रमा महिला सक्रियता ५१.९ प्रतिशत रहेको छ ।

**तालिका 7 : जनसङ्ख्याको प्रकृति (सक्रिय, निष्क्रिय, रोजगार, बेरोजगार आदि) अनुसार जनसङ्ख्या विवरण**

| जनसङ्ख्याको प्रकार र प्रकृति | पुरुष | महिला | महिला % | जम्मा | कोशी प्रदेशको जम्मा जनसंख्या मध्येको % |
|---|---|---|---|---|---|
| १० वर्ष वा सो भन्दा माथिको जनसङ्ख्या | १९८७१३५ | २१३९९५९ | ५१.९ | ४१२७०९४ | ८३ |

| | | | | | |
|---|---|---|---|---|---|
| आर्थक रुपले सक्रिय जनसङ्ख्या | १५१८९७८ | १४१३२३१ | ४८.२ | २९३२२०९ | ५९ |
| रोजगारीमा भएको जनसङ्ख्या (पूर्ण वा आंशिक) | ११६०६६४ | ८६३३४० | ४२.७ | २०२४००४ | ४१ |
| बेरोजगार जनसङ्ख्या | ५७६४९ | ५३२३८ | ४८ | ११०८८७ | २.२ |
| अक्सर सक्रिय नभएका-not usually active | ३००६६५ | ४९६६५३ | ६२.३ | ७९७३१८ | १६ |
| आर्थिक रूपमा निष्क्रिय-out of labor force | ४६६६८३ | ७२४८२६ | ६०.८ | ११९१५०९ | २४ |
| दश वर्ष मुनिको जनसङ्ख्या-No-working papulation | ४३०१९३ | ४०४१२५ | ४८.४ | ८३४३१८ | १७ |
| **जम्मा जनसङ्ख्या** | **२४१७३२८** | **२५४४०८४** | **५१.३** | **४९६१४१२** | **१००** |

स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली काठमाण्डौ Source: https://censusnepal.cbs.gov.np/results/np/downloads/provincial/१

**तालिका 8 : लिङ्ग र उमेरको आधारमा आर्थिक रूपले सक्रिय जनसङ्ख्या विवरण (१० वर्ष माथि उमेर समूह)**

| उमेर समूह | जम्मा | % | पुरुष | पुरुष % | महिला | महिला % |
|---|---|---|---|---|---|---|
| १०-१४ वर्ष | ४५५०५८ | ११.० | २३१५४५ | ५०.९ | २२३५१३ | ४९.१ |
| १५-१९ वर्ष | ४८१८८० | ११.७ | २४२७१५ | ५०.४ | २३९१६५ | ४९.६ |
| २०-२४ वर्ष | ४५१२३४ | १०.९ | २१०७६० | ४६.७ | २४०४७४ | ५३.३ |
| २५-२९ वर्ष | ४१४४४६ | १०.० | १८८६५१ | ४५.५ | २२५७९५ | ५४.५ |
| ३०-३४ वर्ष | ३६८६५० | ८.९ | १६८८५२ | ४५.८ | १९९७९८ | ५४.२ |
| ३५-३९ वर्ष | ३५५२०१ | ८.६ | १६४२१६ | ४६.२ | १९०९८५ | ५३.८ |
| ४०-४४ वर्ष | ३१३७६९ | ७.६ | १४९८२७ | ४७.८ | १६३९४२ | ५२.२ |
| ४५-४९ वर्ष | २५८२१६ | ६.३ | १२४८८७ | ४८.४ | १३३३२९ | ५१.६ |
| ५०-५४ वर्ष | २६५६४८ | ६.४ | १३०४२९ | ४९.१ | १३५२१९ | ५०.९ |
| ५५-५९ वर्ष | २०६५२८ | ५.० | १०२४५८ | ४९.६ | १०४०७० | ५०.४ |
| ६०-६४ वर्ष | १८३५९३ | ४.४ | ९०२१५ | ४९.१ | ९३३७८ | ५०.९ |
| ६५-६९ वर्ष | १४४०७० | ३.५ | ७१०११ | ४९.३ | ७३०५९ | ५०.७ |
| ७०-७४ वर्ष | १०७२२८ | २.६ | ५२५०९ | ४९.० | ५४७१९ | ५१.० |
| ७५+वर्ष भन्दा माथि | १२१५७३ | २.९ | ५९०६० | ४८.६ | ६२५१३ | ५१.४ |
| **कुल जम्मा** | **४१२७०९४** | **१००.०** | **१९८७१३५** | **४८.१** | **२१३९९५९** | **५१.९** |

स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली काठमाण्डौ Source: National Population and Housing Census २०२१. Retrieve from Province/ District/ Local Report | National Population and Housing Census २०२१ Results (cbs.gov.np) Table ५५

**कामको औद्योगिक क्षेत्र बर्गीकरणअनुसारको जनसंख्या (Engagement by Trades)**

जनगणनाको नतिजा अनुसार १० वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिले गरेका आर्थिक कामलाई नेपाल स्तरिय औद्योगिक क्षेत्र अनुसार बर्गीकरण गरी प्रस्तुत गरीएको छ । कोशी प्रदेशमा आर्थिक काममा संलग्न जम्मा २८,३४,०८८ जना मध्ये सबैभन्दा धेरै कृषि वन र माछापालन क्षेत्रमा ६२.७ प्रतिशत रहेका छन् । यस पछि क्रमश: थोक तथाखुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाईकल मर्मतक्षेत्रमा ११.१ प्रतिशत, निर्माणक्षेत्रमा ७ प्रतिशत, उत्पादनमुलक उद्योगमा ४.१ प्रतिशत जनसंख्या संलग्न रहेका छन् । विस्तृत विवरण तालिका १०मा दिएको छ ।

**तालिका 9: औद्योगिक वर्गीकरण अनुसार आर्थिक कार्यमा संलग्न जनसंख्या**

| क्र.स. | उद्योग | जम्मा | % | पुरुष | महिला | महिला % |
|---|---|---|---|---|---|---|
| १ | कृषि, वन तथा मत्स्य | १७७६५६६ | ६२.७ | ८३२९१९ | ९४३६४७ | ५३.१ |
| २ | खानी तथा उत्खनन | ५६२७ | ०.२ | ३६६१ | १९६६ | ३४.९ |
| ३ | उत्पादनमुलक उद्योग | ११५१४८ | ४.१ | ८०७७९ | ३४३६९ | २९.८ |
| ४ | बिजुली, ग्यँास, स्टीम र वातानुकूलित आपूर्ति | ७०७१ | ०.२ | ६२१० | ८६१ | १२.२ |
| ५ | पानी,आपूर्ति,ढलनिकास,फोहोरमैला व्यवस्थापन तथा उपचारात्मक सेवा | ५२०४ | ०.२ | ३६९० | १५१४ | २९.१ |
| ६ | निर्माण | १९७३११ | ७ | १३९३१८ | ५७९९३ | २९.४ |
| ७ | थोक तथाखुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाईकल मर्मत | ३१४१३३ | ११.१ | १५३७५१ | १६०३८२ | ५१.१ |
| ८ | यातायाततथा भण्डारण | ६७५६४ | २.४ | ६५०३७ | २५२७ | ३.७ |
| ९ | आवास तथा भोजन | ४१०२६ | १.४ | २११६२ | १९८६४ | ४८.४ |
| १० | सूचना तथा संचार | ६४४९ | ०.२ | ४९०० | १५४९ | २४ |
| ११ | वित्तीय र बीमा गतिविधिहरू | २४७०५ | ०.९ | १३७६२ | १०९४३ | ४४.३ |
| १२ | घर जग्गा कारेबार | ३६२८ | ०.१ | ३२४० | ३८८ | १०.७ |
| १३ | पेशागत,वैज्ञानिक तथा प्राविधिक | ९४६२ | ०.३ | ७५९४ | १८६८ | १९.७ |
| १४ | प्रशासनिक तथा सहयोगी सेवा | ५९३६ | ०.२ | ४७०४ | १२३२ | २०.८ |
| १५ | सार्वजनिक व्यवस्थापका र रक्षा; अनिवार्य सामाजिक सुरक्षा | ४३५३२ | १.५ | ३६६८० | ६८५२ | १५.७ |
| १६ | शिक्षा | ७५८१५ | २.७ | ४०४१८ | ३५३९७ | ४६.७ |
| १७ | मानव स्वास्थ्य र सामाजिक कार्य गतिविधिहरू | २६८३२ | ०.९ | ११६९८ | १५१३४ | ५६.४ |
| १८ | कला, मनोरञ्जन र मनोविद | ७०४१ | ०.२ | ६०१४ | १०२७ | १४.६ |
| १९ | अन्य सेवा कार्यहरू | ७७९७८ | २.८ | ३०९०१ | ४७०७७ | ६०.४ |
| २० | रोजगारदाताको रूपमा घरपरिवारका गतिविधिहरू | २१०८४ | ०.७ | ७३२० | १३७६४ | ६५.३ |
| २१ | बाह्य संस्थाहरूको गतिविधिहरू | १२७६ | ० | ६७६ | ६०० | ४७ |
| २२ | उल्लेखनभएको | ७०० | ० | ४४६ | २५४ | ३६.३ |
| | **जम्मा** | २८३४०८८ | १०० | १४७४८८० | १३५९२०८ | ४८ |

स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली काठमाण्डौ Source: National Population and Housing Census २०२१. Retrieve from Province/ District/ Local Report | National Population and Housing Census २०२१ Results (cbs.gov.np) Table ५८

**आर्थिक कामको पेशागत बर्गीकरण अनुसारको जनसंख्या (Population by Occupation)**

जनगणनाको नतिजा अनुसार १० वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिले गरेको आर्थिक कामलाई नेपाल स्तरीय पेशागत वर्गीकरण अनुसार प्रस्तुत गरिएको छ। कोशी प्रदेशमा आर्थिक काम गरेका कुल जनसंख्या २८,३४,०८८ मध्ये ५२.०४ प्रतिशत पुरुष र ४७.९६ प्रतिशत महिला रहेका छन्। आर्थिक काम गरेका जनसंख्या मध्ये पेशागत रुपमा सबैभन्दा बढी कृषि बन तथा माछापालनमा संलग्न दक्ष कामदारहरू ५४.५ प्रतिशत रहेका छन् । यसपछी क्रमश: प्रारम्भिक तहका

कामदारहरू२१प्रतिशत, सेवा तथा व्यापार क्षेत्रका कामदार ५.३ प्रतिशत, शिल्प तथा कारीगरी संवन्धि श्रमिकहरू५.३प्रतिशत रहेका छन्। विस्तृत विवरण तालिका १० र ११ मा रहेको छ।

**तालिका 10: आर्थिक काममा संलग्न व्यक्तिहरूको पेशागत वर्गीकरण**

| पेसा | रोजगारीको अवस्था | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कर्मचारी | रोजगार दाता | आफ्नै काम गर्ने | पारिवारिक व्यवसायमा सहयोग गर्ने | नखुले को | जम्मा | % |
| सशस्त्र प्रहरी | ११११७ | | | | | ११११७ | ०.४ |
| व्यवस्थापन | ३१६४४ | १८०३६ | ८९७७६ | ० | १२७ | १३९५८३ | ४.९ |
| पेसागत | ८१६६७ | २४११ | ६९७० | ३६५ | ३७ | ९१४५० | ३.२ |
| प्राविधिक तथा सहायक प्राविधिक | ३७००५ | १०१८ | ५३०६ | ३६१ | २६ | ४३७१६ | १.५ |
| कार्यालय सहयोगी | २४५८३ | ५४३ | २७५० | ६५३ | ८ | २८५३७ | १.० |
| वस्तु बिक्री कर्ताहरू | ५५७९८ | २६५० | ७४१३० | १७७९१ | ५९ | १५०४२८ | ५.३ |
| दक्ष कृषि, वन र मत्स्य पालन कार्यकर्ता | ३७४२१ | ३९७५ | १२४४११४ | २५८९८३ | ८८ | १५४४५८१ | ५४.५ |
| सीप र सम्बन्धित व्यावसायीक कामदारहरू | १०६७०० | २७५७ | ३७६७० | १९०९ | ३० | १४९०६६ | ५.३ |
| प्लान्ट र मेसिन अपरेटरहरू र एसेम्बलरहरू | ५८००२ | १३७७ | १९२९३ | ३४५ | २० | ७९०३७ | २.८ |
| प्राथमिक कामदारहरू | ३२४२०१ | १४२६ | ११०६३७ | १५८५०३ | ६५ | ५९४८३२ | २१.० |
| पेसा उल्लेख नगरिएका | ११०३ | २० | २८७ | २२४ | २७ | १६६१ | ०.१ |
| **जम्मा** | ७६९३२१ | ३४२१३ | १५९०९३३ | ४३९१३४ | ४८७ | २८३४०८८ | १००.० |

स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली काठमाण्डौ

Sectors include different occupational areas linked to sectors. Source: National Population and Housing Census २०२१. Retrieve from Province/ District/ Local Report | National Population and Housing Census २०२१ Results (cbs.gov.np) Table ६१

**तालिका 11 : औपचारिक तथा अनौपचारिक रोजगारीका क्षेत्रमा संलग्न जनसङ्ख्या विवरण**

| रोजगारीका क्षेत्र | पुरुष | महिला | जम्मा | % |
|---|---|---|---|---|
| **औपचारिक** | ३०३००० | १४१००० | ४४४००० | ३६.८ |
| **अनौपचारिक** | ४६३००० | ३०१००० | ७६४००० | ६३.२ |
| **जम्मा** | ७६६००० | ४४२००० | १२०८००० | १००.० |

Source: Report on the Nepal Labor Force Survey २०१७/१८; Retrieved from https://nepalindata.com/media/resources/items/२०/bNLFS-III_Final-Report.pdf

### २.६ .५ विदेशमा अक्सर बसोबास रहेका व्यक्तिको विवरण (Foreign Migrated Population)

**परिवारमा अनुपस्थित(बिदेशमा रहेको) व्यक्ति गएको मुलुकअनुसारको विवरण**

राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेशमा अनुपस्थित (विदेशमा अक्सर बसोबास गर्ने) जनसङ्ख्या ३४३०३४ मध्ये महिलाको हिस्सा १६.४५ प्रतिशत रहेको छ । सो जनसंख्याको सबै भन्दा धैरै ५३.२ प्रतिशतको बसोबास मध्य पूर्वमा रहेको छ त्यस पछि क्रमश: आसियनमा १५ प्रतिशत, भारतमा १३.५ प्रतिशत, अन्य एसियाली मुलुकमा ५.८ प्रतिशत रहेको छ। विस्तृत विवरण तालिका १२ मा रहेको छ।

**तालिका 12: परिवारमा अनुपस्थित(बिदेशमा रहेको) व्यक्ति गएको मुलुकअनुसारको विवरण**

| देश | पुरुष | महिला | जम्मा | % |
|---|---|---|---|---|
| भारत | ३५०१३ | ११३१६ | ४६३२९ | १३.५ |
| सार्क | ८०४ | ३१२ | १११६ | ०.३ |
| आसियान | ४८९९७ | २३८८ | ५१३८५ | १५.० |
| मध्य पूर्व | १६२५६५ | १९९७२ | १८२५३७ | ५३.२ |
| अन्य एसियाली मुलुक | १४६१९ | ५३३१ | १९९५० | ५.८ |
| युरोपीयन मुलुक | ६१७४ | ३९४८ | १०१२२ | ३.० |
| अन्य युरोपीयन मुलुक | ५८२१ | ४३१८ | १०१३९ | ३.० |
| उत्तर अमेरिका | ५९१९ | ४४५२ | १०३७१ | ३.० |
| दक्षिण अमेरिका | ९० | २५ | ११५ | ०.० |
| अफ्रिका | ६३४ | १३५ | ७६९ | ०.२ |
| प्रशान्तीय क्षेत्र | ५२१२ | ३९८१ | ९१९३ | २.७ |
| अन्य | ४२४ | ११२ | ५३६ | ०.२ |
| नखुलेको | ३५९ | ११३ | ४७२ | ०.१ |
| जम्मा | २८६६३१ | ५६४०३ | ३४३०३४ | १००.० |

स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली काठमाण्डौ Source: https://censusnepal.cbs.gov.np/results/np/downloads/provincial/१

**विदेश जानुको कारण अनुसारको जनसंख्या (Reason of Foreign Migration)**

कोशी प्रदेशको विदेशमा रहेका ३४३०३४ जनामध्ये सबै भन्दा धैरै ७६ प्रतिशत तलब/ज्याला मा नोकरीको लागि विदेश गएका छन् त्यस पछाडी क्रमश: कामको खोजी गर्न ८.७ प्रतिशत विदेश गएका छन् भने ७ प्रतिशत अध्ययन/तालिमको लागि विदेश गएको देखिन्छ। तलब/ज्याला नोकरीको लागि विदेश गएका मध्ये ११.९६ प्रतिशत महिलाको हिस्सा रहेछ भने अध्ययन/तालिममा विदेश जाने मध्ये महिलाको हिस्सा ३७.८५ प्रतिशत रहेको छ। विस्तृत विवरण तालिका १३ मा रहेको छ।

**तालिका 13: परिवारमा अनुपस्थित व्यक्ति(विदेशमा रहेको जनसङ्ख्या) विदेश जानुको कारण अनुसारको जनसंख्या**

| क्र.सं. | कारण | पुरुष | महिला | जम्मा | % |
|---|---|---|---|---|---|
| १ | तलब /ज्याला नोकरी | २२९५९० | ३११९२ | २६०७८२ | ७६.० |
| २ | व्यापार / व्यवसाय | १३३२ | ४५२ | १७८४ | ०.५ |
| ३ | अध्ययन / तालिम | १४८६९ | ९०५५ | २३९२४ | ७.० |
| ४ | कामकोखोजी | २५७३८ | ४०८६ | २९८२४ | ८.७ |
| ५ | आश्रित | ११९७० | ९६१९ | २१५८९ | ६.३ |
| ६ | अन्य | १६६९ | १४३० | ३०९९ | ०.९ |
| ७ | उल्लेख नभएको | १४६३ | ५६९ | २०३२ | ०.६ |
| | जम्मा | २८६६३१ | ५६४०३ | ३४३०३४ | १००.० |

स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली काठमाण्डौ Source: https://censusnepal.cbs.gov.np/results/np/downloads/provincial/१

**विदेश गएको देश र विदेश जानुको कारण अनुसारको जनसंख्या (Engagement of the Foreign Migrated Population)**

जनगणना अनुसार लक्षित देशमा कामका लागि मध्यपूर्व, आसियान तथा पढाइका लागि अन्य तेस्रो मुलुक रहेको देखिन्छ। विस्तृत विवरण तालिका १४ मा राखिएको छ।

**तालिका 14 : परिवारमा अनुपस्थित व्यक्ति(विदेशमा रहेको जनसङ्ख्या) विदेश गएको देश र विदेश जानुको कारण अनुसारको जनसंख्या**

| कोशी प्रदेश | भारत | सार्क | आसियान | मध्य पूर्व | अन्य एसियाली | युरोपियन मुलुक | अन्य युरोपियन | उत्तर अमेरिका | दक्षिण अमेरिका | अफ्रिका | प्रशान्तीय क्षेत्र | अन्य | नखुलेको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तलब /ज्याला नोकरी | २६६१९ | ७१४ | ४३९९६ | १५९८१० | १३१८८ | ६०३५ | ४५५६ | ३३२२ | ७५ | ४७७ | १३१४ | ३८५ | २९१ | २६०७८२ |
| व्यापार / व्यवसाय | ७०४ | ७ | १७२ | ४४५ | ११८ | ६७ | ५७ | ११४ | १ | ८ | ८२ | ५ | ४ | १७८४ |
| अध्ययन / तालिम | ५५६१ | २४१ | १५३ | ६३५ | ३४७१ | २४३६ | १३६५ | ३२७८ | १४ | १९३ | ६५१० | ४० | २७ | २३९२४ |
| कामकोखोजी | ४८९७ | ७३ | ४७१० | १६७४३ | १३७७ | ७१६ | ४६० | ५३८ | १३ | २३ | १७० | ६४ | ४० | २९८२४ |
| आश्रित | ६७३७ | ६४ | १९५१ | ४०५५ | १४८९ | ७५५ | २९३४ | २४७८ | ९ | ४४ | ९८४ | ३० | ५९ | २१५८९ |
| अन्य | १२०१ | १३ | १३६ | २१५ | १९४ | ५५ | ६४७ | ५२६ | १ | २१ | ७९ | ३ | ८ | ३०९९ |
| उल्लेख नभएको | ६१० | ४ | २६७ | ६३४ | ११३ | ५८ | १२० | ११५ | २ | ३ | ५४ | ९ | ४३ | २०३२ |
| **जम्मा** | ४६३२९ | १११६ | ५१३८५ | १८२५३७ | १९९५० | १०१२२ | १०१३९ | १०३७१ | ११५ | ७६९ | ९१९३ | ५३६ | ४७२ | ३४३०३४ |

स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली काठमाण्डौ

**विदेशमा अक्सर बसोबास गर्ने व्यक्तिहरुको उमेर समूह अनुसारको जनसंख्या (Age Group of the Foreign Migrated Population)**

राष्ट्रको अर्थतन्त्र सक्रिय श्रमशक्तिद्वारा सञ्चालित हुन्छ। उत्पादनशील जनशक्तिको उपयोगले समग्र राष्ट्रको विकासमा मद्दत गर्छ। तथापि राष्ट्रले युवा र तिनले आर्जन गरेका शिक्षा र तिनको महत्व समयमा बुझ्न नसक्दा युवा बाहिरिने क्रम बढेको छ। क्षणिक विप्रेषणद्वारा आर्थिक सहयोग प्राप्त भएपनि यसको दूरगामी असर देश विकासमा पर्दछ।

जनगणना २०७८ अनुसार विदेशमा रहेको जनसंख्याको उमेर समूह अनुसार हेर्दा १५ वर्ष देखि ४४ वर्ष सम्मको जनसंख्या धेरै रहेको देखिन्छ। सबै भन्दा धेरै १५ देखि २४ उमेर समूहको ४१.८ प्रतिशत त्यसपछाडि क्रमश: २५ देखि ३४ उमेर समूहको ३६.९ प्रतिशत, ३५ देखि ४४ वर्ष उमेर समूहको १३.८ प्रतिशत रहेको छ। विस्तृत विवरण तालिका १५ मा दिइएको छ।

**तालिका 15 : *परिवारमा अनुपस्थित (विदेशमा अक्सर बसोबास गर्ने) उमेर समूह अनुसारको जनसंख्या***

| उमेर समूह | पुरुष | महिला | जम्मा | % |
|---|---|---|---|---|
| **०० -१४** | ८१३२ | ५२०६ | १३३३८ | ३.९ |
| **१५ -२४** | १२०८४४ | २२४५१ | १४३२९५ | ४१.८ |
| **२५ -३४** | १०६७६१ | १९७६७ | १२६५२८ | ३६.९ |
| **३५ -४४** | ४१०५१ | ६१२८ | ४७१७९ | १३.८ |
| **४५- ५४** | ६५०९ | ११५६ | ७६६५ | २.२ |

| | | | | |
|---|---|---|---|---|
| ५५- ६४ | १०११ | ५५६ | १५६७ | ०.५ |
| ६५ + | ३९७ | २८० | ६७७ | ०.२ |
| **नखुलेको** | १९२६ | ८५९ | २७८५ | ०.८ |
| **जम्मा** | २८६६३१ | ५६४०३ | ३४३०३४ | १००.० |

स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली काठमाण्डौ Source: https://censusnepal.cbs.gov.np/results/np/downloads/provincial/१

**विदेशमा रहेका जनसङ्ख्या र देश छाड्ने बेलाको शिक्षाको स्तर (Education level of the Foreign Migrated Population)**

जनगणना २०७८ अनुसार विदेशमा रहेको जनसंख्याले देश छाड्ने बेलामा उत्तीर्ण गरेको तह अनुसार हेर्दा सबैभन्दा धैरै २५ प्रतिशतले माध्यमिक तह उत्तीर्ण गरेर गएका छन् भने १७.२ प्रतिशतले प्रमाणपत्र वा सो सरह, १.६ प्रतिशतले स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेर गएका छन् । विस्तृत विवरण तालिका १६ मा छ ।

**तालिका 16 : लिङ्गका आधारमा विदेशमा रहेकाजनसङ्ख्या र देश छाड्ने बेलाको शिक्षाको स्तर**

| क्र.सं. | शैक्षिक तह | पुरुष | महिला | जम्मा | % |
|---|---|---|---|---|---|
| १ | पूर्वप्राथमिक | ६४२६ | २२२७ | ८६५३ | २.६ |
| २ | प्राथमिकतह | ४१२५२ | ८०८३ | ४९३३५ | १४.६ |
| ३ | निम्नमाध्यमिक | ५६५१८ | ७५४४ | ६४०६२ | १९.० |
| ४ | माध्यमिक | ७४५७८ | ९६२३ | ८४२०१ | २५.० |
| ५ | एस.एल.सी.वा सो सरह | ३६६९३ | ४७८५ | ४१४७८ | १२.३ |
| ६ | प्रमाणपत्रवा सो सरह | ४५९०२ | १२१८७ | ५८०८९ | १७.२ |
| ७ | स्नातकवा सो सरह | १०७१८ | ५००० | १५७१८ | ४.७ |
| ८ | स्नातकोत्तरवा सो सरह | ३७२६ | १७६० | ५४८६ | १.६ |
| ९ | अन्य | १२३ | ५० | १७३ | ०.१ |
| १० | तहनखुलेको/ नभएको | ८४२ | ३६९ | १२११ | ०.४ |
| ११ | उल्लेखनभएको | ६७१५ | २२८९ | ९००४ | २.७ |
| | **जम्मा** | २८३४९३ | ५३९१७ | ३३७४१० | १००.० |

स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली काठमाण्डौ Source: https://censusnepal.cbs.gov.np/results/np/downloads/provincial/१

# परिच्छेद ३
# प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम
## (Technical and Vocational Education and Training)

### ३.१ पृष्ठभूमि (Background)

नेपालमा सञ्चालन भएका प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमलाई मुख्यतः यसको प्रशिक्षण अवधि, प्रशिक्षणको प्रकृति र प्रमाणपत्रको मान्यताको आधारमा दुई भागमा वर्गीकरण गर्न सकिन्छ । यस TVET प्रोफाइलमा उक्त कार्यक्रमहरूलाई औपचारिक प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम र अनौपचारिक प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम शीर्षकमा राखिएको छ ।

औपचारिक प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम अन्तर्गत एस.इ.ई. पश्चातका १८ महिने प्रिडिप्लोमा तह, ३ वर्षे डिप्लोमा तह र ९-१२ अन्तर्गत सामुदायिक विद्यालयमा सञ्चालन गरिने प्राविधिक धारका कार्यक्रमलाई समावेश गरिएको छ भने अनौपचारिक प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम कार्यक्रम अन्तर्गत १४० घण्टा देखि १६९६ घण्टा सम्मका छोटो अवधिका व्यावसायिक तालिम कार्यक्रमहरूलाई समेटिएको छ ।

कोशी प्रदेशमा सञ्चालन भएका यी दुवै प्रकारका कार्यक्रमहरूको विस्तृत विवरण तपसिलका उपखण्डहरूमा विस्तारमा व्याख्या गरिएको छ ।


### ३.२ औपचारीक प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम (Formal Training and Education)

औपचारिक प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम सञ्चालनका नियामक निकायहरूमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) र शिक्षा तथा मानव स्रोत विकास केन्द्र (CEHRD) रहेका छन् । यी दुवै संरचनाहरू सङ्घीय सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत सञ्चालित छन् । यसका साथै कोशी प्रदेश अन्तर्गत सञ्चालित संस्था तथा कार्यक्रमहरूको विकास विस्तार तथा गुणस्तर सुधारका लागि कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले आवश्यकता अनुसार कार्यक्रम गर्दै आइरहेको छ ।

#### ३.२.१ औपचारीक प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँचको अवस्था (Access to Formal Programs)

कोशी प्रदेशमा कुल २२५ वटा लामो अवधिका प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम प्रदायक संस्था सञ्चालनमा रहेको पाइन्छ । जुन नेपालको सञ्चालन भएको कुल सङ्ख्या १६६५ को १३.५१ प्रतिशत हुन आउँछ । यी संस्थाहरूको विस्तृत विवरण चित्र २ मा दिइएको छ ।


**रेखाचित्र 1 : कोशी प्रदेशमा सञ्चालित लामो अवधिका प्राविधिक शिक्षालयहरूको विवरण**




Source: CTEVT र CEHRD को प्रशासनिक तथ्याङ्कहरूको विश्लेषण


उपरोक्त बमोजिमका २२५ प्राविधिक शिक्षालयहरूमा सबै तह र कार्यक्रमहरूमा गरेर १६,१५४ व्यक्तिहरूले आ-आफ्नो रोजाइ अनुसारका प्राविधिक शिक्षाका कार्यक्रम हासिल गर्न सक्दछन। यी शिक्षालयहरूका कार्यक्रमलाई तीन तहमा विभाजन गर्न सकिन्छ, जसमा प्रि-डिप्लोमा तह, डिप्लोमा तह तथा ९-१२ प्राविधिक धारका कार्यक्रमहरू पर्दछन । यी कार्यक्रमहरूको भर्ना क्षमता अलग अलग रूपमा चित्र २ मा देखाइएको छ।

**रेखाचित्र 2 : प्राविधिक कार्यक्रमको तहगत भर्ना क्षमता**




प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदले मुख्यतः चार प्रकारका संस्थाहरूको सञ्चालन अनुमति दिने लगायत व्यवस्थापन तथा नियमनको कार्यहरू समेत गर्दछ। यी संस्थाहरूमा परिषदको व्यवस्थापनमा सञ्चालित आङ्गिक शिक्षालय तथा बहु प्राविधिक शिक्षालय, विभिन्न गैरसरकारी तथा सामुदायिक निकायहरूसँग संयुक्त रूपमा सञ्चालित साझेदारी शिक्षालयहरू, सामुदायिक माध्यामिक विद्यालयको व्यवस्थापन अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम र परिषदबाट सम्बन्धन प्राप्त गरी निजी व्यवस्थापनमा सञ्चालित सम्बन्धन प्राप्त नीजि शिक्षालयहरू रहेका छन्। यी शिक्षालयहरूको भर्ना क्षमता चित्र ३ मा देखाइएको छ।


**रेखाचित्र 3 : प्राविधिक शिक्षालयको प्रकृति अनुसारको भर्ना क्षमता**



### ३.१.२ स्थानीय तहहरूमा शिक्षालयहरूको संस्थागत पहुँच (TVET Access in Local Levels)

कोशी प्रदेशका जम्मा १३७ स्थानीय तह मध्ये १२१ वटा स्थानीय तहहरूमा कुनै न कुनै प्रारूपमा सञ्चालित प्राविधिक शिक्षालयहरू रहेका छन् भने बाँकी १५ वटा स्थानीय तहमा कुनै पनि प्राविधिक शिक्षालयहरू खुलेका वा सञ्चालनमा रहेको पाइँदैन। सबैभन्दा धेरै स्थानीय तहहरूमा प्राविधिक शिक्षालयको संस्थागत पहुँच नपुगेको जिल्ला ताप्लेजुङ हो जसका नौ मध्ये ५ स्थानीय तहहरूमा संस्थागत पहुँच पुगेको छैन। उदयपुर, झापा र ओखलढुङ्गा जिल्लाका सबै स्थानीय तहमा प्राविधिक शिक्षालयको संस्थागत पहुँच पुगेको छ। विस्तृत विवरणका लागि चित्र ४ र अनुसूची २ हेर्नुहोला।

**रेखाचित्र 4: स्थानीय तहमा संस्थागत पहुँचको अवस्था**




### ३.१.२ प्राविधिक कार्यक्रममा भर्ना दर (Enrollment Rate)

कोशी प्रदेश अन्तर्गत सवै किसिमका TVET शिक्षालय/विद्यालयहरूमा समग्रमा १६,१५४ प्रशिक्षार्थीहरूलाई वार्षिक रूपमा भर्ना गरी कार्यक्रम सञ्चालन गर्ने क्षमता रहेको भएतापनि सो क्षमता पूर्ण रूपमा उपयोगमा आएको पाइँदैन। शैक्षिक वर्ष २०८१/०८२ मा CTEVT अन्तर्गतका शिक्षालयहरूमा जम्मा ४८८७ जना प्रशिक्षार्थीहरू मात्र भर्ना भएको पाइन्छ। CEHRD अन्तर्गतको यकिन विवरण उपलब्ध नभएतापनि उपलब्ध तथ्याङ्क तथा सूचनाका आधारमा कक्षा ९ मा ३१७२ र ११ मा १८१८ जना भर्ना भएको अनुमान गर्न सकिन्छ।


यसरी न्यून भर्ना हुनुका प्रमुख कारणमा कतिपय संस्थाहरूले कार्यक्रम नै सञ्चालन गरेको पाइँदैन भने कतिपय संस्थाहरूले कार्यक्रम सञ्चालन गरेको भएतापनि क्षमता भन्दा ज्यादै नै कम प्रशिक्षार्थी भर्ना भएको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको रजिस्ट्रेसन तथ्याङ्कमा भेटिन्छ। विस्तृत विवरणका लागि तालिका १७ हेर्नुहोला।

**तालिका 17 : विगत ५ वर्षमा विभिन्न शिक्षालयहरूमा भर्नाको प्रवृत्ति**

| कार्यक्रम तह | शिक्षालयको प्रकृति | शैक्षिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/८० | २०८०/०८१ | २०८१/०८२ |
| सबै कार्यक्रम | आङ्गिक शिक्षालय | ३३० | ५६४ | ६५१ | ४०७ | ४७२ | ४४३ |
| | साझेदारी शिक्षालय | ६९१ | १२३१ | १०६७ | १३३० | १३६६ | ९५२ |
| | टेक्स विद्यालय | १५१६ | १६६८ | १४१३ | १३८६ | ११४१ | ८०९ |
| | निजी शिक्षालय | ४०३४ | २१०९ | १६८९ | १८४० | १९०६ | २६८३ |
| | जम्मा | ६५७१ | ५५७२ | ४८२० | ४९६३ | ४८८५ | ४८८७ |
| प्रि डिप्लोमा कार्यक्रम | आङ्गिक शिक्षालय | ५८ | ५८ | ८७ | ३३ | ६६ | ७४ |
| | साझेदारी शिक्षालय | २६७ | १८७ | १७८ | ४१७ | ५६४ | ३११ |
| | टेक्स विद्यालय | ८२३ | ६५० | ५७८ | ६४२ | ५४२ | ४९२ |
| | निजी शिक्षालय | २४६७ | ५७३ | ३८८ | २३४ | १०० | ७२ |
| | जम्मा | ३६१५ | १४६८ | १२३१ | १३२६ | १२७२ | ९४९ |
| डिप्लोमा कार्यक्रम | आङ्गिक शिक्षालय | २७२ | ५०६ | ५६४ | ३७४ | ४०६ | ३६९ |
| | साझेदारी शिक्षालय | ४२४ | १०४४ | ८८९ | ९१३ | ८०२ | ६४१ |
| | टेक्स विद्यालय | ६९३ | १०१८ | ८३५ | ७४४ | ५९९ | ३१७ |
| | निजी शिक्षालय | १५६७ | १५३६ | १३०१ | १६०६ | १८०६ | २६११ |
| | जम्मा | २९५६ | ४१०४ | ३५८९ | ३६३७ | ३६१३ | ३९३८ |

स्रोत: प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदको website: www.ctevt.org.np


**रेखाचित्र 5: कार्यक्रमको तहअनुसार प्राविधिक कार्यक्रमको औसत भर्ना सङ्ख्या**




स्रोत: प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदको website: www.ctevt.org.np

प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिममा देखिएको न्यून भर्ना दर परिषद् अन्तर्गत सञ्चालित प्रि-डिप्लोमा तथा डिप्लोमा तहका कार्यक्रममा मात्र नभै शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट सञ्चालित प्राविधिक धारका कार्यक्रममा समेत समस्याका रूपमा देखिन्छ। प्राविधिक धार अन्तर्गत सञ्चालित कार्यक्रमको पहिलो वर्ष अर्थात् कक्षा नौ मा भर्ना दर सन्तोषजनक (५९ प्रतिशत) नै भएपनि कक्षा बाह्रमा पुग्दा ज्यादै न्यून (३४ प्रतिशत) रहेको पाइन्छ। पुरा तथ्याङ्कको लागि रेखाचित्र ६ हेर्नुहोस्।

**रेखाचित्र 6 : प्राविधिक धारका कार्यक्रममा भर्ना अवस्था**




### ३.२ अनौपचारिक प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम (Non-formal TVET)

यस खण्डमा छोटो अवधिका व्यावसायिक तालिम प्रदायक संस्थाको विवरण तथा सीप परीक्षण सम्बन्धी विवरण समावेश गरिएको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदले १४० घण्टा देखि १६९६ घण्टा सम्मका २७४ वटा व्यावसायिक तालिमका पाठ्यक्रम निर्माण गरेको छ। यसैगरी राष्ट्रिय सीप परीक्षण समितिबाट ३१४ वटा राष्ट्रिय व्यावसायिक सीप प्रमाणिका निर्माण गरी सोही अनुरूप सीप परीक्षणका कार्यहरू सञ्चालन गर्दै आएको छ। परिषदले आर्थिक वर्ष २०८१/०८२ को मसान्तसम्म १६२१ वटा छोटो अवधिका व्यावसायिक तालिम प्रदायक संस्थाहरूलाई निश्चित पाठ्यक्रम तथा ट्रेड कार्यक्रम सञ्चालन गर्ने गरी सम्बन्धन दिएकोमा २३२ वटा संस्था कोशी प्रदेशमा पर्छन्।

उक्त संस्थाहरूलाई प्रति संस्था ६.५ वटा कार्यक्रम सञ्चालनका लागि अनुमति प्रदान गरेको छ। सम्बन्धन प्राप्त संस्था तथा कार्यक्रमको जिल्लागत विवरणका लागि तालिका १८ र स्वीकृत कार्यक्रमका लागि अनुसूची ८ हेर्नुहोला।

**तालिका 18 : छोटो अवधिका व्यावसायिक तालिमकालागि सम्वन्धन प्राप्त संस्थाहरू**

| क्रस | जिल्ला | संस्था सङ्ख्या | औसत स्वीकृत कार्यक्रम | कुल स्वीकृत कार्यक्रम |
|---|---|---|---|---|
| १ | धनकुटा | १ | ३५.०० | ३५ |
| २ | इलाम | ६ | ४.३३ | २६ |
| ३ | झापा | ४४ | ५.६४ | २४८ |
| ४ | खोटाङ | ३ | ५.०० | १५ |
| ५ | मोरङ | ६४ | ६.८९ | ४४१ |
| ६ | ओखलढुङ्गा | २ | ७.०० | १४ |
| ७ | संखुवासभा | ४ | ३.५० | १४ |
| ८ | सोलुखुम्बु | २ | ३.०० | ६ |
| ९ | सुनसरी | ७२ | ६.८१ | ४९० |
| १० | तेह्रथुम | २ | ९.५० | १९ |
| ११ | उदयपुर | १५ | ३.०७ | ४६ |
| | **कोशी प्रदेश जम्मा** | **२१५** | **६.३०** | **१३५४** |

स्रोत: प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदको website: www.ctevt.org.np

### ३.२.१ सीप परीक्षण सम्वन्धी अवस्था (Status of the Skill Test)

परिषद् अन्तर्गत अर्ध स्वायत्त संस्थाका रूपमा राष्ट्रिय सीप परीक्षण समितिबाट हाल सम्म ३१४ वटा सीप प्रमाणिका निर्माण गरी हातमा सीप भएका तर मान्यता प्राप्त प्रमाण पत्र नभएका व्यक्तिहरूको सीप परीक्षण गरी सीपको स्तर निर्धारण गर्न परीक्षण गर्दै आइरहेको छ। राष्ट्रिय सीप परीक्षण समितिले स्थापना कालदेखि हाल सम्ममा करिब ७१७,४२६ जनाको सीप परीक्षण गरिसकेको र सो मध्ये ५१८,४६७ ले विभिन्न तहको सीप प्रमाणपत्र प्राप्त गरिसकेका छन्। यसै अनुसार पछिल्लो पाँच वर्ष अर्थात् २०७६-७७ देखि २०८०-८१ सम्म २४०,७६८ व्यक्तिहरूले सीप परीक्षणका लागि आवेदन गरेकोमा त्यसको करीब १९.९ प्रतिशत कोशी प्रदेशका रहेका छन्। कोशी प्रदेशबाट सीप परीक्षणमा संलग्न हुनेहरूको तहगत, क्षेत्रगत तथा लैङ्गिक विवरण तालिका १९ मा प्रस्तुत गरिएको छ।

**तालिका 19 : क्षेत्रगत रुपमा सीप परीक्षण सहभागीको विवरण**

| क्र.स. | क्षेत्र | सीप परीक्षामा आवेदकको उत्तीर्णको विवरण | |
|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत |
| १ | टेक्सटाइल | ४३१३ | ९ |
| २ | सिलाई/गार्मेन्ट | ६६३ | १.४ |
| ३ | सेवा | ३८५ | ०.८ |
| ४ | सुरक्षा सेवा | २२५१ | ४.७ |
| ५ | फोटोग्राफी | ७८७० | १६.४ |
| ६ | अन्य | ७०३१ | १४.७ |
| ७ | पर्वतारोहण | १४०५ | २.९ |
| ८ | मेकानिकल | ५६ | ०.१ |
| ९ | पुस्तकालय र सूचना विज्ञान | ३ | ० |
| १० | मानव सेवा | ७५ | ०.२ |
| ११ | आतिथ्य उद्योग | ५६५५ | ११.८ |
| १२ | स्वास्थ्य | १८ | ० |
| १३ | हस्तकला | २ | ० |
| १४ | बन विज्ञान | १८४० | ३.८ |
| १५ | इलेक्ट्रोनिक्स | १४ | ० |
| १६ | इलेक्ट्रिकल | १३५८ | २.८ |
| १७ | निर्माण | १ | ० |
| १८ | कम्प्युटर | १०३ | ०.२ |
| १९ | व्यापार व्यावसाय | ५९६४ | १२.४ |
| २० | अटोमोवाइल | ८६६९ | १८.१ |
| २१ | कृषि | २८२ | ०.६ |
| | **कुल** | ४७९५८ | १००.० |

स्रोत: प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद, राष्ट्रिय सीप परीक्षण समितिको website: www.nstb.org.np

कोशी प्रदेशबाट सीप परीक्षणमा उत्तीर्ण हुनेहरूको क्षेत्रगत नतिजाको आधारमा अध्ययन गर्दा प्रमुख ५ सीप क्षेत्रहरूमा क्रमशः अटोमोवाइल, फोटोग्राफी, व्यापार व्यावसाय, आतिथ्य उद्योग, टेक्सटाइल रहेका छन् भने लैङ्गिक सङ्ख्याका आधारमा पुरुष भन्दा महिला सङ्ख्या उच्च (५३.९%) रहेको छ।

**तालिका 20 : सीप परीक्षणमा सहभागीको लैङ्गिक विवरण**

| क्रस | लिङ्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | २५८३३ | ५३.९ |
| २ | पुरुष | २२१२० | ४६.१ |
| ३ | अन्य | ५ | ० |
| | **कुल** | ४७९५८ | १००.० |

स्रोत: प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद, राष्ट्रिय सीप परीक्षण समितिको website: www.nstb.org.np

त्यस्तै सीप परीक्षणमा सामेल हुनेहरूको सङ्ख्याका आधारमा तह १ मा सामेल हुनेको सङ्ख्या बढी (९०.५%) रहेको छ। यसबाट अनुमान लगाउन सकिन्छ की धैरैजसो युवाहरूले रोजगारीका लागि प्रमाण पत्र आवश्यक हुने हुँदा सीप परीक्षणमा सामेल भएका हुन।

**तालिका 21: सीप परीक्षणमा सहभागीको तहगत विवरण**

| क्रस | तह | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | तह १ | ४३३९१ | ९०.५ |
| २ | तह २ | ४१७२ | ८.७ |
| ३ | तह ३ | ३८१ | ०.८ |
| ४ | तह ४ | १४ | ० |
| | **सबै तह** | ४७९५८ | १००.० |

स्रोत: प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद, राष्ट्रिय सीप परीक्षण समितिको website: www.nstb.org.np

सीप परीक्षणमा सहभागी मध्ये करिब ६१ प्रतिशत उत्तीर्ण हुने गरेको पाइएको छ। तर यो दर तहगत रूपमा फरक फरक परेको देखिन्छ। तह १ मा उत्तीर्ण दर ६३ % हुँदा तह २ मा ४० % र तह ३ मा १७ % रहेको पाइन्छ। तह चारमा भने आवेदकहरू १४ जना मात्र रहेको पाइन्छ।

**तालिका 22 : विभिन्न तहमा सीप परीक्षणको नतिजा**

| क्रस | सीप परीक्षण तह | पास | | फेल | रद्द | अनुपस्थित | कुल |
|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | | | | |
| १ | तह एक | २७५३५ | ६३ | ११८४१ | ३९५ | ३६२० | ४३३९१ |
| २ | तह दुइ | १६७४ | ४० | १८२५ | ४८ | ६२५ | ४१७२ |
| ३ | तह तिन | ६५ | १७ | २२५ | १ | ९० | ३८१ |
| ४ | तह चार | १० | ७१ | ० | ० | ४ | १४ |
| | **सबै तह** | २९२८४ | ६१ | १३८९१ | ४४४ | ४३३९ | ४७९५८ |

स्रोत: प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद, राष्ट्रिय सीप परीक्षण समितिको website: www.nstb.org.np

# परिच्छेद ४
# उद्योग र रोजागारदाता (Industry and Employer)

## ४.१ उद्योग र रोजागारदाता (Industry and Employer)

यस खण्डमा कोशी प्रदेशमा रहेका उद्योगको सङ्ख्या तथा किसिम र प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमका स्नातकहरूका लागि उपलब्ध रोजगारीको अवस्था बारे विश्लेषण गरिएको छ।

### ४.१.१ आर्थिक प्रतिष्ठानहरूको सङ्ख्या (Number of Financial Institutions)

राष्ट्रिय तथ्याङ्क कार्यालयले वि.सं. २०७६ सालमा देशभरि नै छरिएर रहेका आर्थिक कारोबार गर्ने एकाइहरूको पहिचान तथा संख्या यकिन गर्न आर्थिक गणना गरेको थियो। उक्त गणना अनुसार कोशी प्रदेशमा कुल १६८,५१८ आर्थिक प्रतिष्ठानहरू सञ्चालनमा रहेको पाइएको थियो। यी आर्थिक प्रतिष्ठानहरूमा ५४४,०७९ व्यक्तिहरू संलग्न भएको तथ्याङ्कबाट देखिएको थियो भने संलग्न व्यक्तिहरूमा पुरुषको वर्चश्व (५९.६ %) देखिएता पनि महिलाको हिस्सा समेत उल्लेख मात्रामा (४०.४ %) रहेको पाइन्छ। उक्त गणनाबाट जिल्लागत रूपमा देखिएका आर्थिक प्रतिष्ठानहरूको सङ्ख्या तथा उक्त प्रतिष्ठानहरूमा संलग्न जनशक्तिको विवरण तालिका २३ मा देखाइएको छ।

**तालिका 23 : आर्थिक प्रतिष्ठानहरूको जिल्लागत सङ्ख्या र संलग्न जनशक्तिको विवरण**

| क्र.स. | जिल्ला | कुल उद्योग सङ्ख्या | कुल रोजगारी सङ्ख्या | पुरुष | महिला |
|---|---|---|---|---|---|
| नेपाल | | ९२२४४५ | | | |
| कोशी प्रदेश | | १६८४२४ | ५४४,०७९ | ३२४,०३७ | २२०,०४२ |
| १ | ताप्लेजुङ | ४६५३ | ६,६९९ | ४,८७४ | ४,८७४ |
| २ | संखुवासभा | ६०३७ | १०,८५० | ८,३७७ | ८,३७७ |
| ३ | सोलुखुम्बु | ३५०६ | ९,७०६ | ९,४२८ | ९,४२८ |
| ४ | ओखलढुंगा | ४३५० | १०,२९० | ११,७४१ | ११,७४१ |
| ५ | खोटाङ | ४३०७ | ६,६४५ | ४,६६९ | ४,६६९ |
| ६ | भोजपुर | ४०७४ | ५,८७८ | ४,४८४ | ४,४८४ |
| ७ | धनकुटा | ६००९ | ८,६८५ | ७,१३५ | ७,१३५ |
| ८ | तेह्रथुम | ३४१० | ५,०४५ | ३,९१० | ३,९१० |
| ९ | पाँचथर | ५४४१ | ७,६६१ | ५,८७३ | ५,८७३ |
| १० | इलाम | ९६६७ | १५,११३ | ११,६९१ | ११,६९१ |
| ११ | झापा | ३८७४१ | ६८,८९० | ४७,९४७ | ४७,९४७ |
| १२ | मोरङ | ३५२३७ | ८३,२७५ | ४४,६१२ | ४४,६१२ |
| १३ | सुनसरी | ३१४८६ | ६९,०२१ | ४३,६८७ | ४३,६८७ |
| १४ | उदयपुर | ११५१६ | १६,२७९ | ११,६१४ | ११,६१४ |

स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली काठमाण्डौ

**४.१.१ उद्योग विभाग अन्तर्गत दर्ता भएका उद्योगको विवरण (Information of industries registered in the Department of Industry)**

उद्योगहरूको नियमन गर्ने प्रमुख निकाय उद्योग विभागले साना, मझौला देखि ठूला उद्योगहरूको तथ्याङ्क अद्यावधिक गर्ने गरेको छ। उक्त विवरण अनुसार कोशी प्रदेशमा कुल ८९८ उद्योगहरू पाइएको छ। ती उद्योगहरू विभिन्न क्षेत्रहरूमा सञ्चालन भइरहेको पाइन्छ। उद्योगको क्षेत्रगत वर्गीकरण अनुसार सबैभन्दा ठूलो हिस्सा ८३.२ प्रतिशत उत्पादन मूलक क्षेत्रमा कार्यरत रहेका छन् भने सेवा मूलक उद्योगको हिस्सा केवल ७.१ प्रतिशत र कृषि तथा वनजन्य उद्योग ४.४ प्रतिशत रहेको पाइन्छ। तपसिलको तालिकामा उद्योगको क्षेत्रगत वितरण देखाइएको छ।

**तालिका 24 : प्रदेशका उद्योगहरूको क्षेत्रगत वितरण**

| क्रस | उद्योगको क्षेत्र | उद्योगको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि तथा वनजन्य | २९ | ४.४ |
| २ | ऊर्जामूलक | ११ | १.७ |
| ३ | पूर्वाधार | ४ | ०.६ |
| ४ | उत्पादनमूलक | ५५० | ८३.२ |
| ५ | खानीजन्य | २ | ०.३ |
| ६ | सेवामूलक | ४७ | ७.१ |
| ७ | पर्यटन | १८ | २.७ |
| | **जम्मा** | ६६१ | १००.० |

स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली काठमाण्डौ

यसरी दर्ता भएका उद्योगहरूमा सबैभन्दा बढि मोरङ जिल्लामा कुल ३१२ वटा र सबैभन्दा कम तेह्रथुम जिल्लामा ५ वटा उद्योग दर्ता भएको देखिन्छ। यसैगरी उल्लेख्य रूपमा उद्योगको सङ्ख्या हुने जिल्लामा झापा, सुनसरी र सोलुखुम्बु र इलाम जिल्ला पर्दछन्।


**तालिका 25 : उद्योगहरूको जिल्लागत विवरण**

| क्रस | जिल्ला | कुल उद्योग सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ताप्लेजुङ | ३२ | ३.६ |
| २ | संखुवासभा | ३३ | ३.७ |
| ३ | सोलुखुम्बु | ५९ | ६.६ |
| ४ | ओखलढुंगा | ६ | ०.७ |
| ५ | खोटाङ | ९ | १ |
| ६ | भोजपुर | १८ | २ |
| ७ | धनकुटा | २० | २.२ |
| ८ | तेह्रथुम | ५ | ०.६ |
| ९ | पाँचथर | १३ | १.४ |
| १० | इलाम | ५० | ५.६ |
| ११ | झापा | १६२ | १८ |
| १२ | मोरङ | ३१२ | ३४.७ |
| १३ | सुनसरी | १७४ | १९.४ |
| १४ | उदयपुर | ५ | ०.६ |
| | **जम्मा** | ८९८ | १०० |


स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली काठमाण्डौ

कोशी प्रदेशमा रहेका कुल ८९८ उद्योगहरूमा सबैभन्दा बढि ४१ प्रतिशत मझौला उद्योगहरूको हिस्सा रहेको छ भने ३१ प्रतिशत साना उद्योग र २८ प्रतिशत ठूला उद्योगहरूको हिस्सा रहेको छ।

**रेखाचित्र 7 : उद्योगको स्तर अनुसारको वर्गीकरण**




**रेखाचित्र 8: उद्योगको क्षेत्रगत वर्गीकरण**




स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली काठमाण्डौ

कोशी प्रदेशका कुल ८९८ उद्योगहरूको रोजगारीको तथ्याङ्क उपलब्ध भएकोमा प्रति उद्योग ९३ का दरले कुल ८२,६९० जनशक्ति कार्यरत रहेका पाइन्छन्। जसमा सबै भन्दा धेरै मझौला उद्योगमा त्यस पश्चात् ठूला उद्योग र सबैभन्दा कम साना उद्योगहरूमा रहेको पाइन्छन्।

**तालिका 26 : उद्योगहरूको स्तरगत सङ्ख्या एवं औसत र कुल रोजगारी**

| क्र.स. | उद्योगको स्तर | उद्योगको कुल सङ्ख्या | औसत कार्यरत जनशक्ति | कुल कार्यरत जनशक्ति |
|---|---|---|---|---|
| १ | ठूला उद्योग | २५१ | ११०.४२ | २७७१६ |
| २ | मझौला उद्योग | ३६५ | १०१.७४ | ३७१३४ |
| ३ | साना उद्योग | २७५ | ६४.८७ | १७८४० |
| | **सबै उद्योग** | ८९१ | ९२.८१ | ८२६९० |

स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली काठमाण्डौ

## ४.२ उत्पादनको रोजगारीको अवस्था (Condition of graduates Employment)

प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम कार्यक्रमहरूबाट उत्पादित जनशक्तिहरू विभिन्न स्वदेशी तथा विदेशी संस्थाहरूमा रोजगार गर्ने अपेक्षा गरिएको हुन्छ। यस अनुरूप जनशक्तिहरू विभिन्न रूपमा श्रम बजारमा रोजगाररत रहेको समेत पाइन्छ। रोजगारीको दरलाई विभिन्न विषयहरूले प्रभाव पारिरहेको हुन्छ जसको पहिचानका लागि अनुगमन अध्ययन तथा बजार सर्वेक्षणको आवश्यकता पर्दछ। नेपालमा भरपर्दो र राष्ट्रिय रूपमा यस प्रकारको सर्वेक्षण कमै मात्रामा गरिएको भएतापनि फुटकर रूपमा भने यस प्रकारको अध्ययन भइराखेको देखिन्छ। विगतमा गरिएका र सार्वजनिक रूपमा उपलब्ध भएका यस प्रकारको अनुसन्धान प्रतिवेदनको गहन अध्ययन तथा विश्लेषण गर्दा करिब ६० प्रतिशत उत्पादित जनशक्ति अध्ययनसँग सम्बद्ध रोजगारीमा संलग्न भएको पाइन्छ। यस सम्बन्धमा थप जानकारी तपसिलको तालिकामा देखाइएको छ।

**तालिका 27 : सीप परीक्षणका प्रमुख रोजगार उन्मुख पेसाहरू**

| क्र.सं. | लक्षित समूह तथा कार्यक्रम | रोजगारी दर | लक्षित विषय / ट्रेड | लक्षित क्षेत्र | सन्दर्भ मिति | प्रकाशन गर्ने संस्था |
|---|---|---|---|---|---|---|
| १ | CTEVT डिप्लोमा | ५८.२ | प्राय सबै | नेपाल | २०७८ | CTEVT |
| २ | CTEVT डिप्लोमा | ५९.५ | इन्जिनियरिङ | नेपाल | २०७८ | CTEVT |
| ३ | CTEVT डिप्लोमा | ४४.३ | कृषि | नेपाल | २०७८ | CTEVT |
| ४ | CTEVT डिप्लोमा | ६७.८ | स्वास्थ्य | नेपाल | २०७८ | CTEVT |
| ५ | CTEVT डिप्लोमा | ६६.७ | होटेल व्यवस्थापन | नेपाल | २०७८ | CTEVT |
| ६ | CTEVT प्रि डिप्लोमा | ४८.९ | प्रमुख आठ | नेपाल | २०१६ | CTEVT |
| ७ | CTEVT डिप्लोमा | ५१% | प्रमुख आठ | नेपाल | | CTEVT |
| ८ | CTEVT प्रि-डिप्लोमा तथा डिप्लोमा | ६०% | प्राय सबै | बागमती प्रदेश | २०७८ | CTEVT, बागमती प्रदेश कार्यालय |
| ९ | CTEVT प्रि-डिप्लोमा तथा डिप्लोमा | ९४% | स्वास्थ्य | कोशी प्रदेश | २०६५ - २०७५ | राष्ट्रिय योजना आयोग |
| १० | CTEVT प्रि-डिप्लोमा तथा डिप्लोमा | ८४% | इन्जिनियरिङ | कोशी प्रदेश | २०६५ - २०७५ | राष्ट्रिय योजना आयोग |
| ११ | CTEVT प्रि-डिप्लोमा तथा डिप्लोमा | ७०% | कृषि | कोशी प्रदेश | २०६५ - २०७५ | राष्ट्रिय योजना आयोग |
| १२ | CTEVT प्रि-डिप्लोमा तथा डिप्लोमा | ८०% | होटेल व्यवस्थापन | नेपाल | २०६५ - २०७५ | राष्ट्रिय योजना आयोग |

### ४.३ बजारमा उच्च माग भएका सिपयुक्त जनशक्तिको विवरण (Information of highly demanded Skilled human resources in the market)

बजार मागलाई हेर्दा धेरै विषयहरूले प्रभाव पार्ने र बजारमाग पनि समयानुक्रम परिवर्तन भइरहने हुँदा यस सम्बन्धमा सङ्कलन गरिएको सूचना तथा जानकारी निश्चित कालखण्डका लागि मात्र सान्दर्भिक हुने गर्दछ। बजारको माग पहिचानका लागि रोजगार दाता सर्वेक्षण प्रतिवेदन तथा सम्बन्धित कार्यक्रमका स्नातकहरूको अनुगमन अध्ययन प्रतिवेदनलाई आधार लिने गरिएको छ । रोजगार दाता सर्वेक्षणमा उच्च माग देखिएका र अनुगमन अध्ययनमा उच्च रोजगारी दर पाइएका कार्यक्रमहरू उच्च मागका रूपमा व्याख्या गरिएको हो।

विभिन्न कालखण्डमा सम्बन्धित संस्थाहरूले सञ्चालन गरेका अध्ययन तथा अनुसन्धान प्रतिवेदनको आधारमा केही पेसा तथा कार्यक्रमहरूलाई तुलनात्मक रूपमा उच्च माग भएका पेसा तथा कार्यक्रमको रूपमा तपसिलको तालिकामा समावेश गरिएकोछ।

**तालिका 28 : उच्च रोजगारी दर भएका कार्यक्रमहरू**

| क्रस | छोटो अवधिको तालिमको पेसाहरू | रोजगारीमा संलग्न सङ्ख्या | रोजगार प्रतिशत | बेरोजगार रहेका सङ्ख्या | सर्वेक्षणमा संलग्न कुल सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | आर्क वेल्डर (Arc Welder) | २ | १०० | ० | २ |
| २ | आर्क वेल्डर (Arc Welder (IG/१F) | १ | १०० | ० | १ |
| ३ | असिस्टेन्ट प्लम्बर (Assistant plumber) | २ | १०० | ० | २ |
| ४ | ब्रिक लेयर मेसन(Brick Layer Mason) | ७ | ७८ | २ | ९ |
| ५ | बिल्डिंग पेन्टर(Building Painter) | २ | ६७ | १ | ३ |
| ६ | असिस्टेन्ट कार्पेन्टर(Assistant Carpenter) | १ | १०० | ० | १ |
| ७ | कन्स्ट्रक्सन वर्कर (Construction Worker) | २ | १०० | ० | २ |
| ८ | फर्निचर मेकर (Furniture Maker) | १ | १०० | ० | १ |
| ९ | जुनियर प्लम्बर (Junior Plumber) | ० | ० | १ | १ |
| १० | बिल्डिंग इलेक्ट्रिसियन(Building Electrician) | २९ | ८५ | ५ | ३४ |
| ११ | इन्डस्ट्रियल इलेक्ट्रिसियन(Industrial Electrician) | १ | १०० | ० | १ |
| १२ | एग्रिकल्चर जुनियर टेक्निसियन(Agriculture Junior Technician) | २ | १०० | ० | २ |
| १३ | कम्युनिटी लाइभस्टक असिस्टेन्ट (Community Livestock Assistant) | १ | १७ | ५ | ६ |
| १४ | लाइभस्टक जुनियर टेक्निकल असिस्टेन्ट (Livestock Junior Technical Assistant) | १ | १०० | ० | १ |
| १५ | लाइभस्टक जुनियर टेक्निसियन (Livestock Junior Technician) | १ | ५० | १ | २ |
| १६ | मसरुम ग्रोअर (Mushroom Grower) | १ | १०० | ० | १ |

| क्रस | छोटो अवधिको तालिमको पेसाहरू | रोजगारीमा संलग्न सङ्ख्या | रोजगार प्रतिशत | बेरोजगार रहेका सङ्ख्या | सर्वेक्षणमा संलग्न कुल सङ्ख्या |
|---|---|---|---|---|---|
| १७ | इन्डियन कुक (Indian Cook) | ५ | ६३ | ३ | ८ |
| १८ | नेपाली कुजिन कुक (Nepali Cuisine Cook) | १ | ५० | १ | २ |
| १९ | मोवाइल फोन रिपेयर टेक्निसियन (Cell/Mobile Phone Repair Technician) | २ | ५० | २ | ४ |
| २० | कम्प्युटर हार्डवेयर टेक्निसियन(Computer Hardware Technician) | १ | १०० | ० | १ |
| २१ | कम्प्युटर अपरेटर (Computer Operator) | ० | ० | १ | १ |
| २२ | मोटर साइकल मेकानिक(Motorcycle Mechanic) | १ | १०० | ० | १ |
| २३ | मेकानिकल फिटर (Mechanical Fitter) | १ | १०० | ० | १ |
| २४ | रेफ्रिजरेसन एंड एयर कण्डीसनिंग मेकानिक (Refrigeration and Air Condition Mechanic) | २ | ६७ | १ | ३ |
| २५ | रेफ्रिजरेसन एंड एयर कण्डीसनिंग जुनियर मेकानिक(Refrigeration and Air Conditioning Junior Mechanic) | १ | १०० | ० | १ |
| २६ | कम्मिस-I(Commis-I) | ६ | ५५ | ५ | ११ |
| **सबै पेसाहरू** | | ७६ | ७२ | ३० | १०६ |

**स्रोत :** यस तालिकामा राष्ट्रिय सीप परीक्षण समितिले २०२१/२२ मा सीप परीक्षण उत्तीर्ण भएका स्नातकहरूमा गरेको अनुगमन अध्ययनका आधारमा तुलनात्मक रूपमा उच्च रोजगारीदर भएका पेसाहरूलाई समावेश गरिएको हो ।

यसैगरी राष्ट्रिय सीप परीक्षण समितिले २०२१/२२ मा सीप परीक्षण उत्तीर्ण भएका स्नातकहरूमा गरेको अनुगमन अध्ययनका आधारमा अतिथि सत्कार क्षेत्र सूचना प्रविधि क्षेत्र र अटोमोवाइल, मेकानिकल, क्षेत्रका स्नातकहरूको रोजगार दर उच्च रहेको देखिन्छ जसलाई उच्च बजार मागको सङ्केतको रूपमा समेत बुझ्न सकिन्छ ।

**तालिका 29: सीप परिक्षणको क्षेत्रगत रोजगारीको दर**

| क्रस | सीप परीक्षण पेसा | रोजगारीको अवस्था | | | सर्वेक्षणमा सहभागी कुल सङ्ख्या |
|---|---|---|---|---|---|
| | | रोजगारीमा रहेका | रोजगार प्रतिशत | रोजगारीमा नरहेका | |
| १ | निर्माण | १८ | ८२ | ४ | २२ |
| २ | बिद्युत | ३० | ८६ | ५ | ३५ |
| ३ | कृषि तथा बन | ६ | ५० | ६ | १२ |
| ४ | अतिथि सत्कार | १२ | ५७ | ९ | २१ |
| ५ | सूचना प्रविधि | ५ | ५० | ५ | १० |
| ६ | अटोमोवाइल | १ | १०० | ० | १ |
| ७ | मेकानिकल | ४ | ८० | १ | ५ |
| | **कुल जम्मा** | ७६ | ७२ | ३० | १०६ |

### ४.४ औद्योगिक माग सर्वेक्षणबाट उच्च माग देखिएका प्रमुख पेशाहरू (Highly demanded occupations found from Industrial need Survey)

युरोपियन युनियनको आर्थिक सहयोग र दक्षता परियोजनाको प्राविधिक सहयोगमा नेपाल उद्योग वाणिज्य महासंघ उद्योग परिसंघ साना तथा घरेलु उद्योग महासंघ लगायत पाँचवटा रोजगारदाताको संगठनहरूले सक्रियतामा आर्थिक वर्ष २०२२ मा श्रमशक्तिको बजार माग पहिचानका लागि सर्वेक्षण भएको थियो । उक्त सर्वेक्षणले कृषि निर्माण तथा पर्यटन क्षेत्रमा कार्यरत कोशी प्रदेशको ३८७ लगायत नेपालका २९७२ उद्योग तथा अन्य आर्थिक प्रतिष्ठानहरूलाई नमुनाको रूपमा छनौट गरी सर्वेक्षण गरिएको थियो । उक्त सर्वेक्षण प्रतिवेदनमा तालिकामा उल्लेख भएका पेसा तथा सीप भएका जनशक्तिलाई उच्च मागका जनशक्तिको रूपमा पहिचान गरिएको छ ।

***तालिका 30:* औद्योगिक माग सर्वेक्षणबाट उच्च माग देखिएका प्रमुख पेशाहरू**

| क्रस | पेसा | क्रस | पेसा | क्रस | पेसा |
|---|---|---|---|---|---|
| १ | कुक (Cook) | २६ | डेरी प्लान्ट अपरेटर (Dairy Plant Operator) | ५१ | कन्स्ट्रक्सन मेसन (Construction Mason) |
| २ | वेल्डर(Welder) | २७ | आई. ति. प्रोफेसनल(IT Professional) | ५२ | डेरी एंड स्विट टेक्निसियन (Dairy And Sweet Technician) |
| ३ | अन्य प्राविधिक (Others, technician) | २८ | मेटल वर्क हेल्पर(Metal Work Helper) | ५३ | फिसरी टेक्निसियन(Fishery Technician) |
| ४ | चालक (Driver) | २९ | कन्फेक्सनरी मेकर्स) (Confectionary Makers) | ५४ | फ्रोंट अफिस असिस्टेन्ट (Front Office Assistant |
| ५ | साईट सुपरभाईजर(Site Supervisor) | ३० | डीस वासर्स(Dish Washer) | ५५ | जिओ इन्जिनियरिंग ल्याव टेक्निसियन(Geo-Engineering Lab Technician) |
| ६ | एक्साभेटर अपरेटर (Excavator Operator) | ३१ | असिस्टेन्ट फर्निचर मेकर(Assistant Furniture Maker) | ५६ | हेर्वल फार्म टेक्निसियन (Herbal Farm Technician) |
| ७ | वेटर/वेट्रेस(Waiter / Waitress) | ३२ | म्यानेजर(Manager) | ५७ | होटल रिसेप्सनिस्ट(Hotel Receptionists) |
| ८ | इलेक्ट्रीसियन(Electrician) | ३३ | प्याकेजिंग स्टाफ (Packaging staff) | ५८ | होटल टेक्निसियन (Hotel Technician) |
| ९ | हेल्पर(Helper) | ३४ | ट्राक्टर ड्राईभर (Tractor Driver) | ५९ | हाउस किपर (Housekeeper) |
| १० | एग्रिकल्चर फार्म वर्कर (Agriculture Farm Technician) | ३५ | रुम अटेन्डेन्ट (Room Attendant) | ६० | हाउस किपिंग म्यानेजर (Housekeeping Manager) |
| ११ | सिभिल इन्जिनियर (Civil Engineer) | ३६ | मेसिन अपरेटर हेल्पर (Machine Operator Helper) | ६१ | ईन किपर (Inn Keeper) |

| क्रस | पेसा | क्रस | पेसा | क्रस | पेसा |
|---|---|---|---|---|---|
| १२ | असिस्टेन्ट कार्पेन्टर (Assistant Carpenter) | ३७ | मेसिन अपरेटर (Machine Operator) | ६२ | लाइभस्टक जे.टि. (Livestock JT) |
| १३ | भी.ए.एच.वर्कर (VAH-Worker) | ३८ | प्लान्ट अपरेटर हेल्पर (Plant Operating Helper) | ६३ | नर्सरी एंड गार्डेन टेक्निसियन (Nursery And Garden Technician) |
| १४ | असिस्टेन्ट टी टेक्निसियन (Assistant Tea Technician) | ३९ | कमिस-II(Commis-II) | ६४ | अन्य / ओइल ल्याव टेक्निसियन(Others (Oil Lab Technician) |
| १५ | फुड एंड बेभरेज तेस्टर्स एंड ग्रेडर्स(Food & Beverage Tasters & Graders) | ४० | फ्लोरिस्ट(Florist) | ६५ | अन्य अपरेटर (Others (Operator) |
| १६ | एलुमिनियम फेब्रिकेटर (Aluminum Fabricator) | ४१ | किचन म्यानेजर (Kitchen Manager) | ६६ | अन्य /ट्रीपर ड्रआइभर (Others (Tripper Driver) |
| १७ | सिभिल कन्स्ट्रक्सन टेक्निसियन (Civil Construction Technician) | ४२ | पोल्ट्री टेक्निसियन (Poultry Technician) | ६७ | रिसेप्सनिस्ट (Receptionist) |
| १८ | टि. प्रोसेसर (Tea Processor) | ४३ | स्टेवार्डइंग (Stewarding) | ६८ | होलसेल कन्सल्टेन्ट (Wholesale Consultant) |
| १९ | एग्रिकल्चर  टेक्निसियन (Agriculture Technician) | ४४ | भेटेरिनरी जे. टि. ए. (Veterinary JTA) | ६९ | उडेन फर्निचर पोलिसर फिनिसर (Wooden Furniture Polisher Finisher) |
| २० | ब्याक हो लोडर अपरेटर (Backhoe Loader Operator) | ४५ | वासर म्यान (Washer Man) | ७० | अन्य असिस्टेन्ट प्लान्ट अपरेटर (Others /Assistant plant operator) |
| २१ | कार्पेन्ट्री एंड इन्टेरियर डेकोरेटर(Carpentry And Interior Decorator) | ४६ | वेल्डर तह-२ (Welder Level २) | ७१ | अन्य /मेसिन अपरेटर(Others (Machine operator) |
| २२ | फर्निचर मेकर (Furniture Maker) | ४७ | अन्य/इन्जिनियर (Others/ Engineer) | ७२ | बेकर (Baker) |
| २३ | किचन हेल्पर्स (Kitchen Helpers) | ४८ | एग्रिकल्चर जे.टि. (Agriculture JT) | ७३ | अन्य |

| क्रस | पेसा | क्रस | पेसा | क्रस | पेसा |
|---|---|---|---|---|---|
| २४ | लाइभस्टक फार्म टेक्निसियन (Livestock Farm Technician) | ४९ | असिस्टेन्ट प्लम्बर (Assistant Plumber) | | |
| २५ | साइट सुपरभाईजर तह-२ (Site Supervisor Level २) | ५० | बी किपर (Beekeeper) | | |

उल्लिखित रोजगारदाता संघहरूले आन्तरिक छलफलबाट कृषि, निर्माण तथा पर्यटन गरी तीनवटै क्षेत्रबाट १० वटाको दरले ३० वटा पेसालाई उच्च मागका पेसाका रूपमा छनौट गरेकोमा सो सर्वेक्षणमा उक्त पेसाहरूको तत्कालको माग र २ वर्ष र ५ वर्ष पश्चातको माग समेत अनुमान गरिएको छ। जसको निचोडलाई सोही प्रतिवेदनबाट साभार गर्दै हुबहु रूपमा देखाइएको छ।

**तालिका 31 : नीजि क्षेत्रबाट पहिचान भएका पेशाहरू तथा आगामी मागको प्रक्षेपण निर्माण क्षेत्र**

| क्रस | उच्च माग भएका पेशाहरू | सर्वेक्षणको समयमा | सन २०२५ सम्ममा | सन २०२७ सम्ममा |
|---|---|---|---|---|
| १ | एल्युमिनियम फैब्रिकेटर तह-२ | २१ | ६५ | १४० |
| २ | ब्याचिङ प्लान्ट अपरेटर तह-२ | ५ | ६५ | १०७ |
| ३ | सिकर्मी र भित्री डेकोरेटर तह-२ | १८७ | २५९ | ५५५ |
| ४ | निर्माण प्रयोगशाला प्राविधिक तह-३ | ४२ | ७५ | १२८ |
| ५ | इलेक्ट्रिशियन तह-२ | ८६ | २२९ | ४५३ |
| ६ | उत्खनन अपरेटर तह-२ | ४२ | ११७ | २४५ |
| ७ | प्लम्बर तह-२ | ६५ | १५२ | ३२२ |
| ८ | मचान तह-२ | ४४ | ११२ | २०३ |
| ९ | साइट सुपरवाइजर तह-२ | १०५ | २७१ | ५२७ |
| १० | वेल्डर तह-२ | ११० | १७७ | ३५० |

**तालिका 32 : नीजि क्षेत्रबाट पहिचान भएका पेशाहरू तथा आगामी मागको प्रक्षेपण कृषि क्षेत्र**

| क्र.स | उच्च माग भएका पेशाहरू | सर्वेक्षणको समयमा | सन २०२५ सम्ममा | सन २०२७ सम्ममा |
|---|---|---|---|---|
| १ | कृषि फार्म प्राविधिक तह-२ | २१ | ६५ | १४० |
| २ | डेयरी प्लान्ट अपरेटर (प्रोसेसर) तह-३ | ५ | ६५ | १०७ |
| ३ | मत्स्य प्राविधिक तह-२ | १८७ | २५९ | ५५५ |
| ४ | फलफूल र तरकारी प्रोसेसर तह-२ | ४२ | ७५ | १२८ |
| ५ | हर्बल प्रोसेसर तह-२ | ८६ | २२९ | ४५३ |
| ६ | पशुधन फार्म प्राविधिक तह-२ | ४२ | ११७ | २४५ |
| ७ | प्राकृतिक फाइबर र लम्प क्राफ्टर तह-२ | ६५ | १५२ | ३२२ |
| ८ | नर्सरी र ल्यान्डस्केप गार्डनर तह-२ | ४४ | ११२ | २०३ |
| ९ | अर्गानिक प्रमाणीकरण आन्तरिक निरीक्षक तह-३ | १०५ | २७१ | ५२७ |
| १० | चिया प्रोसेसर तह-२ | ११० | १७७ | ३५० |

**तालिका 33 : नीजि क्षेत्रबाट पहिचान भएका पेशाहरू तथा आगामी मागको प्रक्षेपण कृषि क्षेत्र**

| क्रस | उच्च माग भएका पेशाहरू | सर्वेक्षणको समयमा | सन २०२५ सम्ममा | सन २०२७ सम्ममा |
|---|---|---|---|---|
| १ | विमान मर्मत प्राविधिक तह-३ | ० | ० | ० |
| २ | अभियान नेता तह-२ | २ | २ | ५ |
| ३ | होटल मर्मत प्राविधिक तह-२ | २८ | ७२ | १५९ |
| ४ | इन-किपर तह-२ | ३५ | ११९ | २३६ |
| ५ | राष्ट्रिय भ्रमण गाइड तह-३ | ५ | ९ | ३७ |
| ६ | नेपाली खाना कुक तह-२ | ११७ | २५२ | ५०९ |
| ७ | नदी गाइड तह-२ | ० | ० | ० |
| ८ | स्पा र वेलनेस थेरापिस्ट तह-२ | ० | ५ | ९ |
| ९ | पर्यटक वाहन चालक तह-२ | १२ | १४ | ३३ |
| १० | ट्रेकिङ गाइड तह-२ | ० | १६ | ४० |

# परिच्छेद ५
# प्राथमिक तथ्याङ्कको विश्लेषणबाट प्राप्त नतिजा (Findings from Primary Data)

यस प्रतिवेदनमा कोशी प्रदेशका सबै प्राविधिक तथा व्यावसायिक शिक्षालयहरू (TVET) र उद्योग प्रतिष्ठानहरूबाट प्रत्यक्ष रूपमा नमूनामा आधारित सङ्कलन गरिएका तथ्याङ्कहरू समावेश गरिएका छन् । प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम क्षेत्रको समग्र अवस्थाको मूल्याङ्कन गर्न द्वितीय स्रोतका तथ्याङ्क मात्र पर्याप्त नहुने भएकाले यो अध्ययनमा प्राथमिक स्तरमा तथ्याङ्क संकलन गरी त्यसको विश्लेषण गरिएको छ ।

कोशी प्रदेशका १४ वटै जिल्लाहरूमा नमुनामा आधारित तथ्याङ्क संकलन गरिएको छ । यसमा दुईवटा प्रमुख समूहलाई लक्षित गरिएको छ । यसका निम्ति जम्मा ११८ वटा प्राविधिक तथा व्यावसायिक शिक्षालयहरू र १८९ वटा उद्योग र रोजगारदाता प्रतिष्ठानहरूको प्रत्यक्ष सर्वेक्षण गरिएको थियो ।

शिक्षालय र उद्योग दुवै समूहको प्रतिनिधित्व सुनिश्चित गर्न जिल्ला र उप-समुहगत प्रतिनिधित्वका आधारमा नमुना तयार गरिएको थियो । उद्योग र प्राविधिक शिक्षालयहरुसँग प्रत्यक्ष अन्तर्वार्ता तथा स्व-प्रश्नपत्रमा आधारित विधिको प्रयोग गरिएको छ । तथ्याङ्क संकलनका लागि KOBO Toolbox प्लेटफर्मको प्रयोग गरिएको थियो । यसको प्रयोगले मोबाइल फोनबाट अनलाइन तथा अफलाइन दुवै स्थितिमा तथ्याङ्क सङ्कलन सम्भव बनायो । यस प्रविधिको प्रयोगले क्षेत्रगत विविधताबीच तथ्याङ्क संकलनको कार्यलाई थप व्यवस्थित, पारदर्शी र समयमा आधारित बनाउन मद्दत गरेको थियो । यसका निम्ति उद्योगको तथ्याङ्क सङ्कलन गर्न प्रशिक्षित गणकहरूमार्फत डिजिटल उपकरण प्रयोग गरी KOBO माध्यमबाट प्रत्यक्ष अन्तर्वार्ता लिइयो । साथै प्राविधिक शिक्षालयका निम्ति प्रश्नावलीको हार्ड कपी प्रत्येक शिक्षालयमा पुऱ्याइयो र भरिएको फाराम पछि पुनः संकलन गरियो । सङ्कलित फारामलाई KOBO प्रणालीमा प्रविष्ट गरी डिजिटल प्रणालीमा रूपान्तरण गरिएको हो ।

तथ्याङ्कको गुणस्तर सुनिश्चित गर्न निम्न कुल सङ्कलित डेटाको कम्तिमा १० प्रतिशतमा तथ्याङ्क गुणस्तर परीक्षण (Quality Check, QC) गरिएको थियो । कम्तिमा आधाभन्दा बढी अपूर्ण डेटाहरू विश्लेषणमा समावेश नगरिकन हटाइएको थियो । साथै प्रशिक्षण अवधिमा सङ्कलित अभ्यासात्मक डेटा छुट्ट्याएर विश्लेषण योग्य डेटासेट तयार पारिएको थियो । KOBO को real-time मा अनुगमन गर्न सकिने व्यवस्थाले तथ्याङ्क संकलनको प्रत्येक चरणमा गणकलाई आवश्यक परेको सहयोग तत्काले उपलब्ध गराइएको थियो ।

सङ्कलित तथ्याङ्कलाई सफा (cleaned) गरेपछि Excel प्रयोग गरी TVET प्रणालीसँग सम्बन्धित सूचकहरूमा आधारित रहेर विश्लेषण गरिएको हो । विश्लेषणले शिक्षालयहरूको भौगोलिक वितरण, तालिम कार्यक्रमहरूको उपलब्धता, भर्ना दर, लैङ्गिक समावेशिता, रोजगारदाताहरूको सीपसम्बन्धी माग, तालिम पश्चातको रोजगारी दर जस्ता मुख्य पक्षहरू समेटेको छ । यसरी द्वितीय स्रोतहरूबाट प्राप्त निष्कर्षहरूलाई बलियो बनाउन सङ्कलित प्राथमिक तथ्याङ्कले महत्वपूर्ण योगदान पुऱ्याएको छ । द्वितीय तथ्याङ्कहरूले देखाएका प्रवृत्तिहरूलाई पुष्टि गर्नुका साथै केही क्षेत्रहरूमा फरक अवस्थाहरू देखिएको छ । उदाहरणको निम्ति शिक्षालयहरूको भौगोलिक पहुँचमा संस्थागत वितरणसँग असम्बद्ध रूपमा मागको उच्च अवस्था, उद्योगहरूले चाहेका सीपहरू र शिक्षालयहरूबाट उत्पादित सीप बीचको असमानता, महिला प्रशिक्षार्थीको सहभागितामा जिल्लागत अन्तर आदि । यी विश्लेषणहरूले नीति निर्माणकर्तालाई यथार्थमा आधारित निर्णय लिन सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

यस चरणमा केही प्राविधिक र कार्यगत सीमाहरू पनि देखिएका छन्। शिक्षालयहरूसँगको हार्ड कपीमा आधारित तथ्याङ्क संकलन विधिले उत्तरदाताको व्याख्या अनुसार भिन्नता ल्याउने सम्भावना रहन्छ। समय सिमा र मानवश्रोत अभावका कारण प्रत्येक जिल्लाका सबै शिक्षालयहरू समेट्न नसकिएको अवस्था छ। केही उद्योगहरूले संवेदनशील जानकारी नदिई वा अपूर्ण रूपले जानकारी दिने जोखिम रहयो। यद्यपि सङ्कलन गरिएका तथ्याङ्कहरू कोशी प्रदेशको TVET प्रणालीका प्रतिनिधि अवस्थालाई उजागर गर्न पर्याप्त छन्। यसरी प्राप्त तथ्याङ्कको विश्लेषण यस प्रकार रहेको छ।

## औद्योगिक प्रतिष्ठान सर्वेक्षण (Industrial Survey)

### ५.१ नमुना छनौटमा परेका उद्योग (Selected Sample Industries)

यहाँ उद्योग सर्वेक्षण अन्तर्गत नमुना छनौटमा परेका उद्योगहरूको तहगत विवरण प्रस्तुत गरिएको छ। यस विवरणले कोशी प्रदेशका सबै जिल्लामा विभिन्न आकार र क्षमताका उद्योगहरूको प्रतिनिधित्वलाई समेट्दछ। सर्वेक्षणका लागि छनौट गरिएका उद्योगहरूलाई लघु तथा घरेलु, साना, मझ्यौला, र ठूला उद्योग गरी चार वर्गमा विभाजन गरिएको छ (तालिका ३३) प्रत्येक जिल्लाबाट यथासम्भव विविध तहका उद्योग समेटिने गरी नमुना छनौट गरिएको थियो। यस विविधताले जिल्लागत औद्योगिक स्वरूप, आकार, र आर्थिक क्षमता बुझ्न सघाएको छ।

**तालिका 34 : नमुना छनौटमा परेका उद्योगको तह**

| जिल्ला | लघु तथा घरेलु उद्योग | साना उद्योग | मझ्यौला उद्योग | ठुला उद्योग | जम्मा |
|---|---|---|---|---|---|
| इलाम | ० | ३ | १ | २ | ६ |
| उदयपुर | ० | ५ | ३ | १ | ९ |
| ओखलढुंगा | १ | १ | २ | ५ | ९ |
| खोटाङ | १ | ० | १ | २ | ४ |
| झापा | १४ | ७ | ७ | ६ | ३४ |
| ताप्लेजुङ | २ | ३ | ० | २ | ७ |
| तेह्रथुम | ० | ३ | ० | ० | ३ |
| धनकुटा | २ | २ | ० | ० | ४ |
| पाँचथर | २ | १ | ० | २ | ५ |
| भोजपुर | ० | २ | ० | ० | २ |
| मोरङ | २ | १४ | ३५ | २२ | ७३ |
| संखुवासभा | ० | ४ | ३ | १ | ८ |
| सुनसरी | ७ | ४ | २ | २ | १५ |
| सोलुखुम्बु | १ | ० | ४ | ५ | १० |
| जम्मा | ३२ | ४९ | ५८ | ५० | १८९ |

स्रोत : उद्योगको सर्वे, २०२५

सर्वेक्षणमा गरिएका १८९ उद्योगमध्ये सबैभन्दा धैरै मझौला उद्योग (५८) रहेका छन् जुन कुलको ३०.७% हो। त्यसपछि क्रमशः ठूला उद्योग (५०), साना उद्योग (४९) र लघु तथा घरेलु उद्योग (३२) छन्। मोरङ जिल्लाका सबैभन्दा धैरै उद्योगहरू समावेश गरिएका छन्। कुल ७३ उद्योग, जसमा ३५ मझ्यौला, २२ ठूला र १४ साना उद्योग रहेका छन। यो तथ्यले मोरङ कोशी प्रदेशको प्रमुख औद्योगिक केन्द्र हो भन्ने संकेत गर्दछ। यसैगरी झापा, सुनसरी र सोलुखुम्बु जिल्लाहरूमा पनि तुलनात्मक रूपमा विविध तहका उद्योगहरूको प्रतिनिधित्व देखिन्छ जसले यी जिल्लाहरूमा औद्योगिक गतिविधिको घनत्व

उच्च रहेको स्पष्ट पार्दछ। तेह्रथुम, भोजपुर र धनकुटा जस्ता जिल्लामा केवल लघु वा साना उद्योगहरू मात्र छन्, ठूला वा मझ्यौला उद्योगहरू नमुनामा नपर्नुले यी जिल्लाहरूमा औद्योगिक पूर्वाधारको विस्तार कम भएको सङ्केत गर्छ।

यो तालिका कोशी प्रदेशमा उद्योगहरूको तहगत वितरण बुझ्न महत्त्वपूर्ण आधार बन्न सक्छ, जसबाट औद्योगिक नीतिहरूलाई लक्षित ढंगले विकास गर्ने सम्भावना पैदा हुन्छ। साथै, यस विश्लेषणले भविष्यमा हुने तालिम कार्यक्रम तथा सीप विकासलाई उद्योगहरूको वास्तविक आवश्यकता अनुसार परिमार्जन गर्न सहयोग पुऱ्याउनेछ।

यसैगरी उद्योगहरू विभिन्न स्वामित्व संरचनाअन्तर्गत सञ्चालनमा रहेकाछन् जसले ती उद्योगहरूको व्यवस्थापकीय तरिका, लगानी स्रोत र सञ्चालनका आधारलाई निर्धारण गर्दछ। यस अध्ययनमा पाँच प्रकारका उद्योगहरूलाई वर्गीकृत गरिएको छ: एकल स्वामित्व, साझेदारी, प्राइभेट लिमिटेड, पब्लिक लिमिटेड र सरकारी स्वामित्व। यसले प्रदेशभित्र औद्योगिक स्वामित्वको विविधता र तिनीहरूको भौगोलिक वितरणबारे महत्वपूर्ण जानकारी दिन्छ। स्वामित्वको आधारमा नमुनामा परेका उद्योगको वर्गीकरण तालिका ३५ मा दिइएकोछ।

**तालिका 35 : नमुना छनौटमा परेका उद्योगको स्वामित्वको आधारमा प्रकार**

| जिल्ला | एकल स्वामित्व | साझेदारी | प्राइभेट लिमिटेड | पब्लिक लिमिटेड | सरकारी स्वमित्व | जम्मा |
|---|---|---|---|---|---|---|
| इलाम | १ | १ | ३ | १ | ० | ६ |
| उदयपुर | ३ | १ | ३ | ० | २ | ९ |
| ओखलढुंगा | १ | ० | ३ | ५ | ० | ९ |
| खोटाङ | १ | ० | २ | १ | ० | ४ |
| झापा | १९ | ५ | ९ | १ | ० | ३४ |
| ताप्लेजुङ | ३ | १ | २ | १ | ० | ७ |
| तेह्रथुम | २ | १ | ० | ० | ० | ३ |
| धनकुटा | ४ | ० | ० | ० | ० | ४ |
| पाँचथर | ३ | ० | १ | ० | १ | ५ |
| भोजपुर | २ | ० | ० | ० | ० | २ |
| मोरङ | ३ | २ | ५७ | १० | १ | ७३ |
| संखुवासभा | ६ | १ | ० | १ | ० | ८ |
| सुनसरी | ९ | ३ | ३ | ० | ० | १५ |
| सोलुखुम्बु | २ | २ | ० | ५ | १ | १० |
| **जम्मा** | ५९ | १७ | ८३ | २५ | ५ | १८९ |

स्रोत : उद्योगको सर्वे, २०२५

तालिका ३५ अनुसार कोशी प्रदेशमा एकल स्वामित्व अन्तर्गतका उद्योगहरू सबैभन्दा धेरै छन् जसमा ५९ उद्योगहरू, जसले कुलको झन्डै ३१% हिस्सा ओगटेको छ। यस्ता उद्योगहरू प्रायः साना वा लघु छन् जसको विशेषता भनेको कम पूँजीमा सञ्चालन हुने र निर्णय प्रक्रियामा सरलताका कारण यी उद्योगको हिस्सा बढी रहेको आँकलन गर्न सकिन्छ। यसैगरी प्राइभेट लिमिटेड कम्पनीहरू कुल ८३ छन्, जुन सबैभन्दा ठूलो हिस्सा (४४%) हो। यी कम्पनीहरू संरचित ढंगमा दर्ता भई पूँजीगत लगानीका आधारमा सञ्चालन हुन्छन् र यी उद्योग कोशी प्रदेशको औद्योगिक औपचारिकीकरणको मुख्य कारक हुन्।

मोरङ जिल्लामा प्राइभेट लिमिटेड उद्योग (५७), पब्लिक लिमिटेड (१०) र सरकारी स्वामित्व (१) उद्योग छन् जसले प्रदेशमा निजी क्षेत्रको मुख्य औद्योगिक थलोको रूपमा मोरङको अग्रणी भूमिका रहेको देखाउँछ। झापा जिल्लामा एकल स्वामित्व (१९) तथा साझेदारी (५) उद्योग धेरै छन् जसले सूक्ष्म, साना उद्यमहरूको क्रियाशीलता संकेत गर्दछ। ओखलढुंगा र सोलुखुम्बु जिल्लामा पब्लिक लिमिटेड उद्योगहरूको सङ्ख्या उल्लेख्य (५/५) रहेको जसमा जलविद्युत वा पर्यटनजस्ता प्रकृति-आधारित ठूला परियोजनाहरूको उपस्थिति रहेको जनाउँछ। कुलमा ४ वटा सरकारी स्वामित्वका उद्योग मात्र नमुनमा परेका छन्: उदयपुर (२), पाँचथर (१), र सोलुखुम्बु (१)। यो अनुपात अपेक्षाकृत यस्ता उद्योग कम भएकोले कोशी प्रदेशमा औद्योगिक विकासमा राज्यको प्रत्यक्ष संलग्नता न्यून रहेको देखिन्छ। यसैगरी साझेदारीमा आधारित उद्योगको संख्या १८ मात्र नमुनामा परेका छन्। यस्तो अवस्था साझेदारी प्रणालीप्रति व्यवसायीहरूको आकर्षण कम रहेको हुन सक्ने संकेत गर्छ
।

यसरी कोशी प्रदेशमा औद्योगिक स्वामित्वमा निजी क्षेत्रको बाहुल्यता रहेको देखाउँछ। विशेषतः प्राइभेट लिमिटेड र एकल स्वामित्वमा आधारित उद्योगहरूमा निजी क्षेत्र अगाडि देखिन्छ। सरकारी तथा साझेदारी उद्योगको सिमित उपस्थिति तथा केही जिल्लामा स्वामित्वको विविधता नदेखिनु, ती क्षेत्रमा नीति सुधार, लगानी प्रवर्धन र पूर्वाधार विकास आवश्यक रहेको संकेत गर्छ।

### ५.२ उद्योगमा कार्यरत जनशक्ति (Human Resources Working in the Industry)

औद्योगिक सर्वेक्षणमा त्यहाँ कार्यरत जनशक्तिको पनि तथ्याङ्क सङ्कलन गरेको थियो। यसरी सङ्कलन गरिएको १८९ वटा उद्योगमा १६०८० जना कर्मचारी कार्यरत भएको पाइयो। जसमा एक चौथाइ मात्र महिला थिए। यसले उद्योगमा आधारित रोजगारिमा महिला सहभागिता न्यून रहेको कुरा प्रष्ट्याउँछ। थप विवरण तालिका ३६ मा दिइएको छ।

**तालिका 36 : नमुना छनौटमा परेका उद्योगमा कार्यरत कर्मचारी विवरण (लिङ्गको आधारमा)**

| लिङ्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| **पुरुष** | ११९१३ | ७४% |
| **महिला** | ४१६७ | २६% |
| **जम्मा** | १६०८० | १००% |

स्रोत : उद्योगको सर्वे, २०२५

कोशी प्रदेशका उद्योगहरूमा कार्यरत जनशक्तिको बहुलता पुरुषमा केन्द्रित छ जुन कुलको ७४ प्रतिशत हो। महिला श्रमिकको हिस्सा २६ प्रतिशत मात्र रहेको देखिन्छ। यो स्थिति श्रम बजारमा लैङ्गिक असमानता रहेको संकेत गर्छ जसले प्राविधिक तथा औद्योगिक क्षेत्रमा अझै पुरुषप्रधान संरचना रहेको देखाउँछ। महिलाको संख्यात्मक सहभागिता न्यून भए पनि सीप परीक्षणमा महिलाको सहभागिता पुरुषको तुलनामा बढी देखिएको पृष्ठभूमिमा यसले सीप र रोजगारीबीचको अन्तरलाई उजागर गर्दछ। नमुना छनौटमा परेका उद्योगहरूमा कार्यरत जनशक्तिको संरचना सीपको तह अनुसार वर्गीकृत गर्दा उद्योगमा कार्यरत कामदारहरूको सीपको स्तर, तालिम प्राप्तिको अवस्था, तथा दक्षता–अदक्षताको अनुपात प्रष्ट हुन्छ जसलाई तालिका ३७ मा प्रस्तुत गरिएको छ।

**तालिका 37 : नमुना छनौटमा परेका उद्योगमा कार्यरत कर्मचारी विवरण (सीपको तहको आधारमा)**

| सीपको तह | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| **उच्च प्राविधिक तह** | १३७५ | ९% |
| **व्यावसायिक तह (Blue collar job)** | ५४४४ | ३४% |
| **अदक्ष (शारिरिक श्रम गर्ने)** | ८२०३ | ५१% |
| **प्रशासनिक तथा व्यवस्थापकीय काम गर्ने** | १०६५ | ७% |
| **जम्मा** | १६०८७ | १००% |

स्रोत : उद्योगको सर्वे, २०२५

औद्योगिक क्षेत्रमा कार्यरत कुल मानवश्रोत मध्ये आधाभन्दा बढी अर्थात् ५१ प्रतिशत कर्मचारी अदक्ष छन् जो मुख्यतः सामान्य शारीरिक श्रमका कामहरू गरिरहेका छन्। यो प्रवृत्तिले TVET प्रणालीले उत्पादन गरेको दक्ष मानवश्रोतको श्रम बजारमा उपयोग न्यून रहेको संकेत दिनुका साथै "सीपको खाडल (Skill Gap)" को उपस्थितिलाई स्पष्ट पार्दछ। यसैगरी ३४ प्रतिशत कर्मचारी व्यावसायिक स्तरमा काम गर्छन् जसमा वेल्डर, प्लम्बर, इलेक्ट्रीसीयन, मेशिन अपरेटर आदि पर्छन्। व्यावसायिक स्तरका सीपयुक्त जनशक्तिको उत्पादिन TVET क्षेत्रको प्रमुख लक्ष्य समूह हो र यो सङ्ख्याले केही हदसम्म दक्ष जनशक्ति श्रम बजारमा स्थापित भइरहेको पनि देखाउँछ। यसैगरी उच्च प्राविधिक तहमा कार्यरत ९% जनशक्ति इन्जिनियर, टेक्निसियन, IT विशेषज्ञ जस्ता सीपहरूमा आधारित छन्। व्यवस्थापकीय तथा प्रशासनिक जिम्मेवारी सम्हाल्ने जनशक्ति ७% छन्, जसले उद्योगहरूमा संरचित व्यवस्थापन प्रणाली रहेको देखाउँछ।

नमुना छनौटमा परेका उद्योगहरूमा कार्यरत कर्मचारीहरूको संरचना स्वयं लगानीकर्ता (रोजगारदाता) भए/नभएको आधारमा विश्लेषण गर्दा उद्योगहरूको स्वामित्व प्रकृति, श्रमको औपचारिकता, तथा पारिवारिक श्रमको उपयोग सम्बन्धी महत्वपूर्ण जानकारी प्राप्त हुन्छ। यो विवरणले प्रदेशका साना, मझौला तथा ठूला उद्योगहरूमा श्रमको स्वरूप तथा श्रमिकको भूमिका स्पष्ट पार्दछ जसलाई तलिका ३८ मा प्रस्तुत गरिएको छ।

**तालिका 38 : *नमुना छनौटमा परेका उद्योगमा कार्यरत कर्मचारी विवरण (स्वयं लगानी कर्ता भए नभएको आधारमा)***

| कर्मचारी विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| **रोजगारदाता** | ४५८ | ३% |
| **रोजगारी गर्ने** | १४८९१ | ९३% |
| **पारिवारीक रुपमा योगदान गरिरहेका** | ७३१ | ५% |
| **जम्मा** | १६०८० | १००% |

स्रोत : उद्योगको सर्वे, २०२५

कुल जनशक्तिमध्ये ३ प्रतिशत स्वयं लगानीकर्ता छन्। यसले अधिकांश उद्योगहरूमा रोजगारी गर्ने कर्मचारीहरूको हिस्सा बढी छ भन्ने जनाउँछ। १४,८९१ जना (९३%) कर्मचारी नियमित रुपमा पारिश्रमिक लिएर कार्यरत छन् साथै धैरैजसो उद्योग संरक्षित श्रम प्रणालीमा आधारित छन्, जसमा श्रमिकहरू स्थायी, करार, वा दैनिक पारिश्रमिकमा आधारित रूपमा काम गरिरहेका छन्। यस प्रवृत्तिले औद्योगिक रोजगारीलाई औपचारिक क्षेत्रतर्फ अग्रसर गरिरहेको देखाउँछ। तलिकाले ५ प्रतिशत श्रमिक उद्योगमा लगानी गर्ने परिवारका सदस्य रहेको देखाउछ।

**५.३ उद्योगमा सीपको माग र आपूर्ति (Demand and Supply of skill in the Industry)**

कोशी प्रदेशमा सञ्चालित उद्योगहरूको दिगो सञ्चालन तथा विस्तारमा सीपयुक्त मानवश्रोतको आपूर्तिको अवस्था महत्त्वपूर्ण विषय हो। उद्योगहरूलाई आवश्यक पर्ने दक्ष मानवश्रोतको उपलब्धता वा अभावको स्थिति प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम (TVET) प्रणालीको प्रभावकारिता र श्रम बजारसँगको मिलान (alignment) को प्रमुख सूचक हो। त्यही उद्देश्यले उद्योगहरूसँग "व्यवसाय सञ्चालन तथा विस्तार गर्दा सीपयुक्त मानवश्रोतको अभाव कत्तिको हुन्छ?" भनी प्रश्न सोधिएको थियो। यसको उत्तरमा आधारित परिणाम तालिका ३९ मा प्रस्तुत गरिएको छ।

**तालिका 39 : व्यवसाय सञ्चालन तथा विस्तार गर्दा यहाँले सीपयुक्त जनशक्तिको अभाव कत्तिको महशुस गर्नुहुन्छ?**

| अभावको स्तर | उद्योगको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| अभाव उल्लेख्य छ | १९ | १०% |
| अभाव कहिले काँहि हुन्छ | ८२ | ४३% |
| त्यस्तो कुनै अभाव छैन | ५८ | ३१% |
| सीपयुक्त मानवश्रोतको अभाव ठूलो समस्याको रुपमा रहेकोछ | ३० | १६% |
| **जम्मा** | १८९ | १००% |

स्रोत : उद्योगको सर्वे, २०२५

कुल ५३% उद्योगहरूले कुनै न कुनै रूपमा सीपयुक्त मानवश्रोतको अभाव महसुस गरिरहेको देखिएको छ। विशेषगरी १६% उद्योगहरूले यो अभावलाई “ठूलो समस्या” को रूपमा उल्लेख गरेका छन्। यसैगरी ४३% उद्योगहरूले कहिलेकाहीं अभाव महसुस गर्ने बताएका छन्। यसले सीपको प्रकार र उद्योग क्षेत्र अनुसार आपूर्ति असमान रहेको जनाउँछ।

उद्योगमा केही विशिष्ट सीपहरू यस्ता छन् जसको उद्योगहरूले बारम्बार अभावको कुरा गरेका छन्। यसका निम्ति "के कुनै त्यस्तो विशिष्ट सीप वा पेशा छ, जसका लागि आवश्यक जनशक्ति बजारमा उपलब्ध हुन गाह्रो छ?" भनी प्रश्न सोधिएको थियो। जसको उत्तरको विश्लेषण तालिका ४० मा प्रस्तुत गरिएको छ।

**तालिका 40 : पेशा छ तर आवश्यक सीपयुक्त जनशक्ति बजारमा उपलव्ध हुन गाह्रो हुने विशिष्ट सीपहरू**

| उत्तर | उद्योगको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| **छन** | १०५ | ५६% |
| **छैनन** | ८४ | ४४% |
| **जम्मा** | १८९ | १००% |

स्रोत : उद्योगको सर्वे, २०२५

तालिका ४० अनुसार ५६% उद्योगले विशिष्ट सीपको अभाव अनुभव गरेका छन्। यसले अधिकांश उद्योगहरूलाई विशिष्ट प्रविधिमा दक्ष मानवश्रोत बजारमा उपलब्ध नभएकै कारण कठिनाइ भोग्नु परेको बताएका छन। यस्तो अभाव साधारण अदक्ष कामदारको नभई मेसिन अपरेटर, अटोमेशन, इलेक्ट्रिसियन, कम्प्युटर नेटवर्किङ, मेकानिकल फिटिङ, सोलार इन्स्टलेसन, आदि जस्ता प्राविधिक क्षेत्रहरूमा बढी देखिन्छ। साथै ४४% उद्योगहरूले कुनै विशिष्ट सीपको अभाव छैन भनेका छन्। यसको कारण थाहा नभए पनि सम्भवतः यी उद्योगहरू सामान्य शारीरिक श्रम वा दीर्घकालीन कर्मचारीहरूमार्फत सञ्चालनमा रहेका वा लगानीकर्ता आफैंले मानवश्रोतलाई तालिम दिने व्यवस्था मिलाएका छन् भन्ने

बुझ्न सकिन्छ । उद्योगहरूमा धैरैजसो सीपयुक्त मानवश्रोतकै अभाव हुने कुरामा निम्नानुसारका पाँचवटा सीपको सबैभन्दा बढी अभाव रहेको देखिन्छ ।

१. केमिस्ट
२. कुक
३. वेटर
४. इलेक्ट्रिकल प्राविधिक
५. मसिन अपरेटर

कोशी प्रदेशमा उद्योग क्षेत्रको वृद्धिसँगै प्राविधिक जनशक्तिको माग पनि दिन प्रतिदिन बढ्दो छ । तर उद्योगहरूले विभिन्न कारणले आवश्यक प्राविधिक मानवश्रोत सहजै उपलब्ध नभएको यस सर्वेक्षण देखाएको छ जसलाई तालिका ४१ मा देखाइएको छ ।

**तालिका 41 : उद्योगमा प्राविधिक जनशक्तिको कमि हुनुको मुख्य कारण के के हुन् सक्छ ? (N=७६)**

| कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निश्चित सीपको कमी | १४ | १८% |
| महङ्गो कामदार | ३३ | ४३% |
| धैरे परिवर्तन भई  रहने | ३५ | ४६% |
| अझ राम्रो अवसरका लागि अन्य तर्फ लागेका | ७१ | ९३% |

स्रोत : उद्योगको सर्वे, २०२५

प्राविधिक मानवश्रोतको अभावको प्रमुख कारण भनेको श्रमिकहरूको अन्य देशमा पलायन रहेको पाइयो । कुल ७६ उद्योगमध्ये ९३ प्रतिशत ले यो समस्यालाई विशेष रूपमा औंल्याएका छन् । यसले प्रशिक्षित तथा दक्ष श्रमिकहरू स्थानीय उद्योगमा टिकिरहनु भन्दा उच्च पारिश्रमिक वा वैदेशिक रोजगारीतर्फ आकर्षित हुने प्रवृत्ति बलियो रहेको पाइयो । त्यस्तै ४६ प्रतिशत उद्योगले कर्मचारीको स्थायित्वको कमी मुख्य समस्या भएको जनाएका छन् । श्रमिकहरू लामो समयसम्म एउटै उद्योगमा नबस्ने, बारम्बार जागिर परिवर्तन गर्ने अवस्थाले उत्पादनको निरन्तरता र कार्यदक्षतामा असर पारिरहेको देखिन्छ । ४३ प्रतिशत उद्योगले दक्ष कामदार महङ्गो हुने समस्या पनि औंल्याएका छन् । सीपयुक्त मानवश्रोतको माग उच्च भए पनि उद्योगहरूले तिनीहरूलाई दिन सक्ने पारिश्रमिक तुलनात्मक रूपमा कम हुँदा योग्य कर्मचारीहरू आकर्षित गर्न कठिन भएको हो । यसैगरी १८ प्रतिशत उद्योगले कुनै न कुनै सीपको अभावको समस्या रहेको जनाएका छन् । यसले प्राविधिक तालिम र उद्योगको वास्तविक आवश्यकता बीच अझै पनि दूरी रहेको कुरा प्रष्ट्याउछ । साथै विशिष्ट सीपहरू जस्तै मसिन अपरेसन, औद्योगिक विद्युतीय कार्य, सन्चालन प्रणाली वा गुणस्तर परीक्षण जस्ता क्षेत्रमा दक्ष मानवश्रोतको कमी अनुभव गरिएको छ । यसै कुरालाई थप खोतल्दा वजारमा श्रमशक्तिको अभावको मुख्य पाँचवटा कारणहरू यस प्रकार रहेको पाइयो ।

१. वैदेशिक रोजगरी मार्फत युवा पलायन
२. शिक्षा र सीपको कमी
३. न्यून तलब/सुविधाहरू साथै आर्थिक अवसरहरू
४. एकै ब्यक्तिका लागी उद्योगको तानातान
५. युवाले अन्य देश वा ठाँउमा अवसर खोज्ने प्रवृत्ति

**प्राविधिक शिक्षालय सर्वेक्षण (Technical School Survey)**

### ५.४ नमुना छनौटमा परेका शिक्षालयहरू (Selected sample institutes)

कोशी प्रदेशमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम चलाउने विविध प्रकारका शिक्षालयलाई प्रतिनिधित्व गर्ने उद्देश्यले यो अध्ययनमा ११८ शिक्षालयहरू समावेश गरिएको छ। नमुना छनौट गर्दा CTEVT अन्तर्गतका आङ्गिक, साझेदार, टेक्स (TECS), निजी, र प्राविधिक धार (९-१२) गरी पाँच प्रकारका संस्थाहरूलाई समेटिएको छ। यसले प्रदेशका विभिन्न भौगोलिक तथा प्रशासनिक क्षेत्रका शिक्षालयहरूको संरचना र वितरणबारे प्रारम्भिक तथ्याङ्क प्रस्तुत गर्दछ जसलाई तालिका ४२ मा प्रस्तुत गरिएको छ।

**तालिका 42: नमुना छनौट गरिएका शिक्षालय**

| जिल्ला | आङ्गिक | टेक्स | साझेदार | नीजि | प्राविधिक धार | जम्मा |
|---|---|---|---|---|---|---|
| इलाम | १ | ० | ० | ० | ५ | ६ |
| उदयपुर | ० | ३ | ० | ० | ४ | ७ |
| ओखलढुंगा | ० | ४ | ० | ० | ५ | ९ |
| खोटाङ | १ | ३ | ० | ० | ४ | ८ |
| झापा | १ | ४ | ६ | ७ | ४ | २२ |
| ताप्लेजुङ | ० | २ | ० | ० | ३ | ५ |
| तेह्रथुम | १ | १ | ० | ० | ० | २ |
| धनकुटा | १ | १ | ० | १ | २ | ५ |
| पाँचथर | ० | १ | ० | ० | ४ | ५ |
| भोजपुर | २ | २ | ० | ० | २ | ६ |
| मोरङ | ० | ६ | ३ | ५ | १० | २४ |
| संखुवासभा | ० | १ | ० | १ | ४ | ६ |
| सुनसरी | ० | २ | १ | २ | ४ | ९ |
| सोलुखुम्बु | ० | १ | १ | ० | २ | ४ |
| **जम्मा** | ७ | ३१ | ११ | १६ | ५३ | ११८ |

स्रोत : TVET सँस्थाहरुको सर्वे, २०२५

शिक्षालयमध्ये सबैभन्दा धेरै शिक्षालयहरू (४५%)प्राविधिक धार (९-१२) का रहेका छन् जुन सामुदायीक विद्यालयहरूमा प्राविधिक धार संचालित कार्यक्रम अन्तर्गत पर्दछन्। यसले प्राविधिक शिक्षालाई विद्यालय तहसम्म विस्तार गर्ने सरकारी प्रयास केही हदसम्म फलदायी बन्दै गएको बुझाउँछ। त्यस्तै टेक्स (TECS) अन्तर्गतका शिक्षालयहरू ३१ छन् जसले कुल शिक्षालयको २६% हिस्सा ओगटेको छ। निजी क्षेत्रद्वारा सञ्चालित शिक्षालयहरू १३% वा १६ वटा छन्, जसमा अधिकांश झापा, मोरङ र सुनसरी जिल्लामा केन्द्रित छन् र निजी क्षेत्रको सहभागिता औद्योगिक केन्द्र नजिकै बढी देखिन्छ भन्ने पुष्टि गर्दछ। आङ्गिक शिक्षालयहरू जम्मा ७ मात्र छन् जुन कुल नमुना सङ्ख्याको ६% हो। यस्ता शिक्षालयहरूको न्यून उपस्थितिले प्रदेशमा सरकारी प्रत्यक्ष लगानीका संस्थाहरूको सीमितता देखाउँछ। साझेदार शिक्षालय (प्रतिष्ठानहरू, स्थानीय तह र दातृसंस्थासँगको सहकार्यमा सञ्चालित) १४ वटा छन् जुन झापा, मोरङ, सुनसरी र सोलुखुम्बुमा बढी देखिन्छन्। यसले केही जिल्लाहरूमा TVET सेवा प्रवाहमा साझेदारी संस्थाका रुपमा यो मोडेल सक्रिय रहेको देखाउँछ। जिल्लागत रूपमा मोरङ (२४) र झापा (२२) मा सबैभन्दा धेरै शिक्षालयहरू छन् जुन प्रदेशका औद्योगिक, शहरी र पूर्वाधारमैत्री क्षेत्रहरू पनि हुन्। यो प्रवृत्तिले जनसंख्याको घनत्व, औद्योगिक माग र पूर्वाधारको प्रभाव TVET सेवाको वितरणमा प्रत्यक्ष प्रभाव पारिरहेको देखाउँछ।

### ५.५ शैक्षिक तथा तालिम पूर्वाधार (Educational and Training infrastructure)

प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रभावकारी शिक्षण सिकाइ प्रक्रियामा प्रयोग हुने पूर्वाधारहरूको उपयुक्तता, उपलब्धता र प्रयोगयोग्यतामा निर्भर गर्दछ। पुस्तकालय, कार्यशाला र प्रयोगशालामा स्थान र सामग्रीको अवस्थाले प्रत्यक्ष रूपमा प्रशिक्षार्थीको सिकाइ अनुभव, व्यावहारिक दक्षता र तयारीलाई प्रभाव पार्दछ। यही सन्दर्भमा सर्वेक्षणमा नमुनामा छनौट भएका शिक्षालयहरूको पूर्वाधार अवस्थाबारे तालिका ४३ बमोजिम विश्लेषण गरिएको छ।

**तालिका 43 : विभिन्न शैक्षिक तथा तालिम पूर्वाधारका अवस्था**

| पूर्वाधार | पर्याप्त | अपर्याप्त | नभरिएको |
|---|---|---|---|
| पुस्तकालयमा स्थानको अवस्था (n=११८) | ५८% | ४२% | १% |
| पुस्तकालयमा पुस्तक तथा अन्य सामग्रीको अवस्था (n=११८) | ४६% | ५३% | १% |
| कार्यशालामा स्थानको अवस्था (n=११८) | ५८% | ३८% | ३% |
| कार्यशालामा उपकरण तथा सामग्रीको अवस्था (n=११८) | ४२% | ५४% | ३% |
| प्रयोगशालामा स्थानको अवस्था (n=११८) | ६४% | ३६% | ०% |
| प्रयोगशालामा उपकरण तथा सामग्रीको अवस्था (n=११८) | ४२% | ५८% | ०% |

स्रोत : TVET सँस्थाहरुको सर्वे, २०२५

कोशी प्रदेशका धैरैजसो शिक्षालयहरूमा स्थानको उपलब्धता तुलनात्मक रूपमा सन्तोषजनक भए पनि स्रोत सामग्री तथा उपकरणहरूको अभाव एक प्रमुख चुनौतीका रूपमा देखिएको छ। पुस्तकालयको सन्दर्भमा ५८ प्रतिशत शिक्षालयहरूले पर्याप्त मात्रामा रहेको भनेपनि, ५३ प्रतिशत शिक्षालयहरूले पुस्तक र सामग्रीको अभाव महसुस गरिरहेका छन्। यसले शैक्षिक सिकाइका लागि आवश्यक स्रोतहरूमा लगानी अझै अपुग भएको देखाउँछ। कार्यशालाको हकमा स्थानको अवस्था ५८ प्रतिशत शिक्षालयमा पर्याप्त भए पनि ५४ प्रतिशत शिक्षालयमा उपकरण तथा सामग्री अपर्याप्त छन् जसलाई व्यावसायिक तालिमका लागि गम्भीर समस्याको रूपमा लिइन्छ। प्रयोगात्मक कार्यशाला प्राविधिक शिक्षाको केन्द्र हो र यसमा प्रयोग हुने औजार, उपकरण र सामग्रीहरूको अभाव हुँदा प्रयोगात्मक शिक्षा कमजोर बन्न जान्छ। प्रयोगशालाको हकमा स्थान पर्याप्त रहेको (६४%) सकारात्मक संकेत भए पनि ५८ प्रतिशत शिक्षालयहरूमा उपकरण र सामग्रीको कमी रहेको देखिन्छ। समग्र रूपमा हेर्दा, अधिकांश शिक्षालयहरूमा भौतिक पूर्वाधार (स्थान) को अवस्था सन्तोषजनक देखिए पनि स्रोत सामग्री र उपकरणहरूको अभाव सीप केन्द्रित शिक्षाको गुणस्तरमा प्रतिकूल असर पारिरहेको देखिन्छ।

### ५.६ प्रशिक्षक (Instructors)

प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम प्रणालीको सफल कार्यान्वयनमा प्रशिक्षकको संख्या, दक्षता, र पहुँच अत्यन्तै महत्वपूर्ण मानिन्छ। प्रशिक्षकको अभाव वा असन्तुलनले तालिमको गुणस्तर र कार्यक्रम सञ्चालनमा प्रत्यक्ष असर पार्दछ। यही सन्दर्भमा नमुना छनौट गरिएका शिक्षालयहरूमा प्रशिक्षकको उपलब्धता बारे जानकारी संकलन गरी तालिका ४४ मा प्रस्तुत गरिएको छ।

**तालिका 44 : प्रशिक्षक सङ्ख्या**

| प्रशिक्षक सङ्ख्या | शिक्षालय (n=११८) | % |
|---|---|---|
| १ | २ | २% |
| २-५ | १६ | १४% |
| ६-१० | ७० | ५९% |
| ११-२० | २२ | १९% |

| | | |
|---|---|---|
| २१-३० | ४ | ३% |
| ३१-४० | १ | १% |
| ४१-५० | ३ | ३% |
| **जम्मा** | ११८ | १००% |

स्रोत : TVET सँस्थाहरुको सर्वे, २०२५

कुल शिक्षालयमध्ये ५९ प्रतिशत शिक्षालयमा ६-१० जना प्रशिक्षक कार्यरत छन्। यो तथ्याङ्कले समग्रमा शिक्षालयहरूमा नियमित कार्यक्रम सञ्चालनका लागि आवश्यक न्यूनतम मानवश्रोत उपलब्ध रहेको देखाउँछ । यद्यपि १४ प्रतिशत शिक्षालयमा मात्र २-५ जना प्रशिक्षक रहेको र २ प्रतिशत शिक्षालयमा एक जना मात्र प्रशिक्षक रहेको अवस्था चिन्ताजनक विषय हो । यस्तो स्थिति बहुपाठ्यक्रम सञ्चालन गर्ने शिक्षालयमा तालिमको गुणस्तर, कक्षा व्यवस्थापन र विषय विशेषज्ञताको अभावको सूचक हुन सक्छ। साथै १९ प्रतिशत शिक्षालयमा ११-२० जना प्रशिक्षक र थोरै शिक्षालयहरूमा (३% भन्दा कम) ३० भन्दा बढी प्रशिक्षक कार्यरत छन्। यस्तो संरचना सम्भवतः धैरै विषयका कार्यक्रम सञ्चालन गर्ने, प्रशिक्षार्थी संख्या धैरै भएको, वा बहुविषयमा तालिम सञ्चालन गरिरहेका ठूला शिक्षालयहरूमा देखिन्छ।

**प्रशिक्षकको लैङ्गिक, शैक्षिक र अनुभव सम्बन्धि विवरण (Gender wise education and experience of Instructors)**

TVET प्रणालीको गुणस्तर, सान्दर्भिकता र प्रभावकारिता मुख्यतः प्रशिक्षकहरूको लैङ्गिक समावेशिता, शैक्षिक योग्यता र व्यावसायिक अनुभवमा निर्भर रहन्छ। प्रशिक्षकहरूमा विषयगत ज्ञान मात्र नभई व्यवहारिक, उद्योग सम्बन्धी अनुभव हुनु शिक्षण सिकाइको निम्ति महत्वपूर्ण हुन्छ। तालिका ४५, ४६ र ४७ मा शिक्षालयमा कार्यरत कुल १,२५० प्रशिक्षकहरूको सामाजिक तथा व्यावसायिक अवस्था प्रस्तुत गरिएको छ।

**तालिका 45 : प्रशिक्षकको लैङ्गिक स्थिति**

| लिङ्ग | सङ्ख्या | % |
|---|---|---|
| **महिला** | २५० | २०.०% |
| **पुरूष** | ९९७ | ७९.८% |
| **लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक** | ३ | ०.२% |
| **जम्मा** | १२५० | १००.०% |

स्रोत : TVET सँस्थाहरुको सर्वे, २०२५

लैङ्गिक विवरण अनुसार कुल प्रशिक्षकमध्ये ८० प्रतिशत पुरुष रहेका छन् भने महिला प्रशिक्षकको संख्या २० प्रतिशतमा सिमित रहेको छ । लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक प्रशिक्षकको संख्या झनै न्यून (०.२%) देखिन्छ । यसले TVET प्रणालीमा लैङ्गिक समावेशिता अझै कमजोर रहेको संकेत गर्दछ। महिलाहरूको सीमित सहभागिता केवल शिक्षणको संख्यात्मक अभाव मात्र नभई भूमिकाको अभाव, लैङ्गिक असमानता र विषयगत सीमितताको परिणाम रुपमा बुझ्न सकिन्छ।

**तालिका 46 : प्रशिक्षकको शैक्षिक योग्यता**

| शैक्षिक योग्यता | सङ्ख्या | % |
|---|---|---|
| **प्रि-डिप्लोमा** | २७ | २% |
| **डिप्लोमा** | १६६ | १३% |
| **स्नातक तह** | ५७६ | ४६% |
| **स्नातकोत्तर वा माथी** | ४८१ | ३८% |

| | | |
|---|---|---|
| **जम्मा** | १२५० | १००% |

स्रोत : TVET सँस्थाहरुको सर्वे, २०२५

प्रशिक्षकहरूको योग्यता विश्लेषण गर्दा ४६ प्रतिशत स्नातक र ३८ प्रतिशत स्नातकोत्तर वा सो भन्दा माथिको योग्यता भएका छन् । प्रशिक्षणमा समर्पित मानवश्रोतको शैक्षिक पृष्ठभूमि सशक्त रहेको देखिन्छ । यद्यपि १३ प्रतिशत प्रशिक्षक डिप्लोमा तहमा सीमित छन् जसले केही सङ्ख्याको शैक्षिक अवस्था न्यून रहेको देखाउँछ । तर यी जनशक्तिले प्राविधिक अभ्यासमा आधारित विषयमा व्यावसायिक दक्षता दिइरहेको अवस्था र २ प्रतिशत मात्र प्रि-डिप्लोमा योग्यता भएका प्रशिक्षक हुनु भनेको धैरैजसो प्रशिक्षकहरूले आधारभूत शैक्षिक योग्यता पुरा गरेको अवस्था देखाउँछ ।

**तालिका 47 : प्रशिक्षकको औद्योगिक अनुभव**

| औद्योगिक अनुभव | सङ्ख्या | % |
|---|---|---|
| एक वर्षभन्दा कम | २७५ | २२% |
| एक वर्षभन्दा बढी | २४५ | २०% |
| दुई वर्षभन्दा बढी | ३३९ | २७% |
| पाँच वर्षभन्दा बढी | २७९ | २२% |
| १० वर्षन्दा बढी | ११२ | ९% |
| **जम्मा** | १२५० | १००% |

स्रोत : TVET सँस्थाहरुको सर्वे, २०२५

प्रशिक्षकहरूको व्यावसायिक (औद्योगिक) अनुभव विश्लेषण गर्दा कुल ४९ प्रतिशत प्रशिक्षकसँग दुई वर्षभन्दा बढी अनुभव छ जसमा ९ प्रतिशत प्रशिक्षकसँग १० वर्षभन्दा बढी अनुभव छ । तर २२ प्रतिशत प्रशिक्षक एक वर्षभन्दा कम अनुभव भएका पनि छन् जसले व्यवहारिक तालिमको गुणस्तरमा असर पुऱ्याउन सक्ने सम्भावना हुन्छ । व्यावसायिक शिक्षा अभ्यासमुखी हुनुपर्ने भएकाले औद्योगिक अनुभव भएका प्रशिक्षकहरू नै सो कुरालाई शिक्षण सिकाइमा ल्याउन सक्षम हुन्छन् । त्यसैले औद्योगिक अनुभव नभएका प्रशिक्षकहरूलाई उद्योगमा इन्टर्नशिप वा exposure कार्यक्रम मार्फत पनि उनीहरुको सीप प्रशिक्षणलाई थप प्रभावकारी बनाउन सकिन्छ ।

समग्रमा शिक्षालयहरूमा कार्यरत प्रशिक्षकहरू शैक्षिक रूपमा प्रभावकारी देखिए तापनि लैङ्गिक असमानता र सीमित औद्योगिक अनुभव चुनौतीका रूपमा देखिन्छ । महिला प्रशिक्षकको सीमित उपस्थिति तथा अनुभव नभएका प्रशिक्षकहरूको हिस्सा उच्च हुनुले सीप तालिममा समावेसीता र व्यवहारिकता दुवैमा सीमितता रहन सक्ने संकेत गर्दछ । TVET प्रणालीमा सुधारका लागि प्रशिक्षकहरूका लागि निरन्तर व्यावसायिक विकास कार्यक्रम (CPD), महिला लक्षित भर्ना नीति, र औद्योगिक अभ्यास (Industrial exposure) आवश्यक देखिन्छ ।

### ५.७ कार्यक्रम सङ्ख्या (Number of Programs)

TVET शिक्षालयको क्षमता र पहुँचको मापन गर्न एउटा महत्त्वपूर्ण सूचक भनेको त्यहाँ सञ्चालित तालिम कार्यक्रमहरूको संख्या पनि हो । एउटा शिक्षालयमा सञ्चालन हुने कार्यक्रमको संख्या त्यस शिक्षालयको विषयगत विस्तार, स्रोत, पूर्वाधार र प्रशिक्षक उपलब्धतासँग प्रत्यक्ष सम्बन्धित हुन्छ । तालिका ४८ मा शिक्षालयहरूमध्ये हरेकमा सञ्चालित कार्यक्रमको संख्या विवरण प्रस्तुत गरिएको छ ।

**तालिका 48 : कार्यक्रम सङ्ख्या**

| कार्यक्रम सङ्ख्या | शिक्षालय | % |
|---|---|---|
| १ | ७१ | ६०% |
| २ | १५ | १३% |
| ३ | ११ | ९% |

| | | |
|---|---|---|
| ४ | ८ | ७% |
| ५ | ७ | ६% |
| ६ | २ | २% |
| ७ | १ | १% |
| ९ | २ | २% |
| १० | १ | १% |
| **जम्मा** | ११८ | १००% |

स्रोत : TVET सँस्थाहरुको सर्वे, २०२५

तालिका ४८ अनुसार ६० प्रतिशत शिक्षालयहरूमा एउटा मात्र कार्यक्रम मात्र सञ्चालनमा छ। यसको अर्थ ती शिक्षालयहरू सीमित स्रोत र क्षमता भएका हुनसक्छन् भन्ने अनुमान गर्न सकिन्छ यसले गर्दा शिक्षालयहरूले विषयगत विविधता प्रदान गर्न नसक्ने अवस्था बनाउँछ। यो स्थिति विशेष गरी साना वा ग्रामीण क्षेत्रका शिक्षालयहरूमा हुने सम्भावना पनि उत्तिकै छ जहाँको आवश्यकता एउटै कार्यक्रमले पनि पूरा गर्न सक्छन्। त्यसैगरी दुइ-तिनवटा कार्यक्रम सञ्चालन गर्ने शिक्षालयहरू २२ प्रतिशत छन् जसले कार्यक्रमको सन्तुलित विस्तारतर्फ संकेत गर्छ। थोरै शिक्षालयहरू (७ प्रतिशतभन्दा कम) मा पाँचवटा भन्दा बढी कार्यक्रम सञ्चालित छन्। विशेषतः ९-१० वटा कार्यक्रम सञ्चालन गर्ने शिक्षालयहरू अत्यन्त न्यून (३ शिक्षालय मात्र) छन् जसले ती शिक्षालयमा उच्च श्रोतसाधन, विविध प्रशिक्षक र सुविधा सम्पन्न संरचना भएको संकेत गर्दछ। यसले प्रदेशका अधिकांश शिक्षालयहरू सीप तालिमको पहुँच त दिन सक्ने अवस्थामा रहेका छन् तर विषयगत गहिराइ र विकल्पको दृष्टिले अझै सीमितता देखाउँछ। यसले सिक्ने अवसर, रोजगारीका सम्भावना र प्रशिक्षार्थी छनौट क्षमतामा असर पार्न सक्ने देखिन्छ।

### ५.८ असल अभ्यासहरू (Good Practices)

TVET प्रणालीको प्रभावकारिता केवल पाठ्यक्रम वा पूर्वाधारमा मात्र निर्भर नभई शिक्षालयहरूले अपनाएका असल अभ्यासहरू जस्तै विज्ञ प्रशिक्षकको नियमित प्रशिक्षणमा सहभागिता, कार्यस्थलमा आधारित सिकाइ, रोजगारी सञ्जाल तथा उद्योगसँगको समन्वय, यी सबैले तालिमलाई अझ व्यवहारिक, सान्दर्भिक र रोजगारोन्मुख बनाउँछ। तालिका ४९ मा शिक्षालयहरूले अपनाएका त्यस्ता अभ्यासहरूको अवस्था प्रस्तुत गरिएको छ।

**तालिका 49 : असल अभ्यासहरू**

| विभिन्न अभ्यासहरू | सधैँ | प्रायजसो | कहिलेकाहीँ | विरलै |
|---|---|---|---|---|
| **अतिरिक्तरूपमा विज्ञ प्रशिक्षकहरूको व्यवस्था (n=११८)** | ४% | २३% | ४९% | २४% |
| **Apprenticeship/OJT जस्ता कार्यस्थलको अभ्यास (n=११३)** | ४१% | ४०% | १२% | ७% |
| **प्रशिक्षार्थीहरूलाई रोजगारीको अवसर प्रदान (n=११६)** | १२% | ३४% | ४१% | १४% |
| **उद्योग सञ्चालनका लागि श्रम शक्तिको माग (n=११६)** | ५% | १६% | ४३% | ३६% |

स्रोत : TVET सँस्थाहरुको सर्वे, २०२५

धेरैजसो शिक्षालयहरूले कार्यस्थलको अभ्यास (Apprenticeship/OJT) गरेकाछन्। कुल शिक्षालयको ८१ प्रतिशत शिक्षालयहरू (४१% सधैं, ४०% प्रायजसो) यस्ता अभ्यासमा संलग्न छन्। सीपको व्यवहारिक पक्ष बलियो बनाउने र रोजगारीमा सजिलो स्थानान्तरण गर्न सहयोग गर्ने अभ्यास भएका कारण यस खालको अभ्यासलाई सकारात्मक रूपमा लिन सकिन्छ। त्यस्तै प्रशिक्षार्थीलाई रोजगारीको अवसर प्रदान गर्ने प्रयासमा केवल १२% शिक्षालयहरूले नियमित रूपमा यस्तो अभ्यास गर्ने जनाएका छन् भने ४१% ले कहिलेकाहीँ मात्र यस्तो अभ्यास गर्ने बताएका छन्। यसले शिक्षालयहरूमा रोजगार सञ्जाल र उद्योग सम्पर्क प्रणाली अझै बलियो बनाउन र Career /Placement counseling and Marketing Unit(PCMU) लाई अझ व्यवस्थित बनाउनु आवश्यक रहेको देखाउँछ। विज्ञ प्रशिक्षकको व्यवस्था पनि निक्कै थोरै शिक्षालयले गरेको पाइयो जसमा ४% सधैं यस्तो अभ्यास गर्छन् भने ४९% ले कहिलेकाहीँ मात्र गर्छन्। सबैभन्दा न्यून

अभ्यास उद्योगसँग श्रम शक्तिको औपचारिक माग गर्ने प्रक्रियामा देखिन्छ। केवल ५% शिक्षालयले सधैं यो अभ्यास गर्छन् भने ३६% ले विरलै मात्र गर्छन्। यसले TVET प्रणाली उद्योगको मागअनुसार मानवश्रोत उत्पादन गर्न समन्वयात्मक रूपमा कार्य गर्न अझै खाँचो रहेको कुरा बुझाउँछ।

# परिच्छेद ६

# निश्कर्ष र सुझाव (Conclusion and Suggestion)

कोशी प्रदेश नेपालको एक सामाजिक, भौगोलिक तथा आर्थिक विविधता सम्पन्न प्रदेश हो । यस प्रदेशमा श्रमशक्ति प्रचुर मात्रामा उपलब्ध भए पनि सीपयुक्त जनशक्ति उत्पादन, त्यसको प्रभावकारी उपयोग र दीगो रोजगारीको सुनिश्चिततामा अझै संरचनात्मक, नीतिगत र व्यावहारिक चुनौतीहरू विद्यमान छन् । प्रस्तुत वस्तुगत विवरणका आधारमा प्राप्त तथ्यांक तथा सरोकारवालासँगको परामर्शद्वारा विश्लेषण गर्दा निम्न निष्कर्षहरू प्रस्तुत गर्न सकिन्छ ।

## ६.१ निष्कर्ष (Conclusion)

कोशी प्रदेशमा हाल २२५ भन्दा बढी प्राविधिक शिक्षालय सञ्चालनमा छन् जसले राष्ट्रिय सन्दर्भमा उल्लेख्य उपलब्धि हो । यी शिक्षालयहरू प्रदेशका सबै भूगोलमा समान रूपमा वितरित छैनन् । विशेष गरी ताप्लेजुङ, संखुवासभा र भोजपुरजस्ता दुर्गम जिल्लाहरूमा अझै संस्थागत पहुँचको अभाव छ । स्थानीय तहगत रुपमा हेर्दा १४ भन्दा बढी तहहरूमा कुनै पनि TVET शिक्षालय छैन । यसले सीपको समावेशी विस्तारमा चुनौती सिर्जना गरेको छ । CTEVT अन्तर्गत सञ्चालित शिक्षालयहरूमा कुल भर्ना क्षमता १६,१५४ जनाको भए पनि हालसम्मको भर्ना संख्या यस क्षमताको ३० प्रतिशतभन्दा पनि कम छ । यसले जनचेतना अभाव, कार्यक्रमहरूको प्रचार प्रसारमा कमी वा शिक्षा तथा तालिम रोजगारी मूलक नभएको जनाउँछ । यस अध्ययन अनुसार TVET स्नातकहरूको करिब ६०% मात्र रोजगारीमा संलग्न छन् ।
सीप परीक्षण लगायतका केही क्षेत्रमा महिलाको सहभागिता पुरुषभन्दा बढी देखिएको छ (५३.९% महिला र ४६.१% पुरुष) जुन सकारात्मक संकेतको रुपमा लिन सकिन्छ । तर समग्र TVET शिक्षामा महिलाको सहभागिता, विशेष गरी इन्जिनियरिङ, निर्माण वा आईटी जस्ता विषयमा उल्लेख्य रूपमा कम छ । अझै पनि महिलाहरू प्रायः स्वास्थ्य, सौन्दर्य, सिलाइ/कटाइ वा घरेलु क्षेत्रमा सीमित देखिन्छन् जसले दीगो आर्थिक स्वायत्तता प्राप्त गर्न चुनौती थपिएको छ ।

अध्ययनले रोजगारी सिर्जना गर्ने उद्योग र क्षेत्रहरूको मागमा निर्माण, होटल व्यवस्थापन, सूचना प्रविधि र अटोमोबाइलजस्ता क्षेत्र अगाडि छन् भनी देखाएको छ । तर शिक्षालयहरूबाट उत्पादन हुने मानवश्रोतको सीप र श्रम बजारको मागबीच तालमेल अझै बढाउनुपर्ने देखिन्छ ।

संघीयताको कार्यान्वयनसँगै प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम क्षेत्रले नयाँ अवसरहरू पाएको भए पनि प्रदेशस्तरीय स्पष्ट नीति, कार्ययोजना, नियमावली र संस्थागत संयन्त्र अझै पूर्णरूपमा स्थापना भइसकेको छैन । यसले संघीय र स्थानीय तहबीचको समन्वयमा अस्पष्टता ल्याएको छ ।

युवाहरूको ठूलो हिस्सा वैदेशिक रोजगारीमा जाने प्रवृत्ति देखिएको छ विशेष गरी खाडी मुलुक र मलेसिया जस्ता देशमा । विदेश जानेको शैक्षिक पृष्ठभूमि हेर्दा धेरैजसोले प्राविधिक वा सीपमूलक तालिम नलिएका छन् जसले रोजगारीको गुणस्तर र तलबमा असर पार्दछ । यसले TVET कार्यक्रमहरूलाई वैदेशिक रोजगारी पूर्व तालिमको रुपमा पनि पुनर्विचार गर्नुपर्ने अवस्था देखाएको छ । महिला उद्यमशीलता र वित्तीय पहुँचको अवस्था विश्लेषण गर्दा अधिकांश महिला अझै पनि अनौपचारिक, कम तलब र घरेलु कार्यमा सीमित छन् । उनीहरूको वित्तीय पहुँच, बैंकिङ पहुँच र सम्पत्तिमा स्वामित्व कम हुनुले आर्थिक स्वायत्तता कमजोर बनाएको छ ।

## ६.२ सुझावहरू (Suggestions)

प्राप्त निष्कर्षका आधारमा कोशी प्रदेशमा TVET प्रणालीलाई सुदृढ, समावेशी र श्रम बजारसँग जोडिएको बनाउने निम्न सुझावहरू प्रस्तुत गरिन्छ;

१. **स्पष्ट प्रादेशिक नीति र रणनीतिक रूपरेखा:** कोशी प्रदेशमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम (TVET) सम्बन्धी नीति, रणनीति, कानुन तथा कार्ययोजना तयार गरिनु आवश्यक देखिन्छ । यस्ता नीतिगत दस्तावेजहरूले दीर्घकालीन लक्ष्य निर्धारण, क्षेत्रगत आवश्यकता पहिचान, र समावेशी पहुँच सुनिश्चित गर्न मार्गदर्शन गर्ने अपेक्षा गर्न सकिन्छ ।

२. **संस्थागत पहुँच विस्तार:** स्थानीय तहहरूमा संस्थागत पहुँचका लागि एक अर्कामा सहकार्य हुन जरुरी छ विशेष गरी हिमाली र सिमान्तकृत क्षेत्रहरूमा जहाँ जनसङ्ख्या न्यून रहेको देखिन्छ । पूर्वाधार निर्माण PPP (Public–Private Partnership) मोडेल मार्फत गर्न सकिने सम्भावना देखिन्छ ।

३. **श्रम-बजारमैत्री पाठ्यक्रम विकास:** श्रम बजारको माग, औद्योगिक आवश्यकता र रोजगारदातासँगको परामर्शमा आधारित पाठ्यक्रम विकास गरिनु आवश्यक देखिन्छ । निजी क्षेत्रको सक्रिय सहभागिताबाट पाठ्यक्रम निर्माण, समीक्षा तथा कार्यान्वयन प्रक्रियामा सुधार ल्याउन सकिने सम्भावना छ ।

४. **महिला तथा विपन्न लक्षित कार्यक्रम:** महिला, दलित, जनजाति, मधेसी तथा पिछडिएका समुदायलाई लक्षित गरी छात्रवृत्ति, आवासीय तालिम, लैङ्गिकमैत्री तालिमस्थल र लचिलो समय तालिका व्यवस्था गरिनु उपयुक्त देखिन्छ । यसले सहभागिता दरमा उल्लेखनीय वृद्धि हुने अपेक्षा गर्न सकिन्छ ।

५. **तालिमपछि रोजगारीसँगै जोडिएको प्रणाली:** TVET कार्यक्रमहरूमार्फत OJT (On-the-Job Training), Apprenticeship तथा Career Counseling जस्ता विषयवस्तुहरू समावेश गरिनु आवश्यक देखिन्छ । साथै तालिम पछि रोजगारीको ट्र्याकिङ गर्न सक्षम MIS प्रणालीको विकास र कार्यान्वयन गर्नु उपयुक्त हुने देखिन्छ ।

६. **डेटा व्यवस्थापन, अनुगमन र मूल्यांकन:** TVET प्रणालीको प्रभावकारिता मूल्याङ्कन गर्न नियमित अनुगमन, डेटा विश्लेषण तथा प्रतिवेदन निर्माण प्रक्रिया व्यवस्थित गरिनु आवश्यक देखिन्छ । तालिम दाता संस्थाको गुणस्तर मापन गर्न डिजिटल प्रणाली (EMIS वा TVET MIS) को प्रयोग प्रभावकारी विकल्प हुन सक्छ ।

७. **उद्यमशीलता विकास कार्यक्रम:** स्वरोजगार तथा सूक्ष्म उद्यम प्रवर्द्धनका लागि सरकार, बैंक र विकास साझेदारहरूको साझेदारीमा "Start-up Incubation" र "Business Coaching" कार्यक्रम सञ्चालन गरिनु उपयुक्त देखिन्छ । यस्ता कार्यक्रमहरूले प्रशिक्षार्थीहरूलाई आत्मनिर्भर बन्न सहयोग पुर्‍याउने अपेक्षा गर्न सकिन्छ ।

८. **वैदेशिक रोजगारी सन्दर्भमा सीप अनुकूल तालिम:** विदेश जान चाहने श्रमिकहरूको लागि ट्रान्जिसनल सीप तालिम (soft skills, basic English, safety norms आदि), सर्टिफिकेसन तथा ओरियन्टेसन कार्यक्रम सञ्चालन गरिनु आवश्यक देखिन्छ । यसले वैदेशिक श्रमिकको क्षमता, आत्मसम्मान तथा आम्दानीमा सकारात्मक प्रभाव पार्न सक्ने देखिन्छ ।

९. **निजी क्षेत्र र उद्योगीहरूसँग समन्वय:** TVET कार्यक्रमहरूलाई श्रम बजारसँग प्रभावकारी रूपमा जोड्न नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI), उद्योग संगठन मोरङ(CIM), उद्योग परिसंघ मोरङ(CNI), क्षेत्रीय होटल संघ, कम्प्युटर एसोसियसन नेपाल-कोशी प्रदेश, चेम्बर अफ कमर्स, तथा व्यापार संघहरूसँग नियमित परामर्श र साझेदारी गरिनु उपयुक्त देखिन्छ । उद्योगहरूलाई तालिमदाता तथा रोजगारीदाता दुवै भूमिकामा परिचालन गर्न सकिने सम्भावना छ ।

१०. **अनौपचारिक श्रमको औपचारिककरण:** Recognition of Prior Learning (RPL), bridging course, तथा सीप परीक्षणका माध्यमबाट अनौपचारिक क्षेत्रमा संलग्न जनशक्तिको सीप प्रमाणिकरण गरी औपचारिक श्रम बजारमा रूपान्तरण गरिनु उपयुक्त देखिन्छ । यसले सीपयुक्त जनशक्तिको प्रभावकारी उपयोगमा सहयोग पुर्‍याउनेछ ।